# Joy of Living

# जीवनको आनन्द

## बाइबल अध्ययन

Enriching lives through the study of God's Word

# याकूबको पुस्तक

सप्ताहीक टिप्पणी

र

दैनिक अध्ययनका प्रश्नहरू संग्रह गरीएको

आठ पाठ अध्ययन

## काथि रोल्यान्ठद्वा

### टिप्पणी र प्रश्नहरु


अनुवादक : सावित्रा भागस (भण्डारा)

नेपाल इभान्जलीकल मिसन, हेटौंडा

# याकूबको पुस्तक

सप्ताहीक टिप्पणी

र

दैनिक अध्ययनका प्रश्नहरू संग्रह गरीएको

आठ पाठ अध्ययन


## काथि रोल्यान्ठद्वारा

टिप्पणी र प्रश्नहरू

अनुवादक : सावित्री भर्गीस (भण्डारी)

नेपाल इभान्जलीकल मिसन, हेटौंडा



जीवनको आनन्द

बाइबल अध्ययन

Published by Joy of Living Bible Studies
Nepal Evangelical Mission
GPO Box No. 01, Hetauda

Printed at: Kishor Offset Press (P.) Ltd.
Thamel, Kathmandu.

The commentary portion of these lessons is based loosely on a study on James written by Doris W. Greig, and previously published in looseleaf format, © 1990, as part of the Joy of Living study titled *Romans, James & Ephesians.*

Unless otherwise noted, all Scripture quotations in these lessons are from the Holy Bible, New International Version (North American Edition).
Copyright © 1973, 1978, 1984 by International Bible Society. Used by permission.

The Bible text designated Phillips is from The New Testament in Modern English by J.B. Phillips, Copyright © 1958, 1959, 1960, 1972 by J.B. Phillips, Used by permission.

---

## जीवनको आनन्दको विषयमा

जीवनको आनन्दले ३५ वर्ष भन्दा अघिदेखि संसार भरिका मानिसहरुलाई परमेश्वरको वचनको ठिक आधारित अध्ययनलाई प्रभाशालीसंग स्थापना गर्दै आएको छ ।

इभान्जलिकल र अन्तर सम्प्रदाय, जीवनको आनन्द सम्प्रदाय र संस्कृतिक बाधाहरु पार गर्दछ र परमेश्वरको प्रेरणाको वयान, बाइबलका साधारण शुद्ध सत्यताहरुद्वारा जीवन सम्मै पुग्छ ।

अध्यनहरु दुवै औपचारीक र अनौपचारकि संगतीहरुका साथै व्यतीगत अध्ययनका लागि मिल्दा छन् । हरेक पाठमा ऐतिहासिक पृष्ठभूमी, टिप्पणी र एक साताका व्यक्तीगत प्रयोगका प्रश्नहरु छन् जसले अध्ययन गर्ने व्यतीलाई परमेश्वरको वचनबाट ताज़ा गहिरो शिक्षाहरुतिर अगुवाइ गर्छ । पुरानो र नयाँ नियमका थुप्रै कितावहरुवाट पाठहरु छन् । छानिएका पाठहरु विदेशी भाषाहरुमा पनि उपलब्ध छन् । वृस्तित जानकारीको लागि जीवनको आनन्दमा सम्पर्क गर्नुहोस ।

जीवनको आनन्द बाइबल अधयन डोरीस डवल, ग्रेइजले १९७१ मा शुरु गरे र बढ्दैगएर युनियन का थुप्रै देशहरुमा र धेरै बिदेशी देशहरुमा पनि पढाई संचालन भयो ।

# विषय सूचि


जीवनको आनन्दको विषयमा २
कसरी जीवनका आनन्दका विषयवस्तुहरू प्रयोग गर्ने ४
पाठ – १
टिप्पणी : याकूबको पत्रको परिचय ५
प्रश्नहरू : याकूब १:१–१२ ७
पाठ – २
टिप्पणी : याकूब १:१–१२ ११
प्रश्नहरू : याकूब १:१३–२७ १४
पाठ – ३
टिप्पणी : याकूब १:१३–२७ १८
प्रश्नहरू : याकूब २:१–१३ २१
पाठ – ४
टिप्पणी : याकूब २:१–१३ २५
प्रश्नहरू : याकूब २:१४–२६ २८
पाठ – ५
टिप्पणी : याकूब २:१४–२६ ३२
प्रश्नहरू : याकूब ३ ३५
पाठ – ६
टिप्पणी : याकूब ३ ३९
प्रश्नहरू : याकूब ४ ४२
पाठ – ७
टिप्पणी : याकूब ४ ४६
प्रश्नहरू : याकूब ५ ४९
पाठ – ८
टिप्पणी : याकूब ५ ५३

## कसरी जीवनको आनन्दको विषयवस्तुहरू प्रयोग गर्ने

यो अद्धितीय बाइबल अध्ययन, बाइबलको वारेमा केहि पनि नजान्ने मानिसहरूले प्रयोग गर्न सक्छन् र साथै धेरै ज्ञान भएका खीष्टियनहरूले पनि। हरेक व्यक्ति परमेश्वरका वचनमा शिक्षण र अनुशासन हुन्छ, र धेरैले अध्ययन गर्दै जाँदा येशूसंग व्यक्तिगत सम्बन्ध विकास गर्दछन्।

जीवनको आनन्द हरेक व्यक्तिले बाइबल खोल्नु पर्ने विचारमा आधारित छ र पवित्र आत्माद्वारा परमेश्वरलाई तिनीहरूसंग बोल्न दिन्छन्, परमेश्वरको वचन तिनीहरूको खाँचो, मौकाहरू, तिनीहरूका परिवार, मण्डली, काम, समाज र ठुलो संसारमा प्रयोग गर्दछन्।

यस अध्ययनका लागि बाइबल मात्र आवश्यक पर्छ। जवकी टिप्पणीहरू मद्दत सहयोगी हुन सक्छ, तर यहाँका प्रश्नहरूको उत्तर दिँदा विद्यार्थीहरूलाई टिप्पणी पढ्न सुझाव दिइदैन। पवित्र आत्माले बाइबलको खण्डद्वारा अगुवाइ गर्न दिनु आवश्यक छ, र त्यसलाई तिनीहरूको हृदय र जीवनमा प्रयोग गर्न आवश्यक छ।

पाठका प्रश्नहरूको उत्तर दिइसकेपछि अरु अध्ययन गर्न टिप्पणीको प्रयोग गर्न सकिन्छ।

पहिलो पाठमा किताबको परिचय र पहिलो हप्तामा दैनिक प्रश्नहरू समावेस छन। कुनै प्रश्नहरू सजीला छन र केही गहिरा प्रश्नहरू अगृगतका लागि हुन। हरेक व्यक्ति बाइबलका पाठद्वारा प्रार्थना गर्दै र तिनीहरूको जिवनमा सत्यको प्रयोग को निम्ती परमेश्वरको अगूवाइ माग्दै काम गर्छ। (अर्को पाठले बाइबलका खण्डहरूको टिप्पणीलाई अध्ययनका प्रश्नहरू समावेश गर्छ।)

### झुण्डमा प्रयोगको निम्ती :

दैनिक व्यक्तिगत अध्ययन सिद्धिएपछि कक्षा एक ठाउँमा जम्मा हुन्छन जहा तिनीहरूसंगै प्रार्थना गर्छन् र तिनिहरूले पाठका प्रश्नहरूको के उत्तर लेखेका छन् ति समस्याको समाधान गर्दै र पाठको भित्रि शिक्षामा छलफल गर्दछन्।

सानो झुण्ड छलफलका अगुवाले झुण्डलाई व्यक्तिगत समयस्यामा मात्र नभई बाइबल सत्यतामा केन्द्रित रहन मदत गर्दछन्। विद्यार्थीले मात्रै तिनीहरूको आफ्नो उत्तर हेर्छन र उनीहरूलाई वाडन सजिलो लाग्ने कुरा मात्र वाडछन्।

साना झुण्डमा प्रार्थना र छलफल गरीसके पछि तिनिहरू ठुलो सभामा भेट्छन् जहाँ शिक्षकले वितेका हप्ता भरी सानो झुण्डले अध्ययन गरी सकेको पाठमा महत्त्वपूर्ण शिक्षा दिन्छन्। शिक्षकले पाठलाई अझै सरल बनाउछन् र सदस्यहरूलाई अझै समर्पित जिवन जीउन चुनौति दिन्छन्। घरमा विद्यार्थीहरूले अर्को पाठ सुरु गर्छन र पहिलो पाठको टिप्पणी नोटहरू र नयाँ पाठका प्रश्नहरू अध्ययन गर्दछन्।

# याकूब

# पाठ - १

जीवनको आनन्द
बाइबल अध्ययन

## याकूबको पत्रको परिचय

याकूबको पुत्र यहूदी ख्रीष्टियनहरूलाई लेखिएको हो जो "संसार भरीनै छरीएका थिए" (याकूब १:१)। यिनीहरू शुरुको यरुशलेम मण्डलीका विश्वासीहरू थिए जो स्तिफनस मृत्यु पछि फोनिके, साइप्रस र एन्टिओखिया[1] (सिरीयाको) सम्म फैलिएका थिए (हेर्नुहोस् प्रेरित २:५-१२, ८:१, ११:९)। याकूबको परीक्षा र सतावटको शिक्षाले दुःखका अनुभव गरिरहेका विश्वासीहरूलाई ठुलो उत्साह भएको हुनुपर्छ।

याकूबको पुस्तक नयाँ नियमको पुरानो किताव मध्यको एक हो जुन येशू ख्रीष्टको मृत्यु पछि २० देखी ३० बर्ष भित्रमा लेखिएको हो। यो पुस्तक खास गरी यहूदी बिश्वासीहरूलाई लेखिएको कारण यो हो कि त्यसवेला पुरै मण्डली यहूदी नै थियो। अन्य जातिहरूका बीचमा सुसमचार फैलिएको थिएन।

## याकूबको पत्रका लेखक

लेखकले आफुलाई "याकूब" भनेर परिचय दिए। नयाँ नियममा चार जना मानिसका नाम "याकूब" उल्लेख गरिएको छ।

क) याकूब येशूका भाइहरूमध्य एक (मत्ती १३:३५)
ख) जब्दियाका छोरा याकूब, प्रेरितहरूमध्ये एक (मत्ती १०:२)
ग) अल्फयसका छोरा याकूब, अर्को चेला प्रेरित (मत्ती १०:३)
घ) याकूब "सानो" (मर्कूस १५:४०)

जुन प्रभावले लेखकले लेखेका थिए त्यस्तो प्रभाव अल्फयसका छोरा याकूब र सानो याकूबको थिएन त्यसकारण ति दुई लेखक हुन सकेनन्।[2]

जब्दिया छोरो याकूब, उसका भाइ युहन्ना र साथी पत्रुस येशूका तिन करिब चेलाहरू थिए (उदाहरण मर्कूस ९:२, येशूले आफ्ना रुप परिवर्तनको समयमा आफुसंग लान छान्नु भयो)। यी तिन प्रेरितहरू पछि यरुसलेम मण्डलीका 'खम्बा' भनेर चिनिए (गलाती २:९)। यसकारण जब्दिया छोरा याकूबका प्रभाव यहाँ थियो, तर उनी यो किताब लेख्नु भन्दा पहिला नै ए.डी. ४४ मा सहिद भए।[3]

त्यसकारण, लेखक शायद येशूका भाइ याकूब हुनुपर्छ। शुरुमा याकूब र तिनका भाइहरूले येशूमा विश्वास गरेनन्, तिनीहरूले उहाँलाई चुनौति दिए र उहाँको मिसन बुझ्नेनन् (यहून्ना ७:२-५)। तर, १ कोरिन्थी १५:७ ले भन्छ, पुनरुत्थान पछि येशू याकूब कहाँ र त्यसपछि सबै चेलाहरू कहाँ देखा पर्नुभयो। याकूब र तिनका भाइहरूले विश्वास गरे (प्रेरित १:१४ हेर्नुहोस्) र उनी विस्तारै यरुसलेम मण्डलीमा स्थायी भए (हेर्नुहोस् प्रेरित १५:१३, २१:१८, गलाती १:१८-१९)। याकूब तितर वितर भएका यहूदी विश्वासीहरूसंग शारीरिक रूपमा उपस्थित नभएता पनि उनले तिनीहरूलाई उनीहरूको पास्टरको रूपमा उनीहरूलाई आ-आफ्ना जीवनमा परिवर्तन र तिनीहरूको एक आपसको सम्बन्धमा हुनुपर्ने आवश्यक परिवर्तनलाई पुष्ट्याएर पत्र लेखे।

## सत्य विश्वासका चिन्हहरू :

याकूबको किताब ति ख्रीष्टियनहरूलाई गराउन र सच्याउनका लागि लेखिएको हो, जसले जीवनमा विश्वासीका गुणहरू देखाएनन्। ख्रीष्ट तिनीहरूका जीवनको प्रभु हुनुभएन। तिनीहरूले विश्वास गर्छौं त भने तर तिनीहरूको कामद्वारा तिनीहरूको विश्वास देखाएनन्, त्यो झुटो विश्वास थियो। तिनीहरू ख्रीष्टको सेवा गर्छौं त भन्थे तर तिनीहरूको जिवनशैली आफैमा केन्द्रित थियो।

याकूबले एकदमै स्पष्टसँग विश्वासका चिन्हहरू देखाए - अभिन्न विशिष्ट स्वभावहरू ख्रीष्ट कहाँ आफ्नो पापको क्षमा माग्न आउनेहरूलाई दिइएका छन् सो देखाए। हामी ती स्वभावको बारेमा अध्ययन गर्नेछौं जुन परमेश्वर केवल हामीलाई दिनुहुन्छ। हर एक विश्वासीको निम्ती उपलब्ध केही गुणहरू तल उल्लेखित छन् :

- कष्टहरूको विचमा हुने आनन्द र धैर्यता
- परिक्षामा विजय साथ रहने
- सबै अवस्थामा हामी के बोल्छौं ध्यान दिने
- हाम्रो समय र चिजहरू उद्धार चित्तले दिने
- सधै परमेश्वरबाट सत्यको खोजी गर्ने
- पवित्र आत्माले भरिएर असल काम गर्ने

1. Frank E. Gaebelein, editor. *The Expositor's Bible Commentary* (Grand Rapids: Zondervan, 1990). See "Introduction: Destination."
2. Kenneth Barker, editor. *The NIV Study Bible* (Grand Rapids: Zondervan, 1985). See Introduction to James: Author.
3. *The Expositor's Bible Commentary.* See "Introduction: Authorship."

## साँचो विश्वास साच्ची नै काम गर्छ

याकूबको कितावको मुख्य उद्देश्य साँचो विस्वासको नतिजा असल काम हो भनेर प्रमाण गर्नु हो - उद्धार पाउनका लागि त होइन तर वचाउने विश्वासको प्रमाणको रूपमा हो। असल कामहरू र ख्रीष्टको निम्ती आज्ञाकारीताको जीवनको छलफल गर्दा यो ध्यान दिनु पर्छ की उद्धार कामद्वारा पाउने होइन। हामी एफिसी २:८-९ मा पढ्छौ, "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो- कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ।"

यो पवित्रआत्माद्वारा परमेश्वरको अनुग्रह हो जसले कुनै पनि काम गर्न शक्ति दिन्छ उहाँले तपाईलाई येशू ख्रीष्टमा विश्वासी भएको कारणले काम गर्न वोलाउनु हुन्छ। जसरी परमेश्वरले जकरिया ४:६ मा घोषणा गर्नु भयो, जुन काम गर्न परमेश्वरले आफ्ना मानिसहरूलाई वोलाउनु भयो सो पुरा गर्नेछन्, "नत बलले न शक्तिले, तर मेरो आत्माले"।

हामी कामद्वारा होइन विश्वासद्वारा अनुग्रह पाएर बाचेका भन्ने पुष्टि भएपछि, यो कुरा पनि टिप्पणी गर्न आवश्यक छ की हामी काम गर्न बचाइएका हौ। अनुग्रहद्वारा उद्धार भन्ने महान खण्डको लगतै पछाडीका पदले भन्छ, "किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी ती बमोजिम हिँडौ भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो" (एफिसी २:१०)।

येशू ख्रीष्टमा तपाईको विश्वास घोषणा गर्न वा पुष्टि गर्नका निम्ती, साथसाथै परमेश्वरलाई तपाईद्वारा काम गर्न दिने तपाईको इच्छा जाहेर गर्न यी पदहरूमा तपाईका नाम किन नलेख्ने त ? सायद यो तपाईको प्रार्थना गर्ने र आफैलाई र आफ्नो दिनलाई परमेश्वरमा समर्पण गर्न उहाँले तपाईको यो दिनको निम्ती तयार गरेको असल काम तपाईलाई देखाउन परमेश्वरसंग माग्ने यो असल समय हुन सक्छ। परमेश्वरलाई थाहा होस् कि तपाई आज परमेश्वरको निम्ती प्राप्तव्य हुनुहुन्छ।

# अध्ययनका प्रश्नहरू

**तपाई यस हप्ताको अध्ययन शुरू गर्नु भन्दा पहिला :**

- परमेश्वरसंग पवित्रआत्माद्वारा तपाईसँग बोल्नु होस भनेर प्रार्थना गर्नुहोस् र माग्नुहोस् ।
- तपाईको उत्तरको निम्ती वाइबल मात्र प्रयोग गर्नुहोस् ।
- तपाईको उत्तर र तपाईले प्रयोग गरेको पद लेख्नुहोस् ।
- चुनौतीपूर्ण प्रश्नहरू तिनीहरूका निम्ती हुन जससंग समय छ र गर्न चाहन्छ ।
- व्यक्तिगत प्रश्नहरू यदि तपाईको इच्छा भए कक्षामा अरुलाई भन्न सक्नु हुन्छ ।
- तपाई पढ्दै जाँदा, यो हप्तामा कण्ठ गर्ने पदको खोजी गर्नुहोस् ।

## पहिलो दिन : याकूबको परिचय पढ्नुहोस् ।

१) याकूबको परिचयबाट र तपाईको शिक्षकको सिकाईबाट के अर्थपुर्ण अथवा नयाँ विचार पाउनु भयो ? तपाईको जीवनमा लागु गर्नका निम्ति के व्यक्तिगत प्रयोग छान्नु भयो ?

२) यशै पाठबाट यस हप्ता कण्ठस्थ गर्ने पद हेर्नुहोस्, त्यसलाई लेख्नु होस, साथमा बोक्नु होस, आफ्नो सुचना पाटीमा टाँस्नुहोस्, तपाईको कारको अगाडिको ड्यासबोर्डमा टास्नुहोस आदि पदलाई र यसको पाठलाई सिक्ने पूरै कोशिष गर्नुहोस् । पढ र "शिरोनामा" पाठ गर्न मेहनत गर्नुहोस् (बाइबलको पद अंक) ।

## दोस्रो दिन : याकूब १:१-१२, १ पदमा ध्यान दिएर पढ्नुहोस् ।

१) याकूब १:१क मा याकूबले आफुलाई कसरी वर्णन गर्छन् ?

२) चुनौती : ग्रीक शब्द 'नोकर' लाई दुवै 'दास' जो पुरै रूपमा मालिकको अधिकार भएको छोड्ने स्वतन्त्रता नभएको र 'नोकर' जो खुसी साथ मालिकको सेवा गर्न जान्छ भनेर उल्था गरिएको छ ।[1] नोकरले आफ्नो मालिकको प्रति पूर्ण आज्ञाकारीता, पूर्णसमर्पण र पुर्ण इमान्दारीता दिन्छ । यो नोकरको परिचयले तपाईलाई एक खीष्टियनको परमेश्वरसंगको सम्बन्धको विषयमा के बुझ्न सहायता गर्छ । आज्ञाकारिता, समर्पण र इमान्दारीता शब्दहरूलाई परिचय दिन शब्दकोसले सहायता गर्न सक्नुहुन्छ ।

३) व्यक्तिगत: यदि तपाई खीष्टियन हुनुहुन्छ भने के तपाई आफैलाई त्यस्तै खालको नोकर/दास सम्झनु हुन्छ ? यो ज्ञानले तपाईको व्यवहार र काममा कसरी परिवर्तन ल्याउन सक्छ ?

४) क) याकूबले यो पत्र कसलाई लेखेका हुन् ? (याकूब १:१ख)

ख) प्रस्थान २४:४ पढ्नुहोस् "बाह्र कुल" को हुन् ?

५) याकूब १:१ ले देखाउँछ कि याकूबले यहूदीहरू इस्राएलका १२ कुलका सन्तानहरूलाई लेख्दै छन । अगाडी बढेर याकूब २:१ हेर्नुहोस् कुन स्थरका अथवा कस्ता खालका यहूदीहरू उहाँका श्रोतागण बनेको थियो ?

1. The NIV Study Bible, See notes on James 1:1 and Romans 1:1

६) (क) प्रेरित ८:१ र ११:१९ पढ्नुहोस् । यी यहूदी ख्रीष्टियनहरू कसरी यरुसलेमबाट छरपष्ट भए ?

(ख) याकूबको किताव पवित्र धर्मशास्त्रको अधिकारको रूपमा ३९७ ए.डी.मा काथरेज परिषदले त्यो समयमा जब ख्रीष्टियन मण्डली प्राथमिक रूपमा यहूदीहरूको थिएन, विनामत स्वीकार गरियो । याकूबले खास गरी यहूदी ख्रीष्टियनहरूलाई यो पत्र लेखेका भए तापनि, उहाँका शिक्षाहरू जुनसुकै जातका वा जुनसुकै समयका ख्रीष्टियनहरूलाई प्रयोग हुन्छन् । यो कुरा रोमी १०:१२ र गलाती ३:२८ ले कसरी पुष्टि गर्छ ?

## तेस्रो दिन : याकूब १:१-१२ मा पुर्नविचार गर्दै, २-४ पदमा ध्यान दिनुहोस् ।

१) याकूब १:२ अनुसार परिक्षा र समस्याहरूलाई हामीले कसरी लिनुपर्छ ?

२) (क) एक विश्वासीमा परिक्षाले के को विकास गर्छ ? (याकूब १:३)

(ख) चुनौती : अध्यवसायको अर्थ शब्दकोषमा हेर्नुहोस् ।

३) जब हाम्रो विश्वास परिक्षाद्वारा (दृढ बन्छ) अध्ययवसाय छ भने यसको प्रतिफल के हो ? (याकूब १:४)

४) (क) रोमी ८:१७-१८ पढ्नुहोस् । पावलले किन हामी दुःखमा पनि आनन्दित हुन सक्छौं भने ?

(ख) रोमी ८:३५-३९ पढ्नुहोस् । हाम्रा सवै परिक्षाहरूमा हामीलाई तिनीहरूमाथि विजय गराउन हामीसंग को हुनुहुन्छ ?

५) व्यक्तिगत : तपाईले कुनै परिक्षाको सामना गर्नु भएको छ, अथवा तपाईले हालै कुनै परिक्षाको सामना गरिरहनु भएको छ ? येशू यो सवैमा तपाईसँग हुनुहुन्छ भनेर महसुस गर्दै के तपाई यी अनुभवहरूको निम्ती उहाँलाई धन्यवाद दिन सक्नु भएको छ ? के तपाईले अध्ययवसायद्वारा तपाईको आत्मीकि उन्नति भएको देख्नु भएको छ ?

## चौथो दिन : याकूब १:१-१२ मा पुर्नविचार गर्दै, पद ५-८ मा ध्यान दिनुहोस् ।

१) कुनै व्यक्ति परिक्षाको सामना गरिरहेको छ भने परमेश्वरले त्यसलाई के मदत गर्नुहुन्छ ? (याकूब १:५ क)

२) याकूबले भनेको 'वुद्धि' को अर्थ परिक्षाको प्रकृति र उदेश्यलाई बुझ्नु र तिनीहरू माथि कसरी हुने भनी जान्नु हो ।[1] (जब हामीले बुद्धि माग्छौ ? परमेश्वरले कसरी दिनु हुन्छ ? (याकूब १:५ख)

३) परमेश्वर सधै उहाँका मानिसहरूलाई बुद्धि दिन इच्छा गर्नु हुन्छ, तर एक व्यक्तिलाई परमेश्वरको वुद्धि पाउनबाट कुन बाधाले रोक्न सक्छ ? (याकूब १:६-८)

४) (क) मर्कूस ९:१७-२७ पढ्नुहोस् । २४ पदमा केटाको बाउले येशूलाई के भन्यो ?

(ख) याकूबले भनेको "दुई मनको मानिस" जस्तै, जो विश्वास र अविश्वासको विचमा यता उति गर्छ, यो मानिस विश्वास गर्न इच्छा गर्यो र विश्वास गर्छु भन्यो । तापनि, उसको अपर्याप्त विश्वासलाई जानेर, उसले येशूसंग विश्वास गर्न मदत माग्यो । येशूले त्यस मानिसको विश्वासलाई कसरी जवाफ दिनुभयो ? (मर्कूस ९:२५-२७)

५) व्यक्तिगत: के तपाईलाई कहिले काही तपाईका जीवनका परीक्षाहरूलाई परमेश्वरले तपाईमा आत्मीकी उन्नती ल्याउन प्रयोग गर्नु हुन्छ अथवा उहाँले तपाईलाई परीक्षाको समयमा उभिन र सामना गर्न मदत गर्नुहुन्छ भनेर विश्वास गर्न गाह्रो पर्छ ? तपाईको विश्वासलाई बलियो पार्न उहाँसँग माग्नु होस् ताकी तपाईले शंका गर्नुहुन्न र तपाईले उहाँको बुद्धि र मद्धत पाउनुहोस् ।

## पाँचौ दिन : याकूब १:१-१२ मा पुर्नविचार गर्दै, ९-११ पदमा ध्यान दिनुहोस् ।

१) याकूब १:९ मा याकूबले पुणं नयाँ विषयको परिचय गराएतापनि १२ पदमा परिक्षामा अध्ययवसायको कुराले उनले अझै पनि परिक्षाको त्यही सामान्य विषयलाई अझै सबै खण्ड भरिनै उल्लेख गर्दै छन भन्ने कुरा देखाउँछ ।[2] याकूब १:९ मा खीष्टको निम्ती परिक्षामा सहदा एक विश्वसी जो गरिब छ त्यसको स्तरमा कसरी परिवर्तन हुन्छ ?

२) चुनौती : प्रेरीत ५:२७-४१ पढ्नुहोस् । ४१ पद अनुसार, चेलाहरूले खिष्टको निम्ती दु:ख भोग्नाको मुल्य कसरी लगाए ?

३) खीष्टको निम्ती दु:ख सहेको अनुभवले धनी विश्वासीलाई कसरी नम्र पार्छ, तिनीहरूको साँचो स्थर अरु गरिब विश्वासीहरू भन्दा माथि छैन् भनि देखाउँछ ? (याकूब १:१०-११)

४) क) यशैया ४०:६-८ पढ्नुहोस्, जुन याकूबले याकूब १:१०-११ मा प्रतिध्वनी गरे । कसरी सबै मानिसका जीवन र कामकाज स्थार्य हुन्छन, चाहे तिनीहरू धनी हुन् वा गरिब ?

1. The Expositor's Bible Commentary
2. Ibid.

ख) एक मात्र स्थायी कुरा छ त्यो के हो ? (यशैया ४०:८ख)

५) एफिसी २:४-७ पढ्नुहोस् । परमेश्वरले हरेक विश्वासीलाई ख्रीष्टमा कुनै स्थायी स्थान दिनु भएको छ ?

६) व्यक्तिगत: तपाईको जीवनमा तपाईको स्थानलाई कसरी हेर्नुहुन्छ ? के तपाई यसको परिभाषा, संसारले जस्तै आफ्ना परिस्थिति आर्थिक अवस्था सामाजिक प्रतिष्ठा आदि अनुसार दिनुहुन्छ ? अथवा, परमेश्वरले ख्रीष्ट येशूमा तपाईको निम्ती के गर्नुभयो सो अनुसार दिनुहुन्छ ?

## छैठौ दिन : याकूब १:१-१२ मा पुर्नविचार गर्दै, १२ पदमा ध्यान दिनुहोस् ।

१) (क) याकूब १:१२क मा याकूबले त्यो व्यक्तिको स्तर अथवा अवस्था बारे के भनेका छन् जो ख्रीष्टको निम्ती परिक्षाको समयमा स्थिर रहन्छ ?

(ख) यसले कसरी येशूको शिक्षा मत्ती ५:३-११ मा प्रतिध्वनी गर्छ ?

२) याकूब १:१२ मा उल्था गरिएको ग्रीक शब्द "जाँचको सामना", बहुमुल्य धातु र सिक्काको शुद्धता हेर्न वा होइन भनी जाँच भनेर उल्लेख छ ।[1] १ पत्रुस १:६-७ ले हाम्रो आत्मीकी जीवनमा उन्नती कसरी हुन्छ भनेको छ ?

३) (क) त्यस विश्वासीले के पाउँछ जो परीक्षामा अध्यवसाथ हुन्छ ?

(क) यूहन्ना ५:२४ पढ्नुहोस् । परमेश्वरले हरेक विश्वासीलाई प्रतिज्ञा गर्नु भएको जीवनको मुकुट के हो ?

४) व्यक्तिगत : के तपाई परिक्षामा स्थिर हुन असफल हुन्छ र जीवनको मुकुट गुमाउँछु भनेर चिन्तागर्नु हुन्छ । याद गर्नुहोस् याकूब १:५ ले हामीलाई निश्चित गराएको छ कि हामीमा बुद्धिको कमि छ भने, हामीले परमेश्वरसंग माग्नुपर्छ र उहाँले नझर्किकन दिनु हुन्छ र यदि हामीले मर्कूस ९ अध्याय सिकेका छौ भने, हामी उहाँसंग हाम्रो विश्वासलाई वलियो पार्नुहोस भनेर माग्न सक्छौ । परमेश्वरले तपाईलाई वोलाउनु भएको र छान्नु भएको हो । उहाँ नै हुनुहुन्छ जसले तपाईलाई परिक्षाद्वारा स्थिर हुनको लागि वुद्धि र वल दिनु हुन्छ । यूहन्ना १०:२७-२९ मा येशूका वचनहरू पढ्नुहोस् । यसले तपाईलाई कसरी पुर्ननिश्चित तुल्याउँछ ?

1. *The Expositor's Bible Commentary.*

# याकूब
# पाठ - २

जीवनको आनन्द
बाइबल अध्ययन

## सेवा गर्न बोलावट - याकूब १:१

याकूबले आफैलाई "परमेश्वर र प्रभु येशू ख्रीष्टको सेवक" भनेर परिचय दिए (याकूब १:१) । यहाँ उल्था गरिएको ग्रीक शब्द "सेवक" को अर्थ दुवै "दास" जो पुरै रुपमा मालिकको हुन्छ र छोड्ने स्वतन्त्रता उसको हुँदैन र एक "नोकर" जो आफै इच्छा गरी मालिकको सेवा गर्छ ।[1] याकूब जस्तै हामी आफैलाई ख्रीष्टका र स्वयं इच्छा अनुसार पुर्ण आज्ञाकारी समर्पण र इमान्दारी जीउने मान्नुपर्छ ।

दुर्भाग्यले, हामीहरू मध्य धेरै जो आफैलाई ख्रीष्टियन भन्छौ ख्रीष्टलाई हामी जीवनको नाम मात्रको राजा चाहन्छौ- जस्तै आधुनिक युगका युरोपियन देशहरूका राजाहरू र रानीहरू । हामी उहाँलाई हामीलाई आशिष दिने र हाम्रा खाँचाहरू पुरा गर्न बाहिरी अगुवा भएको चाहन्छौ । हामीहरू मध्य एकदम थोरैले मात्र ख्रीष्टलाई साँचो राजा, हाम्रो जीवन माथि राज्य गर्न साच्चीकै अधिकार र शक्ति भएको मान्छौ ।

समर्पण भएर उहाँका सेवक दासको रूपमा सेवा गर्छौ भने, हामी इतिहासका ति महान नामहरू, जो परमेश्वरका ढास कहलाइन हिम्मत गरे तिमीहरूको अगाडी उभिन उदेकको मौका पाउने छौ । मानिसहरू जस्तै पुरानो नियमका अगमवक्ताहरू र नयाँ नियमका प्रेरितहरू मध्य धेरैले मृत्यु सम्मै सेवा गरे । ख्रीष्टयनहरू, जो येशू ख्रीष्टमा समर्पित छन्, अब्राहम, मोशा, एस्तर र यशैया जस्ता पुराना नियमका र येशूकी आमा मरियम, पत्रुस, याकूब, यूहन्ना र पावल जस्ता नयाँ नियमका मानिसहरूसँग काँधमा काँध मिलाएर उभिन सक्छन् ।

## विश्वब्यापीको संगती - याकूब १:१

याकूबले यो पत्र "ठाउँ ठाउँमा छरपष्ट भएका बाह्र कुलका" ख्रीष्टियनहरूलाई सम्बोधन गरे (याकूब १:१) । हामीले ख्रीष्टियनहरू पहिलो पटक "छरपष्ट" भएको प्रेरित ८:१ मा हेर्‍यौ । तर येशू संसारमा आउनु अघि नै थुप्रै परमेश्वरका मानिसहरू छरपष्ट भएका थिए । अशुरिहरूले ७२२ वि.सी. मा उत्तरी राज्य इस्रायलका दश कुललाई कैद लगे र तिनीहरू मध्ये धेरैलाई अश्सुरमा लगे । त्यसपछि राजा नबुकनेदाजारले दक्षिणी राज्यका यहूदा र बेन्जामीनलाई ५८७ वि.सी. मा विजय गरे र धेरैलाई बेबिलोनमा लगे । त्यहाँ अरु यहूदीहरू पनि थिए, जो मिश्र र रोम र सिरियामा छरपष्ट भएका थिए ।

आश्चर्यको कुरा यो छ की यी छरपष्ट भएका यहूदीहरूले तिनीहरूको आफ्नो परिचय परमेश्वरका छानिएका मानिस भनेर राखे र मसिहा आउनु हुन्छ भन्ने आशालाई पक्रिराखे र एकपटक मसिहा आउनु भयो र उहाँको सु-समाचार धेरै देशहरूमा प्रचार गर्नुभयो, जव मानिसहरूले विश्वास गरे तव विश्वव्यापी संगतीको शुरुवात भयो । आजका इशाईहरूको विश्वास यस्तै हो संसार भरिनै तपाईका दाजुभाई र दिदीबहिनीहरू छन् ।

## परीक्षालाई कसरी लिने - याकूब १:२-४

याकूबले छलफल गरेको पहिलो समस्या चाहिँ हामी भन्दा बाहिरबाट आपत विपत् आएका परिक्षा र संकट (वाधा) हरूलाई कसरी लिने हो: "हे मेरा भाइ हो तिमीहरूमाथि विभिन्न किसिमका आपतविपत् आइपर्दा तिनलाई पुरा आनन्दको कुरा सम्भ । किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ" (याकूब १:२-३) ।

कसरी दुनियामा कसले जाँचलाई 'शुद्ध आनन्द' को रुपमा लिन सक्छ । जे.वि. फिलीपले यी पदहरूको उल्था गर्दा एक उपयोगी शब्द-चित्रलाई देखाउँछन : "हे मेरा भाइ हो, जव तपाईको जीवनमा विभिन्न किसिमका आपत विपत भिड लागेर आइपर्छन, तिनीहरूप्रति (अनाधिकार प्रवेशकर्ताहरू झै) नरिसाउनु तर तिनीहरूलाई साथीहरूलाई झै स्वागत गर्नु । यो जानेर की तिनीहरू तपाईको विश्वासको जाँच गर्न र तपाईमा सहन शक्तिको गुण उत्पन्न गर्न आउँछन् (याकूब १:२-३, फिलिप्पी) ।

तपाईको अथवा तपाईले प्रेम गर्ने व्यक्तिको जीवनमा शारीरिक अथवा भावनात्मक समस्याहरू आउँदा तपाईको विश्वासको जाँच हुन्छ । अर्कोको विश्वासको जाँच हुन्छ जव उसको परिवार जस्तै उसको जीवन साथी अथवा छोराछोरीहरूबाट समस्या आउँछ । कति जना आर्थिक समस्याले जाँचिएका छन र अरु कति सतावटमा परेका वा विश्वासको (उपहांस) ठट्टा भएको छ ।

याकूबले भन्नु भयो कि, यदि हामी ख्रीष्टमा विश्वास र भरोसा राखी रह्यौ भने यस्ता परिक्षाहरूले हाम्रो अध्यवसाथको विकास गर्छ ' अध्यावसायी, विश्वासले हामीलाई जाँचमा (आपत विपतमा) सहन बढेर परिपक्व विश्वासी हुन मद्धत गर्छ । यसकारणले, जव परीक्ष आउँछ, हामी "पुरा आनन्दको कुरा" सम्झन सक्छौं । साधारण रूपम परमेश्वरले यी अवस्थाहरूलाई हामीलाई परिपक्क बनाउन प्रयोग ग हुन्छ भनेर जान्नु नै निरुत्साहको विरोधमा एक असल निर्देशन हो । प्रेरित पावलले यसरी भन्नुहुन्छ, "प्रभुमा सधैं आनन्द गर । म फेरी पनि भन्दछु : आनन्द गर ।" कुनै कुरामा चिन्तित नहोस् तर हरेक

1. *The NIV Study Bible*. See notes on James 1:1 and Romans 1:1.

कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवाद सहित तिमीहरूका विन्ती परमेश्वरमा जाहेर होऊन र सम्झनेले नै भ्याउन नसकिने परमेश्वरका शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ (फिलीप्पी ४:४, ६-७)

के तपाई आफ्नो आपत विपतमा परमेश्वरमा भरोसा गर्नुहुन्छ ? किन अब प्रार्थना र परिपक्कताको निम्ती उहाँलाई धन्यवाद नदिनेत जो तपाईको गाह्रो अवस्थामा तपाईमा काम गर्नु हुन्छ ?

## परमेश्वरबाट बृद्धि - याकूब १:५-८

जब हामी समस्याहरूको सामना गर्छौं, हाम्रो स्वभाविक इच्छा एक समाधान खोज्न समस्याको र आफै समाधान गर्न कोसिस गर्छ तर परमेश्वरले मात्र हामीलाई समस्याहरू द्वारा भएर जान, हामीहरूलाई साँचो वृद्धि दिनुहुन्छ । उहाँले चाहनु भएको ठाउँमा यस्तो खालको बुद्धिलाई यसरी परिभाषित गर्न सकिन्छ "आत्मीक शिक्षासँग व्यवहारिक अन्तर दृष्टि"[1] अथवा "परमेश्वरले दिनुभएको समझशक्ति जस्तो एक व्यक्तिलाई मुर्खताको बाटोलाई त्याग्न र धार्मिकताको जिवन जिउन शक्ति प्रदान गर्छ ।"[2]

याकूबले भन्नुहुन्छ, "तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उद्धार चित्तसंग नझर्की दिनु हुने परमेश्वरलाई त्यसले मागोस र त्यसलाई त्यो दिइनेछ" (याकूब १:५) । कति उदेकको कुरा छ कि, हामीले वितेको गल्तीहरूको विरुद्धमा परमेश्वरले पक्रि राख्नु हुँदैन । यदि हामीले माग्छौ भने उहाँले हामीलाई बुद्धि दिनु हुन्छ ।

परमेश्वर सधै आफ्ना मानिसहरूलाई बुद्धि दिन इच्छुक हुनुहुन्छ, तर कुनै व्यक्तिमा नै बाधा हुन सक्छ जसले तिनीहरूलाई परमेश्वरको बुद्धि पाउनबाट रोक्छ । याकूबले एउटा सामुद्रिक उदाहरण प्रयोग गर्नु भयो "तर त्यसले कति पनि शंका नगरी विश्वास साथ मागोस । शंका गर्ने चाहिँ बतासले उचाल्दै पछार्दै गर्ने समुन्द्रका छाल समान हुनेछ । त्यस्ता मानिसले यो नसम्झोस कि उसले प्रभुबाट केहि पाउने छ । किनकि दोहोरो मन भएको मानिस, उसका सबै चालचलनमा, अस्थिर हुन्छ" (याकूब १:६-८) ।

साँच्ची नै हामी ख्रीष्टप्रति जति समर्पित भएपनि हाम्रो मानविय कमजोरीको कारणले गर्दा कहिले काहीं शंका आउन सक्छ । यसको अर्थ, जव हामी बुद्धि माग्छौ परमेश्वरले हामीलाई इन्कार गर्नु हुन्छ त ?

मर्कूसको सु-समाचारमा एउटा मानिसको कथा छ, जसले आफ्नो भुत लागेको छोरालाई येशू कहाँ चङ्गाइको निम्ती ल्यायो । यो केटाको बाल्यकाल देखि नै दुष्ट आत्माले यसलाई नाश गर्न त्यस आत्माले घरिघरि यसलाई आगो र पानीमा पनि फालेको थियो । येशूका चेलाहरूले त्यस आत्मालाई निकाल्न सकेनन्, त्यसकारण त्यस मानिसले येशूलाई विन्ती गर्यो । यदि तपाईले केही गर्न सक्नु हुन्छ भने दयाँ गरी हामीलाई मदत गरी दिनुहोस् । येशूले तिनलाई भन्नुभयो, "तपाईले सक्नुहुन्छ, विश्वास गर्नको लागि त सबै कुरा सम्भव छ," (मर्कूस ९:२२-२३) ।

येशूले केटाको बाबुलाई दिनु भएको उत्तर याकूबले याकूब १:६ मा गरेको घोषणा जस्तै लाग्छ । "जब उहाँले, विश्वास गर्नुपर्छ शंका होइन भन्नुभयो" । शंकाको कारणले बाबु पछाडी हट्यो त ? तर मर्कूसले निरन्तर दिए, तव झट्ट केटाका बाबुले कराएर भने, म विश्वास गर्दछु । मेरो अविश्वासमा मलाई सहायता गर्नुहोस्" (मर्कूस ९:२४) ।

त्यस्तै याकूबले "दोहोरो मन भएको मानिस" जसको चालचलन विश्वास र अविश्वासको विचमा यता उति जान्छ यो मानिसले विश्वास गर्न चाह्यो र उसले भन्यो म विश्वास गर्छु । तैपनि त्यसको आफ्नै अपूर्ण विश्वासलाई जानेर उसले येशूसंग विश्वास गर्न मद्धत माग्यो ।

येशूले "तलाई पक्का थाहा छ त विश्वास गर्छस ?" भनेर सोध्नु भएन । त्यसको बाबु जस्तै, जसले "उद्धार चित्तसंग नझर्की दिनु हुने परमेश्वरलाई त्यसले मागोस र त्यसलाई त्यो दिइनेछ (याकूब १:५) येशूले केटाका बाबुको विन्तीको उत्तर दिदा दुष्ट आत्मालाई केटाबाट निष्कन आज्ञा दिनु भयो ।

परमेश्वरले कसरी हामीले उहाँलाई पछ्याउँदा आवश्यक पर्ने *सबै कुरा* जुटाउनु भएको हेर्न पाउनु कति आशिषको कुरा हो । हामीले हाम्रो शंका माथि विजय गर्न सहायता गर्नुहोस् - हाम्रो विश्वास वलियो पार्नुहोस्- भनी माग्नु मात्र पर्छ ताकि जब परमेश्वरले उद्धारचित्तले हाम्रो बुद्धिको निम्ती विन्ती पुरा गर्नु हुँदा कुनै पनि बाधा नहोस् ।

## धनी र गरिब - याकूब १:९-११

याकूबले याकूब १:९ मा पुरै नयाँ विषयको परिचय दिन खोजे तापनि, पद १२ मा आपत विपतमा स्थिर रहन्छ भन्ने कुराले यो देखाउँछ कि उहाँले त्यही आपत विपतको विषयलाई नै यो खण्ड भरी सम्वोधन गर्नु भएको छ ।[3] मण्डली भित्रै आर्थिक विभिन्नता छन भन्ने कुरा याकूबले बुझ्नु भएको थियो । तर उहाँले आपत विपतमा स्थिर रहेमा ख्रीष्टियनहरूको विचमा भएको आर्थिक विभिन्नता अर्थहिन हुन्छ भन्नु भएको हो जस्तो लाग्छ ।

तिनीहरू जति गरिब भएपनि एक विश्वासीलाई ख्रीष्टमा रहेको विशिष्टताको कारणले गर्दा "उच्च स्थान" (याकूब १:९) मा राखिएको छ । तिनीहरू जति धनी भए पनि, हरेक विश्वासीले आफ्नो "तल्लो स्थान" लाई महशुस गर्नुपर्छ (याकूब १:१०), जुन मानव जीवनको अस्थिरताको परिणाम हो । ख्रीष्टको निम्ती आपत विपत सहनाले एक विस्वासीलाई दुवै "ख्रीष्टमा" आदरको स्थानमा उठाउँछ र तिनीहरूमा पाउन सक्ने सांसारिक धन सम्पत्तिको सम्वन्धमा नम्र तुल्याउँछ ।

धनी इसाइहरूलाई यो सुचना छ कि तिनीहरूको अनन्त उद्धारसंग धन सम्पत्तिको केही अर्थ छैन । हामी धन सम्पत्तिमा भरोशा गर्न सक्दैनौ, किनकी पैसा र सम्पत्ति सदा रहदैन । धनी र गरिब दुवै परमेश्वर तिर रितै हात जान्छन दुवैले सित्तैमा उपहार पाएको उद्धारमा भर पर्नुपर्छ । प्रेरित पत्रुसले लेख्नु भयो, "तिमीहरू जान्दछौ की आफ्ना पिता पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि सुन वा चाँदी जस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्याइएका होइनौ तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्याइएका छौ" (१ पत्रुस १:१८-१९) ।

परमेश्वरले हर एक विश्वासीलाई "माथिल्लो तहमा"उचाल्नु हुन्छ जुन हाम्रो कमाइ र प्राप्तीसंग केही गर्नु छैन । "तर परमेश्वर जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो । यसकारण पापमा हामी मरेका भएतापनि उहाँले हामीलाई

1. *The NIV Study Bible.*
2. *The Expositor's Bible Commentary.*
3. Ibid.

ख्रीष्टसंगै जीवित पार्नुभयो। अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौं र उहाँसंग *हामीलाई उठाउनुभयो, अनि स्वर्गिय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो"* (एफिसी २:४-६, छड्के थपिएको)।

के तपाईले परमेश्वरको हेराइमा आफ्नो साँचो स्थान महसुस गर्नु भएको छ ? के तपाईले आफ्नो जीवनलाई संसारको स्याहारबाट नाप्न छोड्न सिक्नु भएको छ ? यो कुरा महसुस गरेपछि तपाईलाई दैनिक जीवनमा आइपर्ने अवस्थाको सामना गर्न कति सजिलो हुन्छ।

## जीवनको मुकुट - याकूब १:१२

याकूबले आपत विपतद्वारा हाम्रो विश्वासको जाँच हुन्छ भन्ने शिक्षाको निष्कर्ष यो प्रतिज्ञाद्वारा गरे "त्यो मानिस धन्यको हो, जो आपत विपतमा स्थिर रहन्छ, किनकि जाँचको सामना गरिसकेपछि त्यसले जीवनको यो मुकुट पाउनेछ, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाइ दिने प्रतिज्ञा गर्नुभएको छ" (याकूब १:१२)।

आपत् विपत्को समाधान गरिरहेको समयमा हामीले आफुलाई "आषिशीत" भएको अनुभव नगरौला तर याकूबले यसलाई सत्यको रुपमा लेख्नुभयो: हामी धन्यका हौ। यसको प्रतिध्वनी येशूको पहाडी शिक्षाहरूमा सिकाउनु भयो, जसमा उहाँले धेरै जसो मानिसहरूले सिकाउने भन्दा अर्कै कुरा घोषणा गर्नुभयो - तिनीहरू "धन्यका" हुन जो धेरै नै समस्याहरूको सामना गर्छन, जस्तै धन्य आत्मामा दिन हुनेहरू अथवा धन्य शोक गर्नेहरू अथवा जो "धन्य धार्मिकताको निम्ति सताइन्छन्" (मत्ती ५:३-११)।

याकूबले भन्नु भएको छ कि जव हामी "जाँचको सामना" गर्नाले हाम्रो इमान्दार विश्वासलाई देखाउँछ, "हामीहरूले जिवनको मुकुट पाउनेछ, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई दिन प्रतिज्ञा गर्नु भएको छ" पाउने छौ (याकूब १:१२)। यसले अनन्त जीवनको विषयमा भनेको हो जुन हर एक विश्वासीलाई उनीहरूको मुक्तीको समयमा दिइएको छ (हेर्नुहोस् यूहन्ना ५:२४)।

तपाई चिन्ता गर्नुहुन्छ होला कि तपाई आपत विपतको समयमा सुरक्षित राख्न असफल हुनुहुन्छ र जीवनको मुकुट गुमाउनु हुन्छ। तर याद गर्नुहोस्, याकूब १:५ ले हामीलाई निश्चित गराउँछ कि यदि हामीमा बुद्धिको कमि छ भने हामीले यसको निम्ति माग्नु मात्रै पर्छ र उहाँले उद्धार चित्तले दिनु हुनेछ र मर्कूस ९ अध्ययनमा हामी सिक्छौ कि हामी उहाँसंग हाम्रो विश्वासलाई वलियो पार्नुहोस् भनी माग्न सक्छौ। परमेश्वरले तपाईलाई वोलाउनु र छान्नु भएको हो। उहाँ नै हुनुहुन्छ जसले तपाईलाई आपत विपतको समयमा उभिन बहिरी शक्ति दिनुहुन्छ। येशूले प्रतिज्ञा गर्नुभयो, "मेरा भेडाहरूले मेरो सोर सुन्छन् र तिनीहरूलाई म चिन्छु र तिनीहरू मेरो पछि आउँछन। तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन। मेरा पिताले ती मलाई दिनु भएको छ, उहाँ सबैभन्दा महान हुनुहुन्छ। पिताको हातबाट कसैले तिनीहरूलाई खोसी लानेछैनन्" (यूहन्ना १०:२७-२९)।

# अध्ययनका प्रश्नहरू

**तपाई यस हप्ताको अध्ययन शुरू गर्नु भन्दा पहिला :**

- परमेश्वरसंग पवित्रआत्माद्वारा तपाईसँग बोल्नु होस भनेर प्रार्थना गर्नुहोस् र माग्नुहोस्।
- तपाईको उत्तरको निम्ती बाइबल मात्र प्रयोग गर्नुहोस्।
- तपाईको उत्तर र तपाईले प्रयोग गरेको पद लेख्नुहोस्।
- चुनौतीपूर्ण प्रश्नहरू तिनीहरूका निम्ती हुन जससंग समय छ र गर्न चाहन्छ।
- व्यक्तिगत प्रश्नहरू यदि तपाईको इच्छा भए कक्षामा अरुलाई भन्न सक्नु हुन्छ।
- तपाई पढ्दै जाँदा, यो हप्तामा कण्ठ गर्ने पदको खोजी गर्नुहोस्।

## पहिलो दिन : याकूब १:१-१२ को टिप्पणी पढ्नुहोस्।

१) याकूब १:१-१२ मा टिप्पणी पढ्दा अथवा शिक्षकको सिकाईबाट के अर्थपुर्ण अथवा नयाँ विचार पाउनु भयो ? तपाईको जीवनमा लागु गर्नका निम्ति के व्यक्तिगत प्रयोग छान्नु भयो ?

२) यशै पाठबाट यस हप्ता कण्ठस्थ गर्ने पद हेर्नुहोस्, त्यसलाई लेख्नु होस, साथमा बोक्नु होस, आफ्नो सुचना पाटीमा टाँस्नुहोस्, तपाईको कारको अगाडिको ड्यासबोर्डमा टास्नुहोस आदि पदलाई र यसको पाठलाई सिक्ने पूरै कोशिष गर्नुहोस्। पढ र "शिरोनामा" पाठ गर्न मेहनत गर्नुहोस् (बाइबलको पद अंक कहाँ छ भन्ने पढ)।

## दोस्रो दिन : याकूब १:१३-२७ मा पुनर्विचार गर्दै, पद १३-१५ लाई ध्यान दिनुहोस्।

१) पाठ १ को पहिलो खण्डमा, याकूबले विश्वासको जाँचको विषयमा शिकाउनु भयो जुन विश्वासिहरूले *सहनु* पर्छ। पद १३ मा उहाँले परिक्षा वा पापमा लाग्नेको विषयमा लेख्न शुरु गर्नुभयो जुन विश्वासिले *सामना* गर्नैपर्छ। के यो सम्भव छ कि परमेश्वरले हामीलाई पाप गर्न परीक्षा दिनु हुन्छ ? किन हुन्छ र किन हुदैन ? (याकूब १:१३)

२) परिक्षाको साँचो स्रोत कहाँ छ ? (याकूब १:१४)

३) हामी यस्तो विचार गर्छौ कि परिक्षाको बशमा परेर र त्यसपछि पाप "गऱ्यो" भने मात्र हामी पापी हुन्छौ। मत्ती १५:१७-२० पढ्नुहोस्। हाम्रो पापको साँचो स्रोत येशूले के हो भन्नु हुन्छ ?

४) परिक्षामा हार मान्दा हुने अन्तिम परिणाम के हो ? (याकूब १:१५)

५) हरेक मानिसको हृदयमा भएको दुष्टताले पापको बाटो तल आत्मीक मृत्युतिर डोऱ्याउँछ। रोमी ६:२३ पढ्नोस्। यस अन्त्यबाट उम्कन परमेश्वरले हामीलाई कुन बाटो दिनु भएको छ ?

६) व्यक्तिगत : के तपाईले परमेश्वरले आफ्नो पुत्र येशू ख्रीष्टद्वारा सित्तैमा दिने उपहारलाई ग्रहण गर्नुभयो ? यदि भयो भने, तपाई अब पाप स्वभावको दास हुनुहुन्न, जुन, याकूबले भने जस्तै तपाईलाई तानेर पापतिर लाग्न चाहन्छ। रोमी ७:२२ पढ्नुहोस। परमेश्वरका पवित्र आत्मा तपाईमा हुनुहुन्छ तपाईलाई मद्धत गर्नु हुन्छ परिक्षाको सामना गर र पवित्रताको बाटो हिँड। यो ज्ञानले तपाईले सामना गर्ने परीक्षा प्रति तपाईको हेराइमा कसरी परिवर्तन गर्छ ?

## तेस्रो दिन : याकूब १:१३-२७ मा पुनर्विचार गर्दै, पद १६-१८ मा ध्यान दिनुहोस्।

१) (क) हाम्रो पापी स्वभावले हाम्रो सोचाइलाई वाधा पुऱ्याउछ भन्ने कुरा याकूब जानुहुन्छ। याकूब १:१६ मा उहाँले हामीलाई के को चेतावनी दिनु भएको छ ?

(ख) कलस्सी २:८ मा पावलले कसरी उस्तै खालको चेतावनी दिनुभयो ?

२) याकूब १:१३-१५ मा हामी सिक्छौ कि, हाम्रो पाप गर्ने परिक्षाका श्रोत परमेश्वर कहिले पनि हुनुहुन्न, हाम्रो पापी स्वभावले हामीलाई पाप गर्न प्रोत्साहित गरेतापनि। बदलामा, याकूबले परमेश्वर सधै के को स्रोत हुनुहुन्छ भन्नुहुन्छ ? (याकूब १:१७)

३) (क) परिक्षा पठाएर हामीलाई तल झार्न भन्दा त बरु परमेश्वरले हाम्रो फाइदाको लागि के छनौट गर्नुभयो ? (याकूब १:१८क)

(ख) यूहन्ना ३:३-८ पढ्नुहोस्। याकूबले भनेको जन्मको बारेमा येशूले कसरी व्याख्या गर्नुभयो ?

(ग) १ पत्रुस १:२३-२५ पढ्नुहोस्। याकूबले भनेको "साँचो वचन" के हो ?

४) हामीलाई नयाँ जन्म दिनमा परमेश्वरको के उद्देश्य थियो ? (याकूब १:१८ख)

५) चुनौती : पहिलो फल भन्नाले फसलको पहिलो भाग परमेश्वरको दिइएको भनेर बुझिन्छ, त्यसको पहिलो स्वाद आउनु पर्ने हो। (प्रस्थान ३४:२२, लेवी २३:१० हेर्नुहोस्)।[1] यो याद राख्नु होस कि, याकूबले पहिलो पुस्ताका इसाईहरूलाई लेख्नु भएको हो, येशू ख्रीष्टको मृत्यु र पुनरुत्थान भन्दा २० देखी ३० वर्ष मात्रै पछाडी। यी सुरुका इसाईहरूलाई पहिलो फल भन्नाले खासगरी के बुझे होलान ?

६) व्यक्तिगत : के तपाई यस संसारको "धोका दिने दर्शन शास्त्र" को धोकामा पर्नु भएको छ ? के तपाई परमेश्वरले तपाईलाई असल उपहार मात्र दिनु हुन्छ भनेर महसुस गर्नु हुन्छ, सवैभन्दा ठुलो उपहार चाहिँ नयाँ जन्म हो जुन उहाँको पुत्र, येशू ख्रीष्टद्वारा दिनुभयो ? यहाँ जसको निम्ति तपाई धन्यवाद हुनुहुन्छ, खास उपहारको नाम सहित धन्यवादको प्रार्थना लेख्नुहोस्।

## चौथो दिन : याकूब १:१३-२७ मा पुनर्विचार गर्दै, पद १९-२१ लाई ध्यान दिनुहोस्।

१) (क) याकूबले अब आफ्ना पाठकहरूलाई "सत्यको वचन" पाउने बाटो कसरी सफा गर्ने भन्ने कुरा गर्नुहुन्छ (याकूब १:१८)। परमेश्वरको वचनको सत्य पाउनको लागि, एक व्यक्तिलाई कुन स्वभावको खाँचो पर्छ (याकूब १:१९)।

(ख) रिसाउने स्वभावले के हाम्रो आत्मीकि विकास (उन्नती) हुनमा रोक्छ ? (याकूब १:२०)

1. *The Expositor's Bible Commentary.*

२) (क) परमेश्वरको वचन पाउनलाई हामीले के तयार गर्नुपर्छ ? (याकूब १:२१क)

(ख) हिब्रू १२:१ ले कसरी यस्तै चुनौती दिन्छ ?

३) याकूब १:१९-२१ ले भने जस्तै हामी हाम्रो आफ्नो बलले कहिल्यै पनि सक्दैनै । तलका पाठहरू अनुसार यसको सामधान के हो त ?
भजनसंग्रह १४५:१९

यूहन्ना १५:७

४) परमेश्वरको सत्यतालाई पुरै रुपमा पाउन हाम्रो स्वभावमा के अनुत्तम हुनुपर्छ ?

५) चुनौती: हिब्रू ४:१२ पढ्नुहोस् । के सधै परमेश्वरको वचन स्वीकार्न सजिलो हुन्छ ? यसले हाम्रो जीवनमा के गर्छ जुन नम्रसाथ स्वीकार्न गाह्रो हुन सक्छ ?

६) व्यक्तिगत: याकूबले परमेश्वरको सत्यलाई जुन पाठकहरूले यसरी "तिमीहरूका हृदयमा राखिरहेको वचन" स्वीकार्नु पर्छ भन्ने उल्लेख गरे (याकूब १:२१) । उहाँका पाठकहरू विश्वासी थिए जोसंग पहिलादेखि नै सत्य थियो र यसद्वारा वचाइका थिए । याकूबले तिनीहरूलाई परमेश्वरको वचनको सम्पत्तिलाई स्वीकार गर्ने चुनौती मात्रै दिइरहेका थिए ताकी तिनीहरू पुरै आत्मीक परिपक्कतामा बढ्न नसकुन । के तपाई नम्रता साथ परमेश्वरको वचन धारण गर्नु हुन्छ ? कुन कुरामा यो तपाईको जीवनमा "तरवार" जस्तै काम गर्छ ?

## पाँचौ दिन : याकूब १:१३-२७ मा पुनिर्विचार गर्दै पद २२-२५ मा ध्यान दिनुहोस् ।

१) परमेश्वरको वचनलाई साँच्चीकै रुपमा धारण गर्ने एक मात्र तरिका के हो ? (याकूब १:२२)

२) परमेश्वरको वचन सुन्ने र पछि त्यसले भने अनुसार नगर्नेलाई याकूबले कस्तो मुर्खता भन्नु भएको छ ? (याकूब १:२३-२४)

३) जसले परमेश्वरको वचन सुन्छ र पालन गर्छ त्यसले के प्रतिफल पाउँछ ? (याकूब १:२५)

४) यस व्यक्तिको सुनाइलाई कसरी व्याख्या गरिएको छ ? (याकूब १:२५)

५) भजनसंग्रह १:१-२ पढ्नुहोस् । दाउदले यस्तो खालको सुनाइलाई कसरी र पदमा व्याख्या गरेका छन् ?

६) व्यक्तिगत : यस्तो खालको बाइबल अध्ययनबाट, तपाईले उद्देश्य तथा परमेश्वरको वचनलाई हेरिरहनु भएको छ । के तपाई हरेक दिन पढ्नु भएको पाठलाई दिन भरि अध्ययन गरी यसलाई तपाईको जीवनको गहिराइमा जान दिनु भएको छ, ताकी यसले तपाईको निर्णय, शब्दहरू र कामलाई असर पार्न सकोस ? बाइबल पाठ याद गर्नाले परमेश्वरको सत्यलाई याद गर्न तपाईलाई मद्धत गर्छ । यदि तपाई उहाँसँग माग्नु हुन्छ भने उहाँले तपाईले पढ्नु भएको कुराहरू तपाईलाई खाँचो परेको समयमा तपाईको मनमा ल्याउनु हुन्छ ।

## छैठौं दिन : याकूब १:१३-२७ मा पुनर्विचार गर्दै, पद २६-२७ मा ध्यान दिनुहोस् ।

१) अब याकूबले थुप्रै ठाउँहरू देखाउँछन जहाँ परमेश्वरको सत्यलाई विश्वासीहरूको जीवनमा व्यवहारमा ल्याउनु पर्छ । याकूब १:२६ मा भएको पहिलो उदाहरण के हो ?

२) (क) जिब्रोलाई अधिन गर्न कति गाह्रो हुन्छ भन्ने कुरा हामी सबैलाई थाहा छ । भजनसंग्रह १४१:३ पढ्नुहोस् । हाम्रो जिब्रोलाई कसरी अधिन गर्न सकिन्छ ?

(ख) व्यक्तिगत : हामी चाहन्छौ कि परमेश्वरले हामीलाई झुट बोल्नबाट, दु:ख लाग्ने शब्दहरू र अरु पापले भरिएका शब्दहरू बोल्नबाट जोगाउनु भएको होस्, तर हामी उहाँले यी सबै कुराहरू हामी भित्र बोतलमा झै ताकी तिनीहरू हाम्रो जिब्रोबाट ननिस्कुन । लूका ६:४५ पढ्नुहोस् । हाम्रो मुखबाट कसरी असल कुरा निस्कन सक्छ ? के तपाईले परमेश्वरसँग तपाईको हृदयमा के छ सो कुरा परिवर्तन गर्नु होस भनी माग्नुपर्छ ?

३) याकूबले भन्नुहुन्छ कि हाम्रो इसाई धर्म बाहिरी धार्मिक विधिविधानहरूमा भाग लिनु भन्दा बढी हुनुपर्छ । इमान्दार हुनु पर्छ, यसले हाम्रो जीवनलाई प्रभावपार्नु पर्छ । याकूब १:२७क मा दिएको अर्को उदाहरण के हो ?

४) चुनौती : याकूबले हामीलाई आफ्नो वरिपरिको मानिसहरूलाई परमेश्वरको प्रेम कसरी देखाउने भन्ने उदाहरण दिनु भएको छ । मत्ती २४:३४-४० पढ्नुहोस् । जब हामी यस्ता कुरा गर्छौ, हामी साथै कसको निम्ती गर्छौ त ?

५) (क) ईसाइहरूले परमेश्वरको सत्यलाई व्यवहारमा ल्याउँदा के कुरा त्याग्न चाहन्छ ? (याकूब १:२७ख)

(ख) प्रेरीत यूहन्नाले १ यूहन्ना २:१५-१६ मा यसलाई कसरी व्याख्या गर्नुभयो ?

६) व्यक्तिगत : तपाईले यी तिन स्थानहरूमा परमेश्वरको वचनलाई कसरी व्यवहारमा उतार्नु भएको छ - तपाईको जिब्रोको अधिन, पक्का रूपमा परमेश्वरको प्रेम अरुलाई देखाउन, हाम्रो वरिपरिको दुष्ट प्रदुषणलाई त्याग्न (इन्कार गर्न) ? के कुनै खास ठाउँ छ जहाँ तपाईला सबैभन्दा बढी मद्दत चाहिन्छ ? याकूब १:५ मा भएको परमेश्वरको बोलावट र प्रतिज्ञालाई याद गर्नुहोस् । परमेश्वरको मद्दत मागेर एउट प्रार्थना लेख्नुहोस् ।

# याकूब
# पाठ - ३

जीवनको आनन्द
बाइबल अध्ययन

## परीक्षाको सामना गर - याकूब १:१३-१५

यस पाठको शुरुमा, याकूबले विश्वासको जाँचको विषयमा लेख्नुभयो, जुन विश्वासिहरूले *सहनैपर्छ*। पाठ १३ मा उहाँले परीक्षा पापमा प्रलोभन हुने विषयमा लेख्न शुरु गर्नुभयो, जुन विश्वासीले *सामना* गर्नुपर्छ।

पहिला, उहाँले भन्नुभयो जब हामी परिक्षामा पर्छौ, हामीले परमेश्वर पवित्र हुनुहुन्छ, यसकारण उहाँलाई परिक्षित हुन अथवा परिक्षाको स्रोत हुन असम्भव छ। उहाँले कहिल्यै पनि हामीलाई पाप गर्ने परिक्षा दिएर हाम्रो विश्वास जाँच्नु हुन्न। याकूबले यो देखाउँदै छन कि परिक्षाको स्रोत बाहिरी अवस्था, व्यक्ति वा वस्तु होइन, तर हाम्रो आफ्नो पापी इच्छाबाट आउँछ। किनकी हामी सवै आदम र हव्वाका सन्तान हौ, तिनीहरूको पापी स्वभाव हामी सम्मै आएको हो। येशूले यो कुरा आफ्ना चेलाहरूलाई यो देखाउँदै भन्नुभयो। "तर जुन कुराहरू मुखबाट बाहिर आउँछन्, ती हृदयबाट निस्कन्छन र तिनैले मानिसलाई अशुद्ध तुल्याउँछन्। किनकि हृदयबाट नै खराब विचार, हत्या, परस्त्रीगमन, व्यभिचार, चोरी, भूटो गवाही र निन्दा बाहिर निस्कन्छन्। यी कुराहरूले चाहि मान्छेलाई अशुद्ध पार्छन। तर हात नधोई खानाले उसलाई अशुद्ध पार्दैन" (मत्ती १५:१८-२०)।

जब हामी आफ्नो दुष्ट इच्छामा र परिक्षामा आफैलाई दिन्छौ हामी पाप गर्छौ र सबै पापले मृत्युतिर डोऱ्याउँछ। पावलले यो डरलाग्दो सत्यलाई रोमी ६:२३ मा घोषणा गर्नु भएको छ, "किनकि पापको ज्याला मृत्यु हो", तर त्यसपछि उहाँले महिम्मित सु-समाचार दिनु भयो : "तर परमेश्वरको सितैको वरदान खिष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हौ"। जव हामी येशूलाई मुक्तीदाता र प्रभु भनी स्वीकार गर्छौ, उहाँले हामीलाई हाम्रो पाप स्वभावबाट स्वतन्त्र गराउनु हुन्छ। हामी अब पापका दास होइनौ जो अनिवार्य रुपमा तल नर्कको बाटो जान्छ तर हामी परमेश्वरका दास बनाइएका बरु पवित्रताको बाटो अनन्त जीवन तिर जाँदै छौ (रोमी ६:२२ हेर्नुहोस्)।

## परमेश्वरको मुहान वरदान - याकूब १:१६-१८

याकूबले अव चेतावनी देखाए "मेरा प्यारा भाई हो, धोखामा नपर" (याकूब १:१६)। हाम्रो पाप स्वभावले कसरी हाम्रो विचारलाई असर गर्छ र कसरी हामीले हाम्रो वरिपरिको संसारको सोचाइलाई सजिलैसंग प्रभाव पार्न सक्छौ भन्ने कुरा उहाँ जान्नु हुन्छ। कति जना मानिससंग परमेश्वरको तस्वीर एक टाढा भएको र निष्ठूर तानाशाह शासक जस्तो ठानदछन जसले परिक्षालाई हाम्रो अगाडी लट्काउँछ र हामीलाई धकाल्छ जब हामी पात्र लिन्छौ र पापमा खस्नपुग्छौ।

तर, याकूबले हामीलाई पहिले याद गराउनु भए जस्तै, परमेश्वरले गर्ने मात्र होइन तर उहाँले परिक्षा पठाउनु पनि हुन्न किनकि उहाँ पवित्र हुनुहुन्छ। साच्चैमा सत्य चाहिँ यसको उल्टो हुन्छ, "हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतीका पिताबाट आउँछ बदली रहने छायाँ जस्तो उहाँमा कुनै हेरफेर हुदैन" (याकूब १:१७)।

परमेश्वरले दिने सवैभन्दा महत्वपुर्ण वरदान के हो ? याकूब १:१८ ले भन्छ "उहाँले हामीलाई जन्माउन इच्छा गर्नु भयो" यो आत्मीकी जन्मका बारेमा भनेको हो जुन जब हामी येशू खीष्टलाई हाम्रो मुक्तिदाता र प्रभु भनेर भरोसा गर्छौ, तव हुन्छ। यूहन्ना ३:३ मा येशूले निकोदमसलाई भन्नुभयो "कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वको राज्य देख्न सक्दैन।" यो एक अनौठो घोषणा थियो र निकोदमसले भने "हो त्यो फेरी आफ्नी आमाको कोखमा दोस्रो चोटी पसेर जन्मने सक्दैन", येशूले जवाफ दिनु भयो "कोही पानी र आत्माद्वारा जन्मने भने परमेश्वरको राज्यमा पस्न सक्दैन। शरिरबाट शरिरको जन्म हो, आत्माबाट आत्माको जन्म हो", प्रेरित पावलले परमेश्वरको नयाँ जन्मको वरदानलाई यसरी व्याख्या गरे। "यसकारण कोही खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बिति गएको छ, हेर नयाँ आएको छ" (२ कोरिन्थी ५:१७)।

याकूबले भन्नुभयो नयाँ जन्म "सत्यको वचनद्वारा" आउँछ (याकूब १:१८)। यसले सु-समाचार, येशूको बारेमा भनेको हो खीष्टको बारेमा असल समाचार जुन हामी परमेश्वरको वचन वाइबलमा पाउँछौ। हामी जब सम्म येशू खीष्टले उहाँको मृत्यु र पुनरुत्थान द्वारा हाम्रो निम्ती के गर्नुभयो सो सुन्छौ र विश्वास गर्छौ तव सम्म हामी आत्मीकी रुपमा जन्मन सक्दैनौ। एफिसी १:१३ ले भन्छ, "तिमीहरू जसले सत्यको वचन अर्थात आफ्नो मुक्तीको सु-समाचार सुन्यौ र उहाँमा विश्वास गऱ्यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएको पवित्र आत्माको छाप लगाइएको थियो।"

परमेश्वरले आफ्ना छोराछोरीहरूलाई हरेक शिद्ध वरदान दिनु हुन्छ। तापनि यिनीहरू मध्य धेरै वरदानहरूको पहिचान हुँदैन। हामी कहिले काही अधन्यवादी छोरा छोरीहरू जस्तै हुन्छौ, जसले आफ्ना बाबु आमाको असलपना र दयालाई देख्दैन। हामीहरू यस संसारमा जीउँदा परमेश्वरको दयाँ र अच्छाइलाई हामी देख्दैनौ।

सायद परमेश्वरले तपाई माथि दिनु भएको अशिषहरूको याद गर्नको निम्ति तपाईलाई एउटा "धन्यवाद" को समाचार पत्र वनाउन मन पर्ला। यसले तपाईलाई वर्षैसम्म परमेश्वरको विश्वास योग्यताको

याद गराई रहन्छ । तपाई सोच्नु होला तर म मेरो समाचार पत्रमा के लेखु ? निलो आकास र भद्र बर्षाको बारेमा के त ? हुन सक्छ, तपाईंको बच्चाको राम्रो चित्र वा साथीको दयालु शब्दहरू, प्रतिक्षा नगरेको समयको हाँसो, वा दुःख र वेदनाका समयमा परमेश्वरको सान्त्वना । तपाई सधै उहाँको शक्तिको र शान्तीको निम्ती उहाँलाई प्रशंसा गर्न सक्नु हुन्छ । जुन उहाँले बाइबलमा प्रतिज्ञा गर्नुहुन्छ र सवैभन्दा बढि तपाई उहाँलाई धन्यवाद चढाउन सक्नु हुन्छ उहाँलाई तपाईले दिन दिनै अझै जान्न पाउनु भएको निम्ती जसरी उहाँले तपाईलाई उहाँको बुद्धिमा अगुवाई गर्नुहुन्छ । उहाँको प्रशंसा गर्नुहोस् कि उहाँले गाह्रो अवस्थामा पनि तपाईको असल र उहाँको महिमाका निम्ति काम गर्न सक्नु हुन्छ । उहाँलाई धन्यवाद दिनुहोस कि उहाँको सिद्ध समयमा उहाँको महिमा पक्का छ । उहाँलाई धन्यवाद दिनुहोस की उहाँको निम्ति धेरै ठूलो वा धेरै सानो समस्या छैन । उहाँलाई तपाईको प्रार्थनाको उत्तरको निम्ति पहिला नै धन्यवाद दिनुहोस् ।

## वचन स्वीकार - याकूब १:१९-२१

यस्तो लाग्छ कि यहाँ याकूबले इसाई जिवनको बारेमा केही अन्य कुराहरूलाई धकाल्दै हुनुहुन्छ । तर साच्चीकैमा उहाँले आफ्नो "सत्यताको वचन" को विषयमा (याकूब १:८ बाट) शिक्षालाई निरन्तर दिनु भएको छ । हामी विस्वासीहरू परमेश्वरको सत्य वचनले साँच्चीकै परिवर्तन हुन भन्दा पहिला हाम्रो स्वभाव परिवर्तन हुन पर्छ र वाधाहरू सफा गर्नपर्छ ।

प्रथम "हामी सुन्नमा छिटो, बोल्नमा ढिलो र रिसाउनमा धीमा हुनुपर्छ" (याकूब १:१९) । यहाँ एउटा स्वभाव छ जुन परिवर्तन हुनैपर्छ : "सवै कुरा जान" विचार । आफ्नो विचारलाई छिटै हावामा फाल्नु भन्दा बरु हानी रोक्न र परमेश्वरले के भन्न हुन्छ सो सुन्नुपर्छ चाहे अरुहरूबाट होस, अथवा पवित्र आत्माद्वारा हाम्रो अन्तस्करणमा । हामी असहमत हुने कुरा भनिएको छ भने हामी रिसाउने भन्दा बरु, हामी सिकाउने आत्मालाई पाल्नु पर्छ । बेरियनहरू जस्तै "यहाँका यहूदीहरू थेसलोनिकेकाहरूभन्दा बढी भला थिए। किनभने यिनीहरूले पुरा उत्सुकताकासाथ वचन ग्रहण गरे, र ती कुराहरू ठीकै त्यस्तै हुन कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानवीन गर्थे" (प्रेरित १७:११) । हामीसंग सत्यतालाई बाइबल अध्यायन र प्रार्थनाद्वारा खोज्ने मौका छ र त्यसपछि अन्य व्यक्तिहरूलाई यो भद्र स्वभाव र प्रेम साथ बाढ्न सक्छौं ।

दोस्रो, याकूब भन्नुहुन्छ, "सवै फोहोर कुरा र समस्त दुष्टतालाई हटाओ" (याकूब १:२१) । हामी यो कसरी गर्न सक्छौ ? त्यहाँ यस्ता कार्यहरू छन जसले परमेश्वरको आत्मालाई हामीमा काममा वाधा गर्दा आउनेलाई हटाउन सक्छौ । हाम्रो व्यभचारी कार्यलाई रोक्न छान्न सक्छौ अथवा एक प्रेमलाप जसले कार्यमा डोऱ्याउँछ । हामी अरुहरूको सामान चोर्न बन्द गर्न सक्छौ, हाम्रो ग्राहकहरूलाई ठग्न बन्द, हाम्रो कर तिर्न ठग्न बन्द, अथवा हाम्रा काममा पुरा ध्यान दिने कामदारहरूलाई ठग्न बन्द गर्न सक्छौ । हाम्रा भावनाहरू वा इच्छाहरू जसले हामीलाई गल्ती गर्न परिक्षा दिन्छन तिनीहरूलाई परिवर्तन गर्न सक्दैनौ तर हामीले बाहिरी काम के गर्ने छान्न सक्छौ र पवित्र आत्माले हाम्रा भावनाहरू र इच्छाहरूलाई ठिक ठाउँमा राख्नु हुन्छ भनी भरोसा गर्न सक्छौ ।

याकूबले भन्नुहुन्छ कि यदि हामी साच्चीकै विश्वासीहरू हौ भने, हामीसँग नम्र आत्मा हुनुपर्छ- परमेश्वरले के भन्नुहुन्छ भनी सुन्न व्याकुल हुनुपर्छ र उहाँले के भन्नुहुन्छ सो गर्न उहाँले हामीलाई शक्ति दिनु हुन्छ भनी विश्वास गर्नुपर्छ । प्रभुको बल विना, जो पवित्र आत्माद्वारा हामीमा आउँछ, हाम्रो स्वभाव र कार्यहरूलाई परिवर्तन गर्न असम्भव छ । परमेश्वरले हामीलाई हाम्रो आफ्नै शक्तिमा सफल हुन भन्नुहुन्छ । तैपनि उहाँ चाहनुहुन्छ कि हामी आज्ञाकारी नोकर हुने छनौट गरौ । हामी अझैपनि आफ्नो वलमा हिड्न र हामी आफ्नो समझशक्तिमा भर पर्न पर्दैन, तर वरु हाम्रो हात, उहाँको हातमा राखेर हिड्छौ । पावलले भन्नुभयो "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु" (फिलिप्पी ४:१३) ।

जव हामी परमेश्वरसँग यी कुराहरू माथि विजय हुन मदत माग्छौ, जुन कुराहरू उहाँको वचन स्वीकार गर्नमा बाधा हुन्छन तव याकूब भन्नुहुन्छ हामीहरू "हृदयमा रोपी राखेको वचनलाई नम्रतापूर्वक धारण" गर्नुपर्छ (याकूब १:२१) । परमेश्वरको वचनले हामीलाई आत्मीकी परिपक्कतामा बढ्न सहायता गर्छ, तर यसलाई सधै स्वीकार गर्न सजिलो हुदैन । हिब्रू ४:१२ ले यसरी व्याख्या गरेको छ, "किनकी परमेश्वरको वचन जीवित र क्रियाशिल हुन्छ र कुनैपनि दुइधारे तरवारबाट बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई, त्यसका जोर्नी-जोर्नी र हाडको गुढी सम्मलाई, भाग भाग पारुन्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ ।" हाम्रो अन्तरकरणका विचारहरू र स्वभावहरू परमेश्वरसंग सवै खुल्ला छ भन्ने कुरा हामीले महसुस गर्दा यो एकदम अप्ठ्यारो र वेदनापुर्वक पनि हुन सक्छ । तर जबसम्म उहाँले हाम्रो हृदय भित्र प्रवेश गरेर हामीमा भएको दुष्टतालाई हटाउनु हुन्न हामी कहिल्यै पनि उहाँमा परिपक्क हुन सक्दैनौ ।

## वचन अनुसार गर - याकूब १:२२-२५

अव हामी यो पदमा आइपुग्यौ जुन पदले याकूबको किताबको पुरै शिक्षालाई समात्छ: "तर वचन पालन गर्ने होओ र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ" (याकूब १:२२) । यदि हामी वचन सुन्छौ तर सो अनुसार चल्दैनौ भने हामीहरू यस्ता हुन्छौ कुनै मानिसले वचन सुन्छ तर पालन गर्दै भने, त्यो एउटा यस्तो मानिस जस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ किनकी त्यसले आफैलाई हेर्छ र गइहाल्छ र त्यो आफै कस्तो थियो त्यो तुरुन्तै विर्सिहाल्छ (याकूब १:२३-२४) । हामी ऐनामा हेरेर हाम्रो अनुहारमा भएको फोहर देख्न सक्छौ तर यदि हामी गएर धुदैनौ भने, हामी छिट्टै यसलाई विर्सिन्छौ । हामी प्रवचन सुन्न र बाइबल अध्ययन गर्न सक्छौ, तैपनि यदि हामी परमेश्वरले हाम्रो हृदयमा बोल्नु भएको कुरा गर्दैनौ भने तिनीहरूले हामीलाई केही फाइदा गर्दैन हामी यस्तै (मतलव) वास्ता नगरेको हुन सक्छौ ।

यसलाई हाम्रो डाक्टरकहाँ जानुसंग दाज्न सक्छौ, जसले हामीलाई के गर्नुपर्ने हो सो भन्छ उसले औषधी लेखी देला । जुन हामीले दिनमा दिनमा चार पटक लिनुपर्छ । यसकारण हामी औषधी पसल गएर औषधि किनेर घर आउँछौ । यदि हामी निको हुन आशा गर्छौ भने निर्देशन अनुहार हामीले औषधी लिनुपर्छ । औषधी त किन्छौ र अल्मारामा राखि दिन्छौ मात्र भने हामीले आफैलाई धोखा दिन्छौ । हामीले डाक्टरले गर्नु भने अनुसार गर्दैनौ । यस्तै गरी हामी इसाइहरू वचन सुन्न मात्र होइन तर प्रभुको आज्ञा पालन गर्ने भएनौ भनेता हामीले आफैलाई धोखा दिएका छौ ।

तर सु-समाचार चाहिँ, "तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर विर्सिहाल्ने

होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष पाउनेछ" (याकूब १:२५)। "एकाग्रचित" परमेश्वरको वचन हेर्दा र आज्ञापालनले स्वतन्त्रता र आशिष ल्याउँछ। दिनभरी परमेश्वरको वचनमा ध्यान दिनुहोस्, ताकि तपाईको जीवनको गहिराई सम्म पुग्न सक्छ। परमेश्वरलाई यो कुरा तपाईको मनमा ल्याउन अनुरोध गर्नुहोस् ताकि तपाइका हरेक निर्णय शब्द र काम उहाँको इच्छा अनुसार होस्।

## परमेश्वरको चुनौति - याकूब १:२६-२७

अब याकूबले हाम्रो जीवनमा धेरै ठाउँहरू देखाउँछन्, जहाँ परमेश्वरको वचनलाई व्यवहारमा ल्याउन आवश्यक छ। पहिला, हामी हाम्रो जिब्रोमा "लगाम" लगाउनुपर्छ (याकूब १:२६)। जे कुरा हाम्रो मुखले भन्छ त्यसले हाम्रो भित्रि आत्मिकी अवस्थाको हालत जनाउँछ। जिब्रो शरिरको सबै भन्दा साना अंगहरू मध्ये एक हो, तैपनि यो सबै भन्दा शक्तिशाली मध्ये एक हुन सक्छ, कि दु:ख दिन वा चड्गाई गर्न। यदि हामी परमेश्वरलाई हाम्रो जिब्रोमा लगाम लगाउन दिन सक्दैनौ भने, याकूबले भन्नुहुन्छ तब हाम्रो धर्म वेकारको हुन्छ। मानिसहरू जसले आफैलाई इसाई भन्छन, आराधना सेवामा जान्छन, मण्डलीलाई पैसा दिन्छन, अथवा अरु धार्मिक विधिहरू गर्छन, अर्कोतिर उही समयमा, अरुका कुरा काट्छन, प्रभुका नाम वेकारमा लिन्छन, फोहर गाली गर्छन अथवा झुटो बोल्छन, यसले यो प्रमाण गर्छ कि, तिनीहरूको धर्म साँचो होइन तर बाहिरी देखावटी मात्रै हो। यस्ता पाखण्डी अरु मानिसहरूलाई तिनीहरूको विश्वास गरेको धर्मबाट अन्तै लैजान्छन्।

अर्को, याकूबले भन्नुहुन्छ, ख्रिष्टसँगको साँचो सम्बन्ध जिवन परिवर्तन गर्ने शक्ति हो। हाम्रा काम र व्यवहारहरू प्रेमले गरिएको हृदयबाट निस्केका हुन्छन्। हामीले निरास भएको मानिसहरूलाई मद्धत गर्नुपर्छ जस्तै विधवाहरू र अनाथहरू। यर्मिया २२:१५-१६ ले यसरी चुनौती राखेको छ। यसरी चुनौती राखेको छ। "के धेरै भन्दा धेरै देवदारु भएर तँ राजा हुन्छस ? के तेरो बाबुसित खान र पिउने थोक थिएनन र ? त्यसले उचित र ठिक काम गऱ्यो र त्यसलाई असलै भयो। त्यसले गरिब र दरिद्रहरूको रक्षा गर्यो र त्यसलाई असलै भयो। मलाई चिन्नुको अर्थ के यो होइन र ? परमप्रभु भन्नु हुन्छ।" येशूले सिकाउनु भयो कि जब जब हामी खाँचोमा परेकालाई मद्धत गर्छौ, हामी उहाँको लागि सत्य काम गर्ने हुन्छौ (हेर्नुहोस् मत्ती २५:३४-४०)। के तपाईले हालै आफ्नो वरिपरि समाजमा हेर्नु भएको छ ? के तपाईले दुनियाँ भरमा भएको गरिब मानिसहरूको विषयमा पढ्नु वा सुन्नु भएको छ ? के तपाई गरिबहरूको सेवा गरेर परमेश्वरको सेवा गर्न चुनौती लिनुहुन्छ ?

अन्तमा, याकूबले भन्नुहुन्छ, हामीले आफैलाई संसारबाट निष्कलङ राख्नुपर्छ (याकूब १:२७)। संसार भन्नाले दुष्टताको पुरा काम हो जुन हरेक मानव जातिमा फैलिएको छ र परमेश्वर र धार्मिकताको विरोधी हो।[1] याकूबले थुप्रै दुष्ट कामहरू जसमा खराब को टिकट टाँसिएको हुन्छ, जस्तै: नाँच्नु रक्सी पिउनु कसम खानु आदिको विषयमा मात्र कुरा गर्नु भएको होइन। वरु, उहाँले हामीलाई हाम्रो पुरै स्मरण शक्ति, हाम्रो संसार दृष्टिलाई द्वारपाल राख्नुपर्ने र सबै संसारको अनुमानहरू र दर्शन शास्त्रहरू र यदि हामीहरू होसियार नभएमा सजिलैसंग व्यवहारमा ल्याउन सकिने स्वभावहरू देखी, होसियार रहने चेतावनी दिनुभयो। निरन्तर रुपमा परमेश्वरको वचनमा एकाग्रचित्त साथ हेरेर र हाम्रो मनको अगाडी राख्नु होस् भनी मागेर मात्र, हामी संसारको मैलाबाट अलग रहन सक्छौ।

1. *The Expositor's Bible Commentary.*

# अध्ययनका प्रश्नहरू

**तपाई यस हप्ताको अध्ययन शुरू गर्नु भन्दा पहिला :**

- परमेश्वरसंग पवित्रआत्माद्वारा तपाईसँग बोल्नु होस भनेर प्रार्थना गर्नुहोस् र माग्नुहोस्।
- तपाईको उत्तरको निम्ती बाइबल मात्र प्रयोग गर्नुहोस्।
- तपाईको उत्तर र तपाईले प्रयोग गरेको पद लेख्नुहोस्।
- चुनौतीपूर्ण प्रश्नहरू तिनीहरूका निम्ती हुन जससंग समय छ र गर्न चाहन्छ।
- व्यक्तिगत प्रश्नहरू यदि तपाईको इच्छा भए कक्षामा अरुलाई भन्न सक्नु हुन्छ।
- तपाई पढ्दै जाँदा, यो हप्तामा कण्ठ गर्ने पदको खोजी गर्नुहोस्।

## पहिलो दिन : याकूब १:१३-२७ को टिप्पणी पढ्नुहोस्।

१) याकूब १:१३-२७ मा टिप्पणी पढ्दा अथवा शिक्षकको सिकाईबाट के अर्थपुर्ण अथवा नयाँ विचार पाउनु भयो ? तपाईको जीवनमा लागु गर्नका निम्ति के व्यक्तिगत प्रयोग छान्नु भयो ?

२) यशै पाठबाट यस हप्ता कण्ठस्थ गर्ने पद हेर्नुहोस्, त्यसलाई लेख्नु होस, साथमा बोक्नु होस, आफ्नो सुचना पाटीमा टाँस्नुहोस्, तपाईको कारको अगाडिको ड्यासबोर्डमा टास्नुहोस आदि पदलाई र यसको पाठलाई सिक्ने पूरै कोशिष गर्नुहोस्। पढ र "शिरोनामा" पाठ गर्न मेहनत गर्नुहोस् (बाइबलको पद अंक कहाँ छ भन्ने पढ्नुहोस्)।

## दोस्रो दिन : याकूब २:१-१३ पढ्नुहोस, १-४ पदमा ध्यान दिनुहोस्।

१) याकूबले हाम्रो प्रभु येशूलाई याकूब २:१क मा कसरी व्याख्या गरेका छन्।

२) हिब्रू १:३ पढ्नुहोस्। हाम्रो प्रभु येशू ख्रीष्ट किन महिमित हुनुहुन्छ ?

३) हाम्रो विश्वास येशू ख्रीष्ट जस्तो उचालिएको व्यक्तिमा भए देखि, याकूबले हामीलाई के कहिल्यै गर्नु हुँदैन भन्नुहुन्छ ? (याकूब २:१ख)

४) (क) याकूबले भेदभावको कुन उदाहरणको सम्वोधन गर्नुभयो ? (याकूब २:२-३)

(ख) चुनौती : धन सम्पत्ति बाहेक कुन स्थरद्वारा आजका ख्रीष्टयनहरू अरुहरूलाई न्याय गर्न र भेदभाव गर्न परिक्षित हुन्छन् ?

५) याकूबले कसरी भेदभावको व्यवहारलाई दोष लगाए ? (याकूब २:४)

६) व्यक्तिगत : तपाई कसरी भेदभाव देखाएको कारण दोषी हुनु भयो ? कोही व्यक्ति छ, जसलाई तपाईले यसरी अप्रसन्न गराउनु भएको जुन तपाईले मिलाप गर्नुपर्ने छ वा क्षमा माग्नु पर्नेछ ? प्रार्थना गर्नुहोस् र परमेश्वरसँग तपाईले जानी नजानी गरेको भेदभावलाई देखाए र तपाईलाई यस्तो काम रोक्न मद्दत माग्नु होस्।

## तेस्रो दिन : याकूब २:१-१३ मा पुनर्विचार गर्दै, पद ५ लाई ध्यान दिनुहोस् ।

१) धेरैजसो पहिलेका मण्डलीहरूमा कस्ता किसिमका मानिसहरू थिए ? (याकूब २:५क)

२) येशूले मत्ती ११:२-५ मा याकूबलाई के भनेर समर्थन दिनु भएको छ ?

३) (क) परमेश्वरले आफ्नो मण्डलीमा धेरैजसो गरीबहरूलाई छान्नुको एउटा मुख्य कारण, उनीहरू परमेश्वरको सु-समाचारको लागि खुल्ला हुन्छन् । मर्कूस १०:१७-२२ पढ्नुहोस् कुन कुराले यस, मानिसलाई येशूको पछि लाग्न दिएन ? (मर्कूस १०:२१-२२)

(ख) १ कोरिन्थी १:२६-२९ पढ्नुहोस् । परमेश्वरले गरिबलाई छान्नुको अर्को कारण के हो ?

४) (क) संसारको हेराईमा धेरै जना गरिब भएतापनि सवै विश्वासीहरूको साँचो स्थर के हो ? (याकूब २:५ख)

(ख) चुनौती : मत्ती २५:३१-४६ पढ्नुहोस् । ३४ र ४६ पढे अनुसार येशू ख्रीष्टमा विश्वास गर्नेहरूको पैतृक धन (अंश) के हो ?

५) व्यक्तिगत : "संसारले" तपाईको स्थरलाई न्याय गर्छ भन्ने कुरा तपाई कसरी सोच्नु हुन्छ ? यदि तपाई संसारको हेराईमा गरिब हुनु हुन्छ भने के तपाईले तपाईको येशू ख्रीष्टमा भएको सम्पत्ति र उहाँले तपाईको निम्ती तयार गर्नु भएको अंशको अनुभव गर्नु भएको छ । यदि संसारले तपाईलाई धनी भन्छ भने, के तपाईको सम्पत्ति तपाईलाई पुरै रुपमा येशूको पछि लाग्नबाट रोकावट भएको छ ? मर्कूस १० मा भएको मानिसलाई झैं, उहाँले हामीलाई सधै सवै कुरा त्याग्नु भन्नु हुदैन तर हामीसँग भएको सवै कुरा उहाँलाई समर्पण गरेको र उहाँले हामीलाई दिनु भएको कुरा उद्धार चित्त साथ दिएको उहाँ चाहनु हुन्छ ।

## चौथो दिन : याकूब २:१-१३ मा पुनर्विचार गर्दै, पद ६-७ मा ध्यान दिनुहोस् ।

१) परमेश्वर आफैले धेरै गरिबहरूलाई छान्नु भएतापनि, याकूबमा स्रोताहरूले तिनीहरूलाई कस्तो व्यवहार गरे ? (याकूब २:६क)

२) येशूले कुन तिन प्रश्नहरू सोध्नु भयो जुन कुराले उहाँका स्रोताहरूले धनीहरूलाई पक्षपात गरेको देखाएको कति नमिल्दो थियो भनेर देखायो ? (याकूब २:६ख-७)

३) याकूबका तिनवटै प्रश्नहरूको उत्तर स्पष्ट रुपमा "हो" थियो । यस्ता कामको लागि तलका पदहरूमा के उत्तर पाउनु हुन्छ ?
प्रश्न १ : यशैया ३:१४

प्रश्न २ : प्रेरित १६:१९

प्रश्न ३ : मत्ती १२:२२-२४

४) फिलिप्पी २:६-११ पढ्नुहोस् । "लोकप्रिय नाम" को बारेमा के सिक्नुभयो ?

५) व्यक्तिगत : संसारको प्रख्यात व्यक्तिको पूजा गर्ने संस्कृति धनि र प्रसिद्ध मानिसलाई मुर्ति बनाउने कारण बन्छ । के तपाई यस संस्कृतिद्वारा पक्रिनु भएको छ ? के तपाईलाई कहिले काहि जे येशू ख्रीष्टले गरिरहनु भएको छ, त्यसले भन्दा धनि र प्रसिद्ध मानिसहरूले गरेका कुरा तिर तपाईलाई बढी चाख लाग्छ ? किन परमेश्वरसँग तपाईको हृदयलाई एकमत्र सत्य र आराधनाको योग्य परमेश्वर तिर फर्काउनुको निम्ती परमेश्वरसँग यसको विषयमा कुरा गरेर नमाग्ने त ?

## पाँचौ दिन : याकूब २:१-१३, मा पुनर्विचार गर्दै, पद ८-११ मा ध्यान दिनुहोस् ।

१) हाम्रो अरुहरूसँगको व्यवहारमा कुन नियम पालन गर्नुपर्छ ? (याकूब २:८)

२) (क) यो "राजकिय व्यवस्था" पहिलो पटक लेवी १९:१८ मा स्पष्ट गरिएको छ । मत्ती २२:३६-४० मा येशूले यसलाई कसरी पुष्टि गर्नुभयो ?

(ख) रोमी १३:८-१० मा पावलले यस व्यवस्थालाई कसरी स्पष्ट गर्नुभयो ?

३) याकूब २:९ मा याकूबले पक्षपातको बारेमा के निष्कर्षमा पुग्नु भयो ?

४) पक्षपातको एककामले एक व्यक्तिलाई व्यवस्था तोडुवा बनाउँछ भन्ने कुरालाई याकूबले कसरी व्याख्या गरेका छन् ? (याकूब २:१०-११)

५) कुनै पनि पाप, चाहँ "सानो" वा "ठूलो"ले एक व्यक्तिलाई पापी (कानुन तोडुवा बनाउँछ) त्यसले मुद्दा ल्याउँछ । हामी कसरी परमेश्वर कहाँ जान सक्छौ त ? जो पवित्र हुनुहुन्छ र पापलाई सहन सक्नुहुन्छ ? पढ्नुहोस् १ यूहन्ना १:९ ।

६) व्यक्तिगत : परमेश्वरले हाम्रो बारेमा सवै कुरा जान्नुहुन्छ हरेक विचार र हरेक कार्य । हाम्रो पाप स्वीकारमा उहाँ अचम्म मान्नु हुन्न र जब हामी इमान्दारीतासाथ पश्चाताप गरी उहाँ कहाँ आउँछौ, उहाँ प्रसन्न हुनुहुन्छ । यदि तपाईलाई मनपर्छ भने, पाप स्वीकारको एक प्रार्थना यहाँ लेख्नुहोस् ।

## छैठौं दिन : याकूब २:१-१३ मा पुनर्विचार गर्दै पद १२-१३ मा ध्यान दिनुहोस् ।

१) याकूब २:१२-१३ मा याकूबले के चेतावनी दिएका छन् ?

२) याकूबले तिनीहरूलाई लेख्नु हुँदैछ जो पहिलेनै बाँचेका दिए र विश्वासद्वारा येशू ख्रीष्टमा अनन्त जीवन पाइसकेको भएका कारणले उहाँले भन्नु भएको न्यायको उद्देश्य विश्वासीहरूलाई इनाम दिनको लागि हो । तल दिएका पदहरूबाट तपाई यस विषयमा के शिक्षा सिक्नु हुन्छ ?

१ कोरिन्थी ३:११-१५

प्रकाश २२:१२

३) हामीहरू उहाँको स्थर अनुसार जीवन जिएको परमेश्वर चाहनु हुन्छ र उहाँले यसो गर्नको लागि हामीलाई सहायता गर्न पवित्र आत्मा दिनु भएको छ । गलाती ५:२२-२३ यसको बारेमा के भन्छ ?

४) चुनौती : याकूबले अरुप्रति दयाँ देखाउने कुरालाई महत्व दिएका छन् । मत्ती १८:२१-३५ पढ्नुहोस् । हामीले दया देखाउनु पर्छ भनि येशू ख्रीष्टले किन भन्नुभयो ?

५) याकूबले भन्नु भए जस्तै, हर एक विश्वासी परिणाम स्वरुप ख्रीष्टको न्यायको सिंहासनको अगाडी आउँछन् । तर हामीले न्यायको डरले आज्ञापालन गरेको उहाँ चाहनु हुन्न । बरु, हामीले प्रेमद्वारा उहाँको सेवा गरेको उहाँ चाहनुहुन्छ । १ यूहन्ना ४:१५-१९ पढ्नुहोस् । किन हामी परमेश्वरलाई प्रेम गर्न सक्छौ र किन जव न्याय हुन्छ निर्धक्क हुन्छौ ?

६) व्यक्तिगत : के तपाईले येशू ख्रीष्टलाई परमेश्वरका पुत्र भनि चिन्नुहुन्छ र उहाँमा मुक्तिको लागि भरोसा गर्नु भएको छ ? उसो भए, परमेश्वरले तपाईमा वास गर्न र तपाईलाई उहाँ जस्तै हुन मद्दत गर्न पवित्र आत्मा दिनु भएको छ । कुनै त्यस्तो अवस्था छ, जहाँ तपाईले दयाँ देखाउन असफल हुनु भएको छ ? परमेश्वरसँग तपाईको हृदय परिवर्तन गरिदिनुहोस् भनि माग्नुहोस ताकि तपाई सुधार गर्न सक्नुहुन्छ, यदि सम्भव भए र ताकि तपाई भविष्यमा दयालु हुन सक्नु हुनेछ ।

# याकूब
# पाठ - ४

जीवनको आनन्द
बाइबल अध्ययन

## पक्षपात छैन - याकूब २:१-४

परमेश्वरले सबै पुस्ताका सबै विश्वासीहरूलाई दिनु भएको सफा वचन (खबर) यहाँ छ । यदि हामीहरूको विश्वास "हाम्रा महिमाका प्रभु येशू ख्रीष्ट" मा छ (याकूब २:१), त्यसकारण हामीहरूले कसैलाई पनि पक्षपात को व्यवहार गर्नु हुदैन । येशू जसको नाम "हरेक नाउँ भन्दा उच्च" छ (फिलिप्पी २:९), जो उहाँ कहाँ प्रेम र दयाँ साथ आउने हरेक मानिसलाई उहाँ स्वीकार गर्नुहुन्छ । त्यसो भए कसरी, उहाँलाई पछ्याउनेहरूले अरुहरूलाई पक्षपात र विवेदना गर्न सक्छन ?

परमेश्वरले दुवै नयाँ नियम र पुरानो नियम भरिनै घरि घरि हरेक व्यक्तिको सामान्य र मर्यादालाई जोड दिनु भएको छ । उदाहरणको लागि व्यवस्था २४:१४-१५ ले शिक्षा दिन्छ "तिमीहरूको इजरायली भाइ होस् वा तिमीहरूमा शहरहरूमध्ये कुनै एकमा आई बसेको परदेशी होस् कुनै गरीब र दरिद्र ज्याला दारी नोकरबाट नाजायज फाइदा नउठाओ । सूर्यास्त अघि नै प्रतिदिन त्यसको ज्याला दिइहाल्नु, किनकि त्यो एक गरीब हो र त्यो आफ्नो ज्यालामा नै भर परेको हुन्छ । नत्रत त्यसले तिमीहरूका विरुद्धमा परमप्रभुलाई पुकाऱ्यो भने तिमीहरूलाई पाप लाग्नेछ ।" गलाती ३:२६-२८ ले पुष्टि गर्छ "किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ, किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारणा गरेका छौ ।"

हाम्रा प्रभु येशू पृथ्वीमा अहिलेसम्म हिडेका मानिसहरू भन्दा हामीबाट स्वतन्त्र र पक्षपात न देखाउने हुनुहुन्थ्यो । ख्रीष्ट पहिला उहाँका आफ्नैहरू, यहूदी जाति कहाँ आउनुभयो, तैपनि उहाँ जातिको निम्ती पनि आउनु भयो । फरिसीहरू र हेरोदीहरूले उहाँलाई फसाउन चाहेतापनि, तिनीहरूका शब्दहरू ले हाम्रो प्रभुको स्वभावलाई शिद्धसंग (मत्ती २२:१६) देखाएको छ । "तिनीहरूले आफ्नो चेलाहरूलाई हेरोदी दलका मानिसहरूसंग उहाँकहाँ पठाए । तिनीहरूले भने "हे गुरुज्यु, हामी जान्दछौं, तपाई सत्य हुनुहुन्छ र परमेश्वरको मार्ग साँचो गरी सिकाउनुहुन्छ र तपाई कसैको भय मान्नुहुन्न, किनकि तपाई मानिसहरूका मुख हेरेर काम गर्नुहुन्न" । येशू उहाँमा विश्वास गर्ने जति सबै मानिसहरूलाई मुक्ति दिन (रोमी १०:९-१३ हेर्नुहोस्), हरेक कुल र जातका सबै स्त्रीहरू र पुरुषहरूलाई साँचो समानता र मुल्य मान्यता ल्याउन लागि आउनु भएको हो ।

याकूबले यस्ता विश्वासीहरूको उदाहरण दिनु भएको छ जसले तिनीहरूको संगतीमा आउने धनी मानिसहरूलाई पक्ष साथै भित्र आउने गरीबहरूको विरुद्धमा विवेचना गरेका थिए । उहाँले निष्कर्ष गर्नुभयो कि हामीले यसो गर्दा हामीहरू "कुविचार भएका न्यायकर्ता" बन्छौं (याकूब २:४) । आज हामीहरू सम्पत्ति, कुल, जात, शिक्षा, लोकप्रियता अथवा अनगिन्ती श्रेणीहरूका आधारका विभेचना गर्न परिक्षित हुन सक्छौ तर याकूबले भन्नुहुन्छ, यस्ता सबै विभेचनाहरू पुर्ण रुपमा गल्ती छन् । परमेश्वरको नजरमा हरेक व्यक्तिको बराबर मान्यता छ र हामीले अरुसंगको व्यवहारमा उहाँको उदाहरण पछ्याउनु पर्छ ।

हामीले निरन्तर याद गर्नुपर्छ की हामी सबै जना पश्चात्ताप गरेका पापीहरू महिमाको प्रभुलाई आराधना गर्न जम्मा भएका छौं । अर्को आराधनाको बाहिरी रुप महत्वपुर्ण छैन । जब हामी विश्वासिहरूको शरिर भएर आराधनामा प्रवेश गर्छौं, हाम्रो व्यक्तिगत परिचयलाई अलग राख्नुपर्छ । मिसिएको झुण्डहरूमा यस्ता मानिस हुन सक्छन जससंग सम्वन्ध राख्न गाह्रो हुन्छ भन्ने कुरामा त शंकै छैन । तिनीहरूको चाख उस्तै नहोलान, भेषभुषा अर्को होला अथवा हामीसँग भन्दा तिनीहरू संग यस संसारका धन कम होला, तैपनि याकूबको यस पदद्वारा हामीले तिनीहरूलाई हाम्रो ख्रीष्टको परिवारमा स्वीकार गर्नुपर्छ र हाम्रो अवस्थाले हाम्रो उनीहरू प्रतिको उत्तरदायित्व लाई प्रभाव नपरोस भनेर हामीलाई भनिएको छ ।

## परमेश्वरले गरिवहरूलाई छान्नुभयो - याकूब २:५

याकूबले उहाँको अर्को वाक्यको भुमिका यसरी गर्नुभयो "मेरा प्रियहरू, सुन के परमेश्वरले संसारका गरीवहरूलाई विश्वासमा धनी तुल्याएर त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्न भएन र ? यहि राज्य उहाँलाई प्रेम गर्नेहरूलाई उहाँले दिने प्रतिज्ञा गर्नुभएको होइन र ?" (याकूब २:५) यो पदका शब्दहरू "संसारको आँखामा गरिब" भन्नाले पैसा नभएकाहरू भन्ने जरुरी छैन । संसारले यदि तपाई गलत जात अथवा गलत सामाजिक क्लास, अथवा यदि तपाईले ठिक स्कुलमा पढ्नु भएन वा यदि तपाई ठिक क्लासको हुनु हुन्न भने तपाईलाई गरिबको दर्जा देला ।

उदेकको समाचार यो छ कि परमेश्वरले खास गरी त्यस्ता मानिसहरूलाई उहाँको मण्डली बनाउन छान्नु भयो जसलाई संसार अति आदर दिदैन । येशूले भन्नु भयो उहाँ गरिबलाई सु-समाचार प्रचार गर्न आउनुभयो (मत्ती १:५ हेर्नुहोस्) । पहाडी शिक्षामा उहाँले भन्नुभयो "धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो" (मत्ती ५:३) । यी मानिसहरू जुन मानिसहरू संसारको आँखामा गरिव छन, तिनीहरू आफ्नो अपर्याप्तता जान्दछन । तिनीहरू महसुस गर्दछ कि परमेश्वरले मात्र तिनीहरूको खाँचो पुरा गर्न सक्नु

हुन्छ तिनीहरू जान्दछन कि तिनीहरूलाई प्रभु येशू तिनीहरूको मुक्तीदाता को खाँचो छ ।

तुलनात्मक रुपमा, चाहे पैसा, स्थर, प्रशिद्धी, बुद्धि वा शक्तिमा, संसारको आँखामा धनि हुनु येशूको पछि लाग्दा वाधा वन्न सक्छ । मर्कुसको सुसमाचारले एक मानिसको कुरा गरेको छ जसले येशूसंग अनन्त जीवन कसरी प्राप्त गर्न सकिन्छ भनेर येशूलाई प्रश्न गर्यो । जव येशूले आज्ञाहरूको सुची बनाउनु भयो, त्यस मानिसले बच्चैदेखि ति सबै आज्ञापालन गरेको छु भनेर दावि गऱ्यों । येशूले त्यसपछि भन्नुभयो, येशूले त्यसलाई हेर्नुभयो र त्यसलाई माया गरेर भन्नुभयो, "तिमीलाई अझ एउटा अभाव छ । जाऊ र तिम्रा जे जति छन् विक्री गर र गरीबहरूलाई देऊ र तिमीलाई स्वर्गमा सम्पत्ति मिल्नेछ । अनि आएर मेरो पछि लाग" (मर्कूस १०:२१) । त्यसपछि मर्कूसले भन्छन त्यस मानिस निरास भएर गयो किनकी त्यससंग धेरै धन सम्पत्ति थियो । उसको धन येशूको पछि लाग्नमा उसको बाधा बन्यो ।

परमेश्वरले संसारको आँखाको धेरै गरीवहरूलाई छान्नुहुन्छ, ताकि हामी खीष्टयनहरू हाम्रो आफ्नो धनले वाचेका हौ भनि दावि नगरौ । पावलले लेख्नुभयो "भाइ हो, जब तिमीहरू बोलाइएका थियौ, तिमीहरू कस्ता थियौ ? सो विचार गर । संसारका स्थर अनुसार तिमीहरूमध्ये धेरै जना बुद्धिमान, धेरै जना शक्तिशाली र धेरै जना खानदानी थिएनौ । तर बुद्धिमानहरूलाई शर्ममा पार्न परमेश्वरले संसारका मुर्ख कुराहरूलाई छान्नुभयो र शक्तिशालीहरूलाई शर्ममा पार्नलाई परमेश्वरले संसारका निर्बल कुराहरूलाई छान्नुभयो । परमेश्वरले संसारका नीच र तुच्छ ठहरिएका कुराहरूलाई चुन्नुभयो यस हेतुले कि जुन कुरा छन ती व्यर्थ ठहरिऊन र कुनै प्राणीले परमेश्वरको सामुन्ने अहङ्कार नगरोस्" (१ कोरिन्थी १:२६-२९) ।

येशूले देखाउनु भयो कि हरेक विश्वासी संसारको नजरमा तिनीहरू जस्ता सुकै भएपनि "विश्वासमा धनि" हुन्छ र परमेश्वरबाट सम्पत्ति पाउन अघि हेर्न सक्छ । "मेरा प्रियहरू, सुन के परमेश्वरले संसारका गरीबहरूलाई विश्वासमा धनी तुल्याएर त्यस राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र ? यहि राज्य उहाँलाई प्रेम गर्नेहरूलाई उहाँले दिने प्रतिज्ञा गर्नुभएको होइन र" (याकूब २:५) । येशूले चेलाहरूलाई भन्नुभयो, यो सम्पत्ति, तब राजाले आफ्ना दाहिने पट्टिकाहरूलाई भन्नेछ, 'आओ, संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर । धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्" (मत्ती २५:३४, ४६) ।

## पक्षपात अमिल्दो छ - याकूब २:६-७

परमेश्वरले जो संसारको नजरमा गरीब छन् तिनीहरूलाई आफ्ना बनाउन छान्नु भएको सत्यको विरुद्धमा, याकूबले लेख्नु भएका खीष्टयनहरूले संगतीमा आउने धनीहरूलाई मान र गरिबहरूलाई अपमान गर्दछन । याकूबले तिनीहरूको अमिल्दो कामलाई जोड दिएर तिनीहरूलाई ३ वटा प्रश्न सोध्नुभयो ।

१. के धनीहरूले तिमीहरूलाई अत्याचार गर्दैनन् र ?

२. के तिनीहरूले तिमीहरूलाई अदालतमा लादैनन् र ?

३. के तिनीहरूले त्यही आदरणीय नामको अपमान गर्दैनन र जुन नाउँद्वारा तिमीहरूलाई बोलावट भएको छ ? (याकूब २:६ख-७)

धनी मानिसहरू जो खीष्टियन संगतीमा आए, तिनीहरूले कुनै कुरालाई व्यक्तिगत रूपमा लिएका नहोलान । तर याकूबको कुरा यो हो कि धेरैजसो धनी र शक्तिशालीहरूले गरीब विश्वासीहरूलाई अत्याचार गर्दछन्, जसले तिनीहरूलाई घिसारेर सतावट सहनको निम्ती अदालतमा लैजान्छन र जसले प्रभु येशू खिष्टको नामको बदनाम गर्दछन । त्यसकारण किन, खिष्टयनहरूले तिनीहरूको पक्ष लिने, किनकी तिनीहरू धनी छन् ? जब खिष्टियन विश्वासीहरू संसारको मुल्यद्वारा बहकीन छोड्छन, तब तिनीहरू यो महसुस गर्छन कि धन, शक्ति वा सामाजिक स्थरले प्रशंसनीय मानिस बनाउँदैन ।

## तपाईको छिमेकीलाई प्रेम गर्नुहोस् - याकूब २:८-११

"शाही व्यवस्था" जुन हामीले पालन गर्नुपर्छ भनेर याकूब २:८ ले भन्छ, सो दुवै पुरानो र नयाँ करारमा पाइन्छ । परमेश्वरले आज्ञा गर्नुभयो "तर आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर" (लेवी १९:१८) । येशूले यसलाई दोस्रो ठुलो आज्ञाको दर्जा दिएर भन्नु भयो "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा समझले प्रेम गर्नु । महान र प्रथम आज्ञा यहि हो । दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नु । सारा व्यवस्था र अगमक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्" (मत्ती २२:३७-४०) । पावले पनि यो आज्ञालाइ रोमी १३:८-१० मा जोड दिनुभयो र निष्कर्ष दिदै, "प्रेम गर्नु नै व्यवस्था पुरा गर्नु हो" भन्नुभयो ।

याकूबले देखाउँदै जानुभयो कि, पक्षपात गर्नु सामाजिक गल्ती मात्र नभएर यो एक पाप हो । यो व्यविचार वा हत्या जस्तै हो । कुनैपनि पाप चाहे सानो होस वा ठुलो हामीलाई व्यवस्था तोडुवा वनाउँछ, पवित्र परमेश्वर कहाँ जान नसक्ने बनाउँछ । उहाँले हाम्रो पाप हटाउन बाटो बनाइदिनु भएको छ । "यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सवै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ" (१ यूहन्ना १:९) ।

हामीसंग उदेकको पवित्र आत्माको हामीमा बस्नु हुने स्रोत छ हामीलाई शाही व्यवस्था अनुसार जीउन सघाउँछ । (हेर्नुहोस् गलाती ५:२२-२३) हामी, आफ्नो बलले यसलाई पालन गर्न सक्दैनौ । जस्तै, हामी परमेश्वरमा भरोसा गर्छौ र उहाँको वचनमा ध्यान गर्छौ । उहाँले हामीमा र हामीद्वारा उहाँको व्यवस्था हाम्रो जीवनद्वारा पुरा गर्नको निम्ती काम गर्नु हुन्छ (हेर्नुहोस् फिलिप्पी २:१३) ।

## कृपा न्याय माथि विजय गर्छ - याकूब २:१२-१३

जब हामी प्रभु येशू खीष्ट कहाँ आउँछौ जो हाम्रो निम्ती मर्नुभयो, गाडिनु भयो र त्यसपछि मृत्युबाट वौरी उठ्नु भयो, हामी स्वतन्त्र परियौ । यसको अर्थ हामी पापको निम्ती स्वतन्त्र हुन्छौ भनेको होइन । हामी पापको वन्धन र ज्यालाबाट स्वतन्त्र भएका हौं । सधैंको निम्ती उहाँले चाहे जस्ता मानिस हुनका निम्ती स्वतन्त्र पारिएका हुन् । हामीहरू धार्मिक विधि विधानको पालन गरेर उद्धार पाउने कोसिसबाट स्वतन्त्र भएका हौ । हामी परमेश्वरको इच्छा गर्न स्वतन्त्र भएका छौ ।

याकूब २:१२ ले भन्छ कि विश्वासीहरू "स्वतन्त्रताको व्यवस्था बमोजिम न्याय पाउनेहरू का जस्तै होस् ।" यो "न्याय"ले यदि हामीले

अनन्त जीवन पाउँछौ वा मृत्यु भन्ने कुराको निर्णय गर्दैन, किनकि याकूबले यो पत्र ति विश्वासीहरूलाई लेखेको थिए जसको स्वर्गीय बाटो तिनीहरू को येशू ख्रीष्टमा भएको विश्वासले निर्णय गरिसकेको थियो (हेर्नुहोस् यूहन्ना ५:२४)। यद्यपी, यो न्यायलाई विश्वासीहरूलाई ईनाम दिने रूपमा प्रस्तुत गरिएको छ (१ कोरिन्थी ३:११-१५, २ कोरिन्थी ५:१०, प्रकाश २२:१२)।

तर यो न्यायले अरुहरू प्रति कृपा देखाउने कुरामा सवैभन्दा बढी जोड दिएका छन्। जस्तै येशूले मत्ती १८:२१-३५ मा देखाउनु भयो, हामीले कृपा देखाउनु पर्ने कारण प्रभुले पहिले हामीलाई कृपा गर्नुभयो। जसरी परमेश्वरले हाम्रो पाप क्षमा गर्नु भयो र दिनदिनै हामीले विन्ती गर्दा निरन्तर रुपमा हामीलाई क्षमा गर्नु हुन्छ। यसकारण हामीले पनि हामीप्रति कुव्यवहार गर्नेहरूले हामी प्रति जतिसुकै पटक हानी गरेता पनि हामीले उनीहरूलाई कृपा र क्षमा दिनुपर्छ। यदि कृपा हाम्रो जीवनको स्वभाव भयो भने हामी न्याय संग डराउनु पर्दैन, किनकि हामी जान्दछौ कि परमेश्वरको शक्तिद्वारा हामी उहाँ जस्तै हुदैछौ (हेर्नुहोस् १ यूहन्ना ४:१५-१९)।

# अध्ययनका प्रश्नहरू

**तपाई यस हप्ताको अध्ययन शुरु गर्नु भन्दा पहिला :**

- परमेश्वरसंग पवित्रआत्माद्वारा तपाईसँग बोल्नु होस भनेर प्रार्थना गर्नुहोस् र माग्नुहोस् ।
- तपाईको उत्तरको निम्ती वाइबल मात्र प्रयोग गर्नुहोस् ।
- तपाईको उत्तर र तपाईले प्रयोग गरेको पद लेख्नुहोस् ।
- चुनौतीपूर्ण प्रश्नहरू तिनीहरूका निम्ती हुन जससंग समय छ र गर्न चाहन्छ ।
- व्यक्तिगत प्रश्नहरू यदि तपाईको इच्छा भए कक्षामा अरुलाई भन्न सक्नु हुन्छ ।
- तपाई पढ्दै जाँदा, यो हप्तामा कण्ठ गर्ने पदको खोजी गर्नुहोस् ।

## पहिलो दिन : याकूब २:१-१३ को टिप्पणी पढ्नुहोस् ।

१) याकूब २:१-१३ मा टिप्पणी पढ्दा अथवा शिक्षकको सिकाईबाट के अर्थपुर्ण अथवा नयाँ विचार पाउनु भयो ? तपाईको जीवनमा लागु गर्नका निम्ति के व्यक्तिगत प्रयोग छान्नु भयो ?

२) यशै पाठबाट यस हप्ता कण्ठस्थ गर्ने पद हेर्नुहोस्, त्यसलाई लेख्नु होस, साथमा बोक्नु होस, आफ्नो सुचना पाटीमा टाँस्नुहोस्, तपाईको कारको अगाडिको ड्यासबोर्डमा टास्नुहोस आदि पदलाई र यसको पाठलाई सिक्ने पूरै कोशिष गर्नुहोस् । पढ र “शिरोनामा” पाठ गर्न मेहनत गर्नुहोस् (बाइबलको पद अंक कहाँ छ भन्ने पढ) ।

## दोस्रो दिन : याकूब २:१४-२६ पढ्नुहोस्, पद १४-१७ मा ध्यान दिनुहोस् ।

१) याकूबले याकूब २:१४क मा के अपकल्पित अवस्था अगाडि सारे ? नोट गर्नुहोस्, याकूबले साँच्चीकै विश्वास भएको व्यक्ति भनेका छैनन् ।

२) याकूबले याकूब २:१४ख मा कुन अर्को प्रश्न मुख्य प्रश्न सोधे ।

३) याकूबले याकूब २:१५-१६ मा के उदाहरण दिए १४ पदले व्यक्तिको बारेमा कस्तो खालको स्वभावको प्रतिक्षा गर्नुपर्छ ?

४) यो उदाहरणमा आधारीत कुन सिद्धान्त याकूबले अगाडि सारे ? (याकूब २:१७)

५) लूका ६:४६-४९ पढ्नुहोस् । यो सिद्धान्तलाई येशूले कसरी उदाहरण दिनुभयो ।

६) व्यक्तिगत : जब याकूबले एक व्यक्तिको बारेमा जोसंग “काम विनाको विश्वास” अथवा “आफैद्वारा विश्वास” हुन्छ, त्यो मानिसको बारेमा भन्नु भएको हो, जसले त्यसको मनमा सत्यलाई स्वीकार गर्छ तर तिनीहरूका हृदयलाई परिवर्तन हुन दिदैनन् । यो झुटो विश्वास हो । के तपाईले येशू ख्रीष्टलाई तपाईको मुक्तिदाता भनी स्वीकार गर्नुभयो ? यदि भयो भने तपाईले उहाँलाई तपाईको जिवनको प्रभु हुन दिनु भएको छ, ताकि तपाई उहाँ जस्तै हुनुहोस् ?

## तेस्रो दिन : याकूब २:१४-२६ मा पुनर्विचार गर्दै, पद १८-१९ मा ध्यान दिनुहोस् ।

१) (क) याकूबले कसरी भन्छन कुनै मानिसले विवाद गर्ला कि काम र विश्वास एक अर्कासँग सम्वन्धीत छैन र के एक विना अर्को हुन सम्भव छ ? (याकूब २:१८क)

(ख) याकूबले त्यो व्यक्ति, याकूब २:१८ख मा के चुनौती गरे ? के तपाईले यो सम्भव छ भनी सोच्नु हुन्छ ?

(ग) याकूबले साँचो विश्वासलाई देखाउने एक मात्र तरिका के हो भन्दै जान्छन् । (याकूब २:१८ग)

२) (क) याकूबले आफ्ना स्रोताहरूलाई याकूब २:१९क मा के विश्वासको आज्ञा गर्नुभयो ?

(ख) याकूबको स्रोताहरू यहूदी विश्वासबाट ख्रीष्टमा आएका थिए । सबै विश्वासयोग्य यहूदीहरू जस्तै, तिनीहरूले यो सत्यतामा विश्वास गरे होलान । व्यवस्था ६:४ ले यसलाई कसरी उल्लेख गरेको छ ?

३) (क) यो सत्यमा विश्वास गर्दा पाउने विश्वास स्थापना गर्दैन भन्ने कुरा याकूबले कसरी देखाउनु हुन्छ ? (याकूब २:१९ख)

(ख) चुनौती : तलका खण्डहरूमा कसरी येशूले याकूबको भनाइलाई प्रमाण गर्नुभयो ?
मर्कूस १:२३-२६

मर्कूस ५:२-९

४) साँचो विश्वासको प्रदर्शन गर्ने “कामहरू” ती वस्तुहरू होइनन जुन हामीले आफ्नो बलले गर्न सक्छौ । बरु तिनीहरू स्वभाविक रूपमा हाम्रो विश्वासद्वारा हामीले सेवा गर्ने प्रभुको शक्तिद्वारा बग्दछन् । यूहन्ना १५:५ मा येशूले यसको विषयमा के भन्नु हुन्छ ?

५) व्यक्तिगत : के तपाईको आफ्नो जीवनमा सत्य विश्वासका चिन्हहरू देख्नु हुन्छ ? यदि तपाई निश्चित हुनुहुन्न भने प्रभुसंग उहाँमा रहन सहायता माग्नुहोस्, ता कि तपाईको जीवनमा उहाँका फल उत्पन्न होउन । हर एक दिन उहाँको प्रत्यक्ष बढ्दै र प्रार्थना गर्दै उहाँसंग समय बिताउँदा तपाई उहाँको नजिक हुन सक्नु हुन्छ ।

## चौथो दिन : याकूब २:१४-२६ मा पुनर्विचार गर्दै, २०-२३ पदमा ध्यान दिनुहोस् ।

१) याकूबले अव उहाँको भनाइलाई पुष्ट्याउन के को बली दिन्छु भन्नु हुन्छ ? (याकूब २:२०)

२) (क) याकूबले प्रमाणको पहिलो उदाहरण के दिनु भयो ? (याकूब २:२१)

(ख) चुनौती : उत्पत्ति २२:१-१४ मा घटनाको पुरा कथा पढेर छोटकरीमा लेख्नुहोस् ।

(ग) हिब्रू ११:१७-१९ ले अब्राहमको विश्वासको कार्यलाई कसरी व्याख्या गरेको छ ?

३) (क) याकूब १:२१, यदि पुष्ट भुमीबाट निकाल्यो भने अब्राहमको आज्ञापालन कार्यले नै उहाँलाई बचाएको हो जस्तो लाग्छ । २२ पदमा याकूबले त्यसलाई कसरी पुष्ट्याउनु भयो कि अब्राहमको विश्वास कामको स्रोत थियो ?

(ख) चुनौती : हिब्रू ११:८-१२ पढ्नुहोस् । अरु कुन कुन तरिकाले अब्राहमको सत्य विश्वासका कामहरूलाई देखाउँछन् ?

४) (क) अब्राहमका कामहरू उनको विश्वासका फलहरू थिए भनेर याकूबले अगाडी कसरी प्रमाण गर्छन ? (याकूब २:२३)

(ख) चुनौती : उत्पत्ति २५:१-६ पढ्नुहोस जहाँबाट याकूबले ६ पद लाई तर्क गर्नुभयो । यो घटना उत्पत्ति २२ अध्यायमा उल्लेख गरिनु भन्दा ३० बर्ष अघिको हो । (पछि परमेश्वरले अब्रामको नाम अब्राहाम परिवर्तन गर्नुभयो ।) अब्राहमले उत्पत्ति २२ मा के गरे सो उहाँको उत्पत्ति १५ मा उल्लेख गरिएको विश्वासको कार्य हो,[1] छोटकरीमा लेख्नुहोस् ।

५) (क) याकूब २:२३ ले भन्छ कि अब्राहम परमेश्वरका साथी कहलाइए । २ इतिहास २०:७ र यशैया ४१:८ यो सत्यता पुरानो नियममा कहाँ छ भनी हेर्नका निम्ति पढ्नुहोस् ।

(ख) अब्राहमले परमेश्वरको आज्ञापालन गरेर उहाँका साथी बनेनन् बरु, उहाँले परमेश्वरका साथीले गर्नुपर्ने कार्य गरेर उनी साच्चै परमेश्वरका साथी थिए भनी देखाए[2] यूहन्ना १५:१४ पढ्नुहोस् । येशूले हामी कसरी उहाँका साथी बन्न सक्छौ भन्नु भयो ?

६) व्यक्तिगत: परमेश्वरको साथी "कहलाइन पाउनु कति सुनौलो मौका हौ । यो मौका तिनीहरूको लागि मात्र राखिएको होइन जसलाई हामी" विश्वासका महान मानिसहरू भन्छौ । यो नामले हर एक विश्वासी चिनिन सक्छ, येशू ति सवैलाई दिन चाहनु हुन्छ जो व्यक्तिले उहाँलाई प्रेम गर्छ र उहाँको आज्ञा पालन गर्छ । के तपाई परमेश्वरले तपाईलाई यस तरिकाले चिनेको चाहनु हुन्छ ? तपाई उहाँलाई आफ्नो आज्ञापालन गर्ने इच्छा भन्नुहोस र उहाँ तपाईलाई मद्दत गर्नुहुन्छ ।

## पाँचौ दिन : याकूब २:१४-२६ मा पुनर्विचार गर्दै, २४ पदमा ध्यान दिनुहोस् ।

१) याकूबले अब्राहमको विश्वासको उदाहरणलाई कसरी सारांश गर्नुभयो ? (याकूब २:२४)

२) यदि याकूब २:२४ पृष्ठभुमीबाट निकाल्यो भने विश्वासद्वारा मात्रै उद्धार भन्ने पावलको शिक्षासंग अमिल्दो लाग्छ । एफिसी २:८-९ मा पावलले के भन्नुहुन्छ ?

३) यदि याकूबको शिक्षा र पावलको शिक्षा पृष्ट भुमीमा अध्ययन गऱ्यौ भने देखिने अमिल्दो पन हटिहाल्छ । याकूबले त्यो अन्धविश्वासको बिरुद्धमा भन्दै थिए जुन मनमा मात्र थियो तर त्यसले हृदय र काममा केहि असर गर्दैन । आऔ हामी यो त्यो पद व्याख्या गरे अनुसार पुनर्विचार गरौं ।

याकूब १:२२

याकूब २:१७

1. *The Expositor's Bible Commentary.*
2. Ibid.

४) एफिसी २:८-९ मा पावलको उद्देश्य विधिबादलाई खण्डन गर्नु थियो, विश्वास जुन एक व्यक्तिले असल कामद्वारा परमेश्वरको उद्धार कमाउन सक्छ ।[1] एफिसी २:१० ले कसरी याकूबको शिक्षासंग कसरी सहमत गर्छ ?

५) परमेश्वरको वचन धेरै छुट्टाछुट्टै किताबहरू मिलेर बनेको भएतापनि सबै परमेश्वरबाट आउँछ र आफैमा प्रतिवाद गर्दैन । त्यसकारण हर एक खण्ड यसका वरिपरिका पदहरूको र बाइबलका अरु किताबहरूको सन्दर्भमा अध्ययन गर्नु अति आवश्यक छ । वचनको उत्पत्तिको बारेमा तपाई तलका पदहरू बाट के सिक्नु हुन्छ ?

२ शामूएल २३:१-२

२ तिमोथी ३:१६-१७

२ पत्रुस १:२०-२१

६) व्यक्तिगत : के तपाईले महसुस गर्नु भएको छ कि बाइबलमा भएका हर एक पदहरू, किताबहरू लेख्ने व्यक्तिहरूका कलमद्वारा भएर परमेश्वर स्वयं बोल्नु भएको हो ? यसले तपाईलाई यो पढिरहन र बुझिरहने मन कसरी बनाएको छ ।

## छैठौं दिन : याकूब २:१४-२६ मा पुनर्विचार गर्दै, २५-२६ पदमा ध्यान दिनुहोस् ।

१) याकूबको साँचो विश्वासको उदाहरणको रुपमा दोस्रो व्यक्ति को थिए ? (याकूब २:२५)

२) चुनौती : यहोशू २:१-२१ र ६:१६-१७ र पढ घटनाको पुरै विवरणको निम्ती पढ्नुहोस र छोटकरीमा सारांश लेख्नुहोस् ।

३) हिब्रू ११ अध्याय शुरु हुन्छ, “अब विश्वासचाहिं आशा राखिएका कुराको निश्चय र नदेखिएका कुराको दृढ भरोसा हो । किनकि यसै विश्वासद्वारा प्राचीन मानिसहरूलाई परमेश्वरले ग्रहण गर्नुभयो ।” ३१ पदमा राहाबलाई कस्तो आशा दिइएको थियो ।

४) याकूब २:२५ ले राहाबलाई “राहाब वेश्या” भनेको छ । राहाबको कथाले पावलले १ कोरिन्थी १:१६-२९ मा लेख्नुभएको कुरालाई कसरी स्पष्ट गर्छ ।

५) याकूबले आफ्नो तर्कलाई मानिसको शरिरको उदाहरणद्वारा कसरी निष्कर्ष गर्नुभयो ? (याकूब २:२६)

६) व्यक्तिगत : के तपाईले कहिले काहि परमेश्वरले तपाईद्वारा काम गर्न सक्नु हुन्छ जस्तो लाग्छ किनकि तपाई त्यति बुद्धिमानी अथवा प्रभावशाली वा बलियो हुन हुन्न ? राहाब अन्य जाती र वेश्या भए तापनि परमेश्वरले उनीद्वारा काम गर्न छान्नुभयो । उहाँको विश्वासको उपहारले सबै कुरा परिवर्तन गर्दछ । २ कोरिन्थी ३:४-५ र १२:९ पावलको घोषणा पढ्नुहोस् । तपाईको आफ्नो बारेमा यस्तै खालको घोषणा लेख्नुहोस् ।

1. Ibid.

# याकूब
# पाठ - ५

जीवनको आनन्द
बाइबल अध्ययन

## विश्वास काममा - याकूब २:१४-१७

एक अध्यायको अन्त्यमा, याकूबले, बचन सुन्दैमा मात्रै पुग्दैन हामीले यसले भनेको अनुसार गर्नुपर्छ भन्ने सिद्धान्तलाई अगि सार्नु भयो। याकूबले अब, त्यस सिद्धान्तको प्रयोग को बारेमा छलफल गर्नुभयो साँचो विश्वास र काम संगसंगै जान्छन्।

उहाँले २ वटा प्रश्नबाट शुरु गर्नु हुन्छ: "मेरा भाइ हो, यदि कोही मानिसले मसित विश्वास छ" भन्छ, तर कामचाहिं गर्दैन भने यसबाट के लाभ ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र ? याकूब २:१४ अंग्रेजीमा दोस्रो प्रश्नको उत्तर "हो" वा "होइन" मा दिन सकिन्छ जस्तै लाग्छ। तर मौलिक ग्रिक भाषामा यसको बनावट नकारात्मक उत्तरको निम्ती छ: यो विश्वासले बचाउन सक्दैन, सक्छ र ?[1] यो पनि नोट गरौ कि याकूबले भन्नुभयो मानिसले *"म सित विश्वास छ भन्छ"* (छड्के थपिएको) हामीले याकूबमा सिद्धान्तको विकास, जसलाई विश्वास भनिन्छ, हेर्दै जाँदा हामी देख्छौ कि त्यसले असल फल फलाउँदैन भने त्यो विश्वास हुँदै होइन।

फेरी, याकूबले यसरी उदाहरण दिनु भयो यो व्यक्ति जो "म सित विश्वास छ" भन्छ त्यसले आचरण गर्न सक्छ। जब हामी खाना र कपडाको साह्रै नै आवश्यक भएका व्यक्तिहरूसंग मिल्छौं, त्यस्तो मानिसले मुल्यहिन शब्दहरूद्वारा उत्तर दिन्छ, "र तिमीहरूमध्ये कसैले त्यसलाई, शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिं दिदैन भने, त्यसबाट के लाभ हुन्छ र ?" (याकूब २:१६)। खाँचोमा भएको मानिसको वास्ता नगर्नु भन्दा पनि खराब त त्यस मानिसको मुखबाट राम्रो सुनिने नीरसता हो। यस मानिसको पछाडीको "आत्मीकी" बाहिरी देखावटी पुरै रुपमा दया नभएको हुन्छ। त्यो यस्तो मानिस जस्तो हो जसलाई येशूले "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, पाखण्डीहरू ! किनकि तिमीहरू चुन लाइराखेका चिहानहरूजस्ता छौ, जो बाहिरपट्टि सुन्दर देखा पार्छन तर भित्रपट्टि भने मरेका मान्छेहरूका हाडहरू सबै अशुद्धताले भरिएका हुन्छन्। यसरी नै तिमीहरू पनि बाहिर भने मानिसहरूका सामुन्ने धर्मी देखा पर्दछौ तर भित्र भने कपट र दुष्टताले भरिएका छौ" (मत्ती २३:२७-२८)।

यसकारण हामीलाई याकूबले स्पष्ट पार्नु भयो "यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो" (याकूब २:१७)। जीउँदो विश्वासले स्वभाविक रुपमा असल काम उत्पादन गर्छ। त्यसकारण, याकूबले भन्नुभयो, असल कामहरूको प्रतिफल छैन भने यसले त्यो मृत विश्वास हो भन्ने प्रमाण दिन्छ।

1. *The Expositor's Bible Commentary.*

## विश्वास र काम प्रतिस्पर्धा - याकूब २:१८-१९

याकूबले एक उपकल्पित व्यक्तिको परिचय गराउनु भयो, जसले भन्छ, तर कसैले भन्ला, "तिमीसित विश्वास छ, मेराचाहिं कामहरू छन्" (याकूब २:१८)। छलफल गर्दै कि विश्वास र काम एक अर्कोसंग सम्बन्धित हुन जरुरी छैन र एक विना अर्को हुन सम्भव छ। यस व्यक्ति अनुसार, "विश्वास" खीष्टयनहरू र "काम" खीष्टयनहरू हुन सक्छन ति दुवै बराबर मुल्यका हुन्।

तर याकूबले यस भनाइलाई चुनौति दिनुभयो "काम बिनाको तिम्रो विश्वास मलाई देखाऊ" (याकूब २:१८)। वास्तविक समस्या चाहि "कसरी हो ?" विश्वास, यसको परिचय अनुसार नै, यो हृदयको अवस्था हो। यो आँखाले हेर्न सकिदैन। विश्वासको एकमात्र प्रमाण हामीहरू जस संग यो छ त्यस व्यक्तिको चालचलनहरूमा भएका प्रभावद्वारा हेर्न सक्छौ। त्यसकारण, याकूबले अगाडि तर्क गर्नु भयो, "मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु" याकूब २:१८। त्यहाँ दुई किसिममा खीष्टयनहरू छैनन्। साँचो विश्वासीको विश्वास र काम हातमा हात हुनुपर्छ।

त्यहाँ अरुहरू पनि छन जो साँचो विश्वास गर्छु भन्छन किनकि, याकूबले भन्नुहुन्छ "तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ" (याकूब २:१९)। सवै विश्वास योग्य यहूदीहरू विहान र वेलुकाको सेवाको मुख्य भाग *शेमा* दोहोऱ्याउँछन। *शेमा* यसरी शुरु हुन्छ "हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ" (व्यवस्था ६.४)। याकूबले यहूदी विश्वासीहरूलाई जो लेख्नु भयो "त्यो असल हो" आज्ञा दिनु भयो (याकूब २:१९)।

तर परमेश्वरको बारेमा यो तथ्यलाई मान्नु उहाँमा विश्वास गर्नु होइन। यथार्थमा, याकूब भन्नुहुन्छ, "भुतात्माहरू पनि विश्वास गर्दछन र थरथर काम्छन" (याकूब २:१९)। शैतान र उसका दासहरू, भूतहरू परमेश्वर को हुनुहुन्छ भन्ने कुरा राम्रोसंग जान्दछन। तिनीहरू उहाँमा विश्वास गर्दछन तर उहाँलाई घृणा गर्छन र उहाँसंग डराउँछन। जव येशूले पनि ति मानिसहरूलाई भेट्नु भयो जो दुष्ट आत्माहरूको शिकार थिए, आत्माहरू आफै उहाँसंग "उहाँ नै परमेश्वरका पवित्र जन हुनु हुन्छ" (मर्कूस १:२४) र "सर्वोच्चका परमेश्वरका पुत्र येशू" भनेर स्वीकार गर्दै डरले बोले। यसकारण याकूबले भन्दै हुनुहुन्छ, ति मानिसहरू जो परमेश्वरमा विश्वास गर्छु भन्छन किनकि तिनीहरू परमेश्वरको अस्तित्वमा विश्वास गर्दछन तर तिनीहरूको जीवनले विश्वासको प्रमाण देखाउँदैन, तिनीहरू आफैलाई ठगी रहेका छन्।

तपाई चिन्ता गर्नु हुन्छ होला कि तपाईले स्वीकार गरेको विश्वासले तपाईलाई साच्चीकै बचाउँछ। सायद तपाई छक्क पर्नु हुन्छ होला

विश्वासले उत्पादन गर्ने काममा तपाईलाई अझै मेहनत गर्नुपर्छ होला तर यी कामहरू हामीले आफ्नै शक्तिले कोसिस गरेर हुने कुरा होइनन्। बरु, तिनीहरू हाम्रो विश्वासद्वारा, हामीले सेवा गरेका प्रभुको शक्तिद्वारा स्वभाविक रुपमा बग्दछन्।

येशूले भन्नुभयो "दाखको बोट म हुँ, तिमीहरू चाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने र म त्यसमा रहे भने त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ" (यूहन्ना १५:५)। हाँगाहरूलाई फल फलाउने योजना बनाउन र कसरी फल फलाउने भनेर सोच्न पर्दैन। बरु फल चाहिँ पुरै रुपमा त्यो पोषणमा भरपर्छ जुन रुखद्वारा हाँगामा जान्छ। यदि तपाई येशूलाई आफ्नो मुक्तिदाताको रुपमा विश्वास गर्नु भएको छ भने तपाईको उद्धारको विषयमा उहाँसँग शान्ति माग्नुहोस र तपाईद्वारा उहाँले गर्नु भएका कामहरू हेर्न र रमाउन मद्दत माग्नुहोस्। आफुलाई अरुसँग र परमेश्वरले त्यस व्यक्तिद्वारा गर्नु भएको कामसँग नदाँज्नुहोस्। याद राख्नुहोस् कि तपाई येशूको रुखमा विशेष हाँगा हुनुहुन्छ तपाईको निम्ती परमेश्वरको योजना अनुसार विशेष र उदेकको फल फलाउने विशेष व्यक्ति तपाई हुनुहुन्छ।

## अब्राहमको उदाहरण - याकूब २:२०-२३

याकूब "मुर्ख मानिस" (याकूब २:२०) लाई लगातार आदेश दिई रहनु हुन्छ, जो सोच्छ कि काम विना विश्वास हुन सक्छ। उहाँले अब्राहमको उदाहरण देखाउनु भयो, जो "जब हाम्रा पुर्खा अब्राहमले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन र ?" (याकूब २:२१)।

परमेश्वरले अब्राहमलाई भन्नु भयो "तेरो छोरो अर्थात तैले माया गरेको तेरो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तँलाई देखाएको डाँडामा त्यसलाई होमवलि गर" (उत्पत्ति २२:२)। अब्राहमको जेठा छोरो इश्मायल भएतापनि परमेश्वरले अब्राहाम संग बनाउनु भएका सबै प्रतिज्ञाहरू इसहाक द्वारा पुरा हुने थिए।

अब्राहमले परमेश्वरको आज्ञा पालन गरेर इशाहाकसंग मोरीया पर्वततिर लागे। प्रभुबाट स्वर्गदुत आएर उहाँलाई रोक्नु हुन्छ भन्ने कुरा उहाँलाई थाहा थिएन। अब्राहमलाई त इशाहाक अब मरे तुल्य छन भन्ने कुरा मात्र थाहा थियो। अब्राहम को यो धार्मिक कार्य उहाँले परमेश्वरको आज्ञाप्रतिको समर्पणले नै उहाँ परमेश्वरमा विश्वास गर्नु हुन्थ्यो भन्ने कुरा दर्शाउँछ।

हिबू ११:१७-१९ ले सारांस गर्छ, "विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहमले इसहाकलाई बलि चढाए। उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढाउन उनी तयार भए। यिनकै विषयमा यसो भनिएको थियो, 'इसहाकद्वारा नै तेरो सन्तानको नाउँ रहनेछ।' परमेश्वरले मानिसहरूलाई मरेकोबाट पनि फेरि जिवित पार्न सक्नुहुन्छ भन्ने कुरा अब्राहमले सोचे र भनौ भने उनले इसहाकलाई फिर्ता पाए"।

याकूब १:२१ लाई यदि पृष्ठभूमिबाट निकाल्थ्यो भने, यस्तो लाग्न सक्छ कि अब्राहमको आज्ञापालनले नै उहाँलाइ बचाएको हो। तर अर्को पदले भन्छ, अब्राहमको विश्वास नै उहाँको कामको स्रोत थियो: "तिमी देख्नेछौ, कि तिनका कामहरू संगसंगै विश्वास क्रियाशिल थियो र कामद्वारा नै विश्वासपूर्ण भएको थियो" (याकूब २:२२)। इसहाक बलि गर्नु भन्दा धेरै पहिले नै अब्राहमको परमेश्वरमा विश्वास प्रमाणित भएको थियो। उत्पत्ति १५:१-६ मा परमेश्वरले अब्राहमलाई पहिला गर्नु भएको प्रतिज्ञा छ, पछि परमेश्वरले अब्राहमको नाम परिवर्तन गरी अब्राहम बनाउनु भयो र याकूबले उल्लेख गर्नु भएको पाठमा निष्कर्ष छ "अब्राहमले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो" (याकूब २:२३)।

अब्राहमको साँचो परमेश्वर प्रति विश्वासको अर्को प्रमाण चाहिँ यो हो "र उनी परमेश्वरका मित्र कहलिए" (याकूब २:२३ख) यो तथ्य, २ इतिहास २०:७ र यशैया ४१:८ मा लेखिएको छ। अब्राहमले परमेश्वरको आज्ञापालनको कारणले परमेश्वरको साथी कमाएका होइनन्। बरु उहाँले परमेश्वरको साथीले गर्नुपर्ने जस्तै काम गरे जसले उहाँ साच्चै परमेश्वरका साथी हुनुहुन्थ्यो भन्ने कुराको प्रमाण गऱ्यो।[1] येशूले सिकाउनु भयो कि उहाँलाई पछ्याउने कुनैपनि व्यक्तिले यो आदरको नाम पाउन सक्छ। यूहन्ना १५:१४ मा उहाँले भन्नुभयो, "ती तिमीहरूले गऱ्यौ भने, तिमीहरू मेरा मित्र हौ"।

## विश्वासद्वारा दोष शुद्धिकरण - याकूब २:२४

याकूबले अब्राहमको विश्वासको उदाहरणलाई यसो भन्दै सारांश गरे "तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिदो रहेछ, विश्वासद्वारा मात्र होइन" (याकूब २:२४)। यदि यस पदलाई सन्दर्भबाट निकालियो भने यसले पावलको शिक्षाद्वारा मात्र दोष शुद्धिकरणको विरोध गरे जस्तो देखिन्छ "किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो कर्महरूद्वारा होइन, नत्रत मानिसले घमण्ड गर्नेछ" (एफिसी २:८-९)।

तथापि, यदि याकूबको शिक्षा र पावलको शिक्षा दुवै सन्दर्भमा पढ्यो भने देखिने विरोध मेटिन्छ। याकूबले त्यो अत्यन्त सुक्ष्म विश्वासको विरुद्धमा बोल्दै थिए जुन तिनीहरूको मनमा थियो तर यसले हृदय र काममा कुनै असर पारेको थिएन। याद गर्नुहोस्, उहाँले पहिला भन्नु भएको थियो, "तर वचन पालन गर्ने होओ र सुन्ने मात्र भएर आफैलाई धोखा नदेओ" (याकूब १:२२)। "यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो (याकूब २:१७)।"

अर्को तर्फ, पावलले विधिबादको खण्डन गर्दै हुनुहुन्थ्यो, एक विश्वास जुनमा एक व्यक्तिले असल कामद्वारा परमेश्वरसँग उद्धार कमाउन सक्छ।[2] पावलले एफिसी २:१० मा उहाँको विश्वास र काममा शिक्षा अघि बढाउनु भयो, "किनकि हामी असल कामहरूका निम्ति खीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी ती बमोजिम हिंडौ भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो," जुन याकूबको शिक्षासंग निश्चय मिल्छ। पावल र याकूब दुवैले असल कामहरू साँचो विश्वासका फल हुन भन्ने कुरा सिकाउनु भयो, तर असल कामहरूद्वारा होइन तर सत्य विश्वासद्वारा हामी बचाइएका छौ।

परमेश्वरको बचन, धेरै अलग अलग किताबहरू मिलेर बनेको भएतापनि यो सबै परमेश्वरबाट आएको हो र आफैमा अमिल्दो छैन (हेर्नुहोस् २ तिमोथी ३:१६-१७, २ पत्रुस १:२०-२१)। यसकारण, हरेक

1. *The Expositor's Bible Commentary.*
2. Ibid.

खण्डलाई यसको वरिपरिको पदहरूलाई र वाइबलका अरु किताबहरूलाई यसको सन्दर्भमा पढ्न अति आवश्यक छ। तपाई परमेश्वरको वचन सबै किताबहरू बढी समय पढ्दै र अध्ययन गर्दै समय बिताउनु भयो भने उहाँले तपाईलाई पुरै सत्यलाई हेर्न सहायता गर्नुहुन्छ। बाइबल सत्यताले भरिएको छ जसमा कहिल्यै पनि थकावट हुदैन। पवित्र आत्माको सहायताद्वारा तपाईले नयाँ र बहुमुल्य सत्य र समझ शक्ति पाउनु हुनेछ, त्यस खण्डबाट पनि जुन तपाईले थुप्रै पटक पढि सक्नु भएको छ।

## राहाबको उदाहरण - याकूब २:२५-२६

अब याकूबले राहाबलाई साचो विश्वासको अर्को उदाहरण को रुपमा उल्लेख गर्नुभयो। राहाब, अब्राहम जस्तै वा कोही पनि एक जना जस्तै थिइन। उनी कनान देशको यरीहो शहरमा बस्ने एक वेश्या थिइन। मोशाले इजरायलीहरूलाई मिश्र देशको दासत्वबाट निकालेपछि, तिनीहरू परमेश्वरले तिनीहरूलाई प्रतिज्ञा गर्नु भएको देश कब्जा गर्न तयार गर्दै थिए। मोशाका उत्तराधिकारी यहोशूले त्यस जमिनको दृष्यावलोकन गर्न २ जना जासुस पठाउनु भयो। जब तिनीहरू यरीहो शहरमा आए तिनीहरू ति दिनहरूको चलन अनुसार राहाबसँग बसें।

राहाबले जासुसहरूलाई यरीहो राजाबाट बचाइन र लगत्तै शहरबाट सुरक्षासाथ निस्कन मद्धत गरिन। उनले तिनीहरूलाई भनिन "मलाई थाहा छ, यो देश परमप्रभुले तपाईहरूलाई दिनुभएको छ, तपाईहरू मिश्रदेशबाट निस्केर लाल समुद्रको पानी सुकाई दिनुभएको र यर्दन परिका एमोरीहरूका दुवै राजा, सीहोन र ओगलाई तपाईहरूले नाश गर्नुभएको पनि हामीहरूले सुनेका छौं। यो सुन्ने बित्तिकै हामी भयाकुल बन्यौं र तपाईहरूको कारण हामीहरू कसैमा साहस रहेन, किनकि परमप्रभु तपाईहरूका परमेश्वर नै माथि स्वर्गमा र तल पृथ्वीमा परमेश्वर हुनुहुन्छ। अब म तपाईहरूलाई बिन्ती गर्दछु, कि मैले तपाईहरूमाथि दया देखाएकी हुनाले मसँग परमप्रभुको दया देखाउनुहोस्। मलाई एउटा निश्चित चिन्ह दिनुहोस्" (यहोशू २:९-१२)। जब इजरायलीले विजय गरेर यरीहो सहर नाश गरे राहाबको विश्वासको कामको कारणले राहाब र तिनको परिवार बाचे।

राहावको कथाले हामीलाई महसुस गराउँछ कि परमेश्वरले साच्चीनै यस संसारका मुर्ख, कमजोर नम्र र घृणित मानिसहरूलाई उहाँलाई पछ्याउने बनाउन छान्नु भयो (हेर्नुहोस् १ कोरिन्थी १:२६-२९)। हामी प्रभुमा को हुन्छौ भन्ने कुराको निर्णय हाम्रो पृष्ठभूमिले निर्णय गर्दैन र प्रभुले हामीद्वारा के सहगमन गर्नु हुन्छ त्यसको श्रय हामी लिन सक्दैनौ।

याकूबले निष्कर्ष गर्नुहुन्छ, "जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरूदेखि अलग हुँदा मरेको हुन्छ" (याकूब २:२६)। जुन विश्वासले कामद्वारा प्रमाण दिदैन त्यो मृत शरीर बराबर काम नलाग्ने हुन्छ।

# अध्ययनका प्रश्नहरू

**तपाई यस हप्ताको अध्ययन शुरू गर्नु भन्दा पहिला :**

- परमेश्वरसंग पवित्रआत्माद्वारा तपाईसँग बोल्नु होस भनेर प्रार्थना गर्नुहोस् र माग्नुहोस्।
- तपाईको उत्तरको निम्ती बाइबल मात्र प्रयोग गर्नुहोस्।
- तपाईको उत्तर र तपाईले प्रयोग गरेको पद लेख्नुहोस्।
- चुनौतीपूर्ण प्रश्नहरू तिनीहरूका निम्ती हुन जससंग समय छ र गर्न चाहन्छ।
- व्यक्तिगत प्रश्नहरू यदि तपाईको इच्छा भए कक्षामा अरुलाई भन्न सक्नु हुन्छ।
- तपाई पढ्दै जाँदा, यो हप्तामा कण्ठ गर्ने पदको खोजी गर्नुहोस्।

## पहिलो दिन : याकूब २:१४-२६ को टिप्पणी पढ्नुहोस्।

१) याकूब २:१४-२६ मा टिप्पणी पढ्दा अथवा शिक्षकको सिकाईबाट के अर्थपुर्ण अथवा नयाँ विचार पाउनु भयो ? तपाईको जीवनमा लागु गर्नका निम्ति के व्यक्तिगत प्रयोग छान्नु भयो ?

२) यशै पाठबाट यस हप्ता कण्ठस्थ गर्ने पद हेर्नुहोस्, त्यसलाई लेख्नु होस, साथमा बोक्नु होस, आफ्नो सुचना पाटीमा टाँस्नुहोस्, तपाईको कारको अगाडिको ड्यासबोर्डमा टास्नुहोस आदि पदलाई र यसको पाठलाई सिक्ने पूरै कोशिष गर्नुहोस्। पढ र "शिरोनामा" पाठ गर्न मेहनत गर्नुहोस् (बाइबलको पद अंक कहाँ छ भन्ने पढ)।

## दोस्रो दिन : याकूब ३ पढ्नुहोस १-२ पदमा ध्यान दिनुहोस्।

१) तिनीहरू जो मण्डलीका शिक्षक हुन चाहन्छ किनकि धेरैजसोले आदर पाउने अपेक्षा गर्दछन, याकूबले तिनीहरूलाई के चेतावनी दिनुभयो ? (याकूब ३:१)

२) क) १ तिमोथी १:३-७ पढ्नुहोस्, जसमा पावलले तिमोथीसंग त्यस्तै चिन्ता स्पष्ट गर्नुभयो। ति मानिसहरू जो साँचो विश्वासले होइन तर अर्को कारणले शिक्षा दिन्छन। तिनीहरूको शिक्षालाई पावलले कस्तो चरित्र चित्रण गर्नुभयो ? (पदहरू ६-७)

ख) चुनौति : तल दिइएका खण्डहरू मा येशूले व्यवस्था का शिक्षकहरूलाई कसरी न्याय गर्नुभयो ?
लुका २०:४५-४७

मत्ती २३:१३-३३ (छोटकरीमा सारांश र ३३ पद लेख्नुहोस्)

३) क) ग्रीक मूल लेखमा, याकूब ३:२ 'किनकि' शब्दहरूबाट शुरु भएको छ, यो जनाउँदै कि यो याकूबको १ पदको चेतावनी हो।[1] याकूब २:३ क ले हामी सबैले के गर्छौ भन्छ, जसले शिक्षाको उत्तरदायित्वलाई अझै बढी कठिन बनाएको छ ?

ख) याकूब २:१० मा पछाडी हेर्नुहोस्। "ठोक्कर" शब्दको याकूबले के अर्थ लगाए ?

1. *The Expositor's Bible Commentary.*

४) याकूब ३:२ मा याकूबले हामीलाई शिद्ध मानिसको कल्पना गर्नु लगाउनु भयो । एक व्यक्तिले सिद्ध हुनका लागि अधिन गर्न सक्न सवैभन्दा गाह्रो के हो ? यो खासगरी शिक्षकले अधिन गरेकै हुनुपर्छ ।

५) क) मत्ती १२:३४-३५ पढ्नुहोस् । हाम्रो मुखबाट बाहिर निस्कने शब्दहरूको स्रोत के हो ?

ख) हाम्रा हृदयहरू र मनहरूलाई कसरी असल बनाउन सकिन्छ, ताकि तलका पदहरू अनुसार हाम्रा मुखहरूले असल शब्दहरू बोल्न सकुन ?

रोमी १०:९-१०

रोमी १२:१-२

६) व्यक्तिगत : के तपाई, तपाईको मण्डलीमा शिक्षक वा अगुवा भएर सेवा गर्नु हुन्छ कि तपाईलाई यो गर्न मन लाग्छ ? तपाईको सिकाउने बोलाबट र वरदान नहोला तर यदि तपाई अभिभावक हुनुहुन्छ भने, तपाई तपाईका नानीहरूको प्राथमिक आत्मीक शिक्षक हुनुहुन्छ । याकूब ३:१ मा याकूबको चेतावनीले तपाईको अरुलाई प्रभुको बारेमा सिकाउनु पर्ने उत्तरदायित्व तिर तपाईको स्वभावमा कस्तो परिवर्तन ल्याउँछ ।

## तेस्रो दिन : याकूब ३ पुनर्विचार गर्दै, पद ३-६ मा ध्यान दिनुहोस् ।

१) याकूब ३:३-४ मा याकूबले कुन २ उदाहरण को परिचय गराउनु भयो ?

२) दुई उदाहरणहरूबाट याकूबले के प्रयोग निकाल्नु भयो ? (याकूब ३:५ क)

३) याकूबले के थप उदाहरण दिनु भयो ? (याकूब ३:५ ख)

४) अधिन नगरिएको जीब्रोले के गर्छ ? (याकूब ३:६ क)

५) क) जब याकूब जिब्रोको बारेमा बोल्नु हुन्छ उहाँले हाम्रो शरीरको शारीरिक भागको कुरा गर्नु भएको होइन तर हाम्रो मन जसले जिब्रोलाई एक साधनको रुपमा प्रयोग गर्छ ।[1] परमेश्वरद्वारा अधिन नगरिएको जिब्रोले बोक्ने आगोको स्रोत के हो (याकूब ३:६ख)

ख) हाम्रा जिब्रा र मन कि त असलको अधिनमा हुन्छन जो परमेश्वरबाट आउँछ अथवा खराबको, जुन हाम्रो पापि स्वभावबाट आउँछ, जुन शैतानद्वारा प्रभावित छ । (यूहन्ना ८:४४ पढ्नुहोस्) उहाँको शिक्षालाई ग्रहण नगर्ने मानिसहरूलाई येशूले कसरी यो कुरा देखाउनु भयो ।

६) व्यक्तिगत : हाम्रा शब्दहरू–जुन हाम्रो हृदयमा जे छ बाहिर आउँछ– उत्पादनकारी हुन सक्छ, एक घोडा वा जहाज जस्तै जुन पुरै रुपमा अधिन गरिएको हुन्छ, अथवा एक सानो आगोको झिल्काले पुरै बन नास गरे जस्तै विनासकारी हुन्छ । तपाईको हृदयमा के छ कसरी स्पष्ट पार्नु हुन्छ ।

---

1. *The Expositor's Bible Commentary.*

## चौथो दिन : याकूब ३ पुनर्विचार गर्दै, ७-१२ पदमा ध्यान दिनुहोस्।

१) मानिसहरूले हरेक किसिमका जीवहरूलाई नियन्त्रण गर्न सक्ने भए तापनि, हाम्रो कुन चिजलाई हामी अधिन गर्न सक्दैनौ ? (याकूब ३:७-८क)

२) मानिसको पापी स्वभावद्वारा नियन्त्रण गरिएको जिब्रोलाई याकूबले कसरी वर्णन गर्नुभयो ? (याकूब ३:८ख)

३) याकूबले के देख्नुभयो जुन ख्रीष्टयनहरूले पनि तिनीहरूका जीब्रासँग गर्न सक्छन् ? (याकूब ३:९-१०)

४) याकूब ३:११-१२ मा याकूबले के उदाहरण दिनु भयो किन "यस्तो हुनु हुदैन" ?

५) फेरी हामी हाम्रो हृदयमा जे छ त्यही बाहिर निस्कन्छ भन्ने सिद्धान्त देक्छौ । ख्रीष्टयनहरूसंग पवित्र आत्मा हामी भित्र बास गर्नु हुन्छ तर कहिले काहि हामी उहाँको आज्ञापालन गर्न र उहाँलाई हाम्रो जीवनमा काम गर्न दिदैनौ । तलका पदहरूले यसको विषयमा के भन्छन :

एफिसी ४:३०

१ थिस्लोनिकी ५:१९

६) व्यक्तिगत : के तपाई घरि घरि तपाईले बोल्ने शब्दहरूका कारणले समस्यामा पर्नु भएको छ ? एक मिनेट तपाई कुनै कुराको निम्ती परमेश्वरको प्रशंसा गर्नुहुन्छ, एकैछिन पछि कसैलाई तितो वचन वा रिसका शब्दहरू बोल्नु हुन्छ । प्रभुसंग तपाईको पापको पश्चाताप गर्नुहोस (१ यूहन्ना १:९ हेर्नुहोस्) तपाईको जीवनमा उहाँको काम गर्न, ठिक समर्पण गर्न सहायता माग्नुहोस, ताकि तपाईका वचनले उहाँको उपस्थितिलाई सधै प्रतिबिम्बीत गरुन् ।

## पाँचौ दिन : याकूब ३ पुनर्विचार गर्दै, १३-१६ पदमा ध्यान दिनुहोस् ।

१) याकूबले अझै तिनीहरूलाई संवोधित गर्नु भए जस्तै लाग्छ जो शिक्षक हुन, तिनीहरू जो आफैलाई "बुद्धिमानी र समझशक्तिपूर्ण आकांक्षा गर्छन । कसरी उनिहरूको बुद्धी र समझशक्ति देखाईनु पर्छ ? (याकूब ३:१३)

२) ग्रीक शब्द उल्था गरिएको "नम्रता" लाई भद्रता पनि अनुवाद गर्न सकिन्छ तर कमजोरी र परित्याग बाट बढेको निस्क्रीय भद्रता होइन । यो क्रियाशिल मनको स्वीकार को स्वभाव हो । यसकारण यो भद्रता परमेश्वरको आत्माको अधिनमा रहेको बल हो,[1] तलका पदहरू अनुसार हामी नम्रता र भद्र हुन कसरी सिक्छौ ?

मत्ती ११:२९ (येशू बोल्दै हुनुहुन्छ)

गलाती ५:२२-२३क

३) क) याकूबका कोहि स्रोताहरू, तिनीहरूको निम्ती वा तिनीहरूको झुण्डको निम्ती आदर पाउन कोसिस गरिरहेका थिए । यसले के व्यवहारको उत्पादन गर्छ ? (याकूब ३:१४क)

ख) तिनीहरूको पापसंग मुकाबला भएपछि तिनीहरू के गर्दछन ? (याकूब ३:१४ख)

४) यी मानिसहरू आफूसंग बुद्धि र समझशक्ति छ भन्छन, तर तिनीहरूको जीवन तिनीहरूको भनाइ संग मिल्दैन । याकूबले तिनीहरूको बुद्धिको स्रोत के हो भन्नुभयो ? (याकूब ३:१५)

1. *The Expositor's Bible Commentary.*

५) क) तिनीहरूको व्यवहारको अपरिहार्य परिणाम के हो ? (याकूब ३:१६)

ख) १ कोरिन्थी १४:३३ क पढ्नुहोस् । यसले याकूबको भनाईलाई कसरी समर्थन गर्छ ?

६) व्यक्तिगत : तपाईको हृदयमा अरु विश्वासीप्रति तितोपन, इस्या वा स्वार्थी आकांक्षा छ कि तपाई हेर्नुहुन्छ ? कहिलेकाही हाम्रो स्थरको घमण्डले गर्दा हामी यस्ता व्यवहार हरूलाई दोष मुक्त गर्छौं, यसो भन्दै कि तिनीहरू गल्ती छन् हामी ठिक छौ अथवा तिनीहरूले गरिएको भन्दा राम्रो काम हामी गर्न सक्छौ । प्रार्थना गरेर परमेश्वरसँग नम्रता र भद्रता सिकाउन माग्नु होस र अर्को व्यक्तिले तपाईमा गर्न चाहेको सुधार उहाँलाई गर्न दिनुहोस् ।

## छैठौ दिन : याकूब ३ पुनर्विचार गर्दै, १७-१८ पदमा ध्यान दिनुहोस् ।

१) साँचो बुद्धिमा आधारित र अति महत्वपुर्ण चरित्र के हो ? (याकूब ३:१७क)

२) साँचो बुद्धिका बाहिरी चिन्हहरू के के हुन् ? (याकूब ३:१७ख)

३) चुनौती : तपाई साँचो बुद्धिले के उत्पादन गर्छ भन्ने कुरा बुझ्न मद्धतका निम्ती तलका शब्दहरू शब्द कोशमा हेर्नुहोस् ?

शुद्धता

शान्ति

मननकारी

समर्पण

कृपा

पक्षपातरहित

इमान्दार

४) हाम्रो जीवनमा धार्मिकतालाई बढ्न दिनको निम्ती याकूबले के गुणमा ध्यान दिनुभयो ? (याकूब ३:१८)

५) याकूब ३:१६ र याकूब ३:१३ बाट, कुन पापी स्वभावबाट आउने र पवित्र आत्माले दिनु भएको चरित्रहरूलाई एक अर्कोसंग दाँज्नुभयो ?

६) व्यक्तिगत : याकूब ३:१७ का बुंदा झै तपाइको जीवनमा परमेश्वरबाट आउका साँचो बुद्धिका चिन्हहरू देख्नु हुन्छ ? यि गुणहरूलाई बन्द गर्ने कुनै पनि कुरा परमेश्वरसँग तपाईंलाई देखाउन बिन्ती गुर्नहोस् र तपाईको हृदय परिवर्तन गरी उहाँको धार्मिकतालाई तपाईको जीवनमा फल फलाउन दिनुहोस् ।

# याकूब
# पाठ - ६

जीवनको आनन्द
बाइबल अध्ययन

## शिक्षकहरूलाई चेतावनी - याकूब ३:१-२

सामान्य रुपमा "शिक्षक" आदरको शीर्षक हो । हामी उनीहरूबाट बढी अपेक्षा गर्छौं । हामी उनीहरूलाई माथि हेर्न र भरोसा गर्न सक्ने हुन चाहन्छौं । हामी ख्रीष्टयन शिक्षककहरूबाट परमेश्वरको सत्यता र बाइबलको प्रयोगात्मक अनुवाद ठिकसंग सिक्न चाहन्छौं । उनीहरू हाम्रा निम्ती पवित्र जीवनको उदाहरण हुनुपर्छ । तिनीहरूको परमेश्वरमा र उहाँको वचनमा विश्वासले हामीलाई परमेश्वरमा भरोसा गर्न लगाउने हुनुपर्छ । अर्को शब्दमा तिनीहरूले बाइबल जान्नु र सिकाउनु मात्र होइन तर तिनीहरू परमेश्वरलाई उहाँको वचनद्वारा उनीहरूको जीवन परिवर्तन गर्न दिनेहरू हुनुपर्छ ।

प्रत्यक्ष रुपले याकूबले थाहा पाउनु भयो कि तितर बितर भएका यहूदी ख्रीष्टयनहरूका संगतीमा थुप्रै मानिसहरू थिए जो मण्डलीमा सिकाउँदा पाउने आदर खोजीरहेका थिए, तिनीहरूमा स्वभाविक खुबी र आत्मीकी बरदान थिएनन् । उहाँले तिनीहरूलाई चेतावनी दिन लेख्नु भयो, शिक्षकहरूको न्याय खास गरी कडा हुन्छ किनकी शिक्षकहरू माथि ठुलो उत्तरदायित्व छ ।

पावलले तिमोथीलाई एफिसीको मण्डलीमा भएको मिल्दो जुल्दो अवस्थाको बारेमा लेख्नुभयो (१ तिमोथी १:३-७ हेर्नुहोस्) । उहाँले तिमोथीलाई सल्लाह दिनुभयो र "झुटा शिक्षा सिकाउने मानिसहरूलाई त्यसो नगर्नु भनी कडा आज्ञा देऊ र तिनीहरू अनुमानका कुराहरू मात्र बढाउने दन्त्यकथाहरू र नटुङ्गिने वंशावलीहरूतिर नलागुन्, बरु विश्वासमा रहेको ईश्वरीय तालिमतिर लागून्" (३-४ पद) । उहाँले भन्नुभयो कि मण्डलीमा शिक्षकहरूको चालचलन "हाम्रो आज्ञाको लक्ष्य प्रेम हो, जो शुद्ध हृदय, असल विवेक र निष्कपट विश्वासबाट आउँछ" (५ पद) हुनपर्छ । बरु पावलले भन्नुभयो, एफिसीका केहि ख्रीष्टयन शिक्षकहरूले "यी सबबाट बरालिएर फोस्रा तर्कहरूमा अल्मलिएका छन् । तिनीहरू व्यवस्थाका शिक्षक हुने इच्छा गर्छन तर आफैले बोलेका कुरा अथवा आफुले किटान गरेर भनेका कुरा तिनीहरू आफै बुझ्दैनन्" ६-७ पद ।

यहूदीहरूले व्यवस्थाका शिक्षकहरूलाई उच्च आदर दिएका थिए । यि मानिसहरू मोशाको व्यवस्थामा निपुर्ण थिए । पुरानो नियमको समयमा व्यवस्थाको कपि बनाएर अरुलाई सिकाउनुपर्ने तिनीहरूको उत्तरदायित्व थियो (हेर्नुहोस् एज्रा ७:६, १०-१२, नहेम्याह ८:१,४,९,१३) । नयाँ नियमको समयमा शिक्षकहरू फरिसिहरूको झुण्ड थियो जसले तिनीहरूको परम्पराद्वारा पुरानो लिखित व्यवस्थालाई परिशिष्ट पारे ( हेर्नुहोस मत्ती २३) त्यहाँबाट अस्पष्ट पारे र अनुबाद गरे जुन विना असरको भयो ।[1]

येशूको दिनहरूमा, व्यवस्थाका शिक्षकहरू मानिसहरूका सार्वजनिक शिक्षकहरू थिए, तर येशूले तिनीहरूलाई भन्नुभयो, तिनीहरूको आदरणीय पद, परमेश्वरको वचनको सत्यतामा मानिसहरूलाई अगुवाई गर्न प्रयोग गर्नको बदला, "धिक्कार, तिमीहरूलाई, शास्त्री र फरिसी हो, पाखण्डीहरू ! किनकि तिमीहरू मानिसहरूका सामुन्ने स्वर्गका राज्यको ढोका बन्द गर्दछौ । तिमीहरू नत आफै पस्तछौ न पस्न चाहनेहरूलाई पस्न दिन्छौ " (मत्ती २३:१३) । किनकि तिनीहरूको प्रभावको पदलाई तिनीहरूले गलत प्रयोग गरे, तिनीहरूले येशूको अति गम्भिर आलोचना पाए "तिमीहरू नरकको दण्डदेखि कसरी उम्कनेछौ ?" मत्ती २३:३३ ।

अर्को, याकूबले किन शिक्षकहरूको उत्तरदायित्व यति धेरै भारि छ भन्ने कुरा व्याख्या गर्नुभयो । पहिला, उहाँले भन्नुभयो, "किनकि हामी सबै धेरै भूल गर्दछौ" (याकूब ३:२) कहिलेकाही हामी भन्ने गर्छौं "हामी सवै जना गल्ती गर्छौं" तर यसले याकूबको बुँदालाई छोड्छ । बरालिन्छन भन्ने शब्दलाई उहाँले 'पाप' भन्नु भयो, जसरी हामीले उहाँको अगिल्लो पत्रमा हेर्छौं, "किनकि जसले सम्पुर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ" (याकूब २:१०) । याकूबले भन्दै हुनुहुन्छ हरेक व्यक्ति ख्रीष्टयन शिक्षक पनि पापि हो र याकूबले लगातार भन्नुहुन्छ, यदि कुनै व्यक्तिलाई सधै पाप नगरी बस्न सम्भव भए त्यस व्यक्तिको सबै भन्दा मुस्कील काम चाहि उसको जीब्रोलाई अधिनमा राख्नु हो । उनीहरूतिर फर्कदा जसलाई याकूबले लेख्दै हुनु हुन्थ्यो, ख्रीष्टियन शिक्षकहरू, हामी हेर्छौं कि शिक्षाको प्राथमिक हतियार जीब्रो हो, यसकारण यो अति महत्त्वपूर्ण छ कि यो परमेश्वरको अधिनमा हुनुपर्छ ।

हाम्रा प्रभु येशू ख्रीष्टमा पुरै समर्पणद्वारा हाम्रो जीब्रोको अधिनमा आउँछ । उहाँका अधिन र पवित्र आत्माको वासको शक्तिविना कोहि पनि मानिसले जीब्रोलाई तह लगाउन सक्दैन । जीवनका बाँकी सबै कुराहरूलाई त्यसले आफै अधिन गरोस । पावलले लेख्नुभयो "तिमीहरू पाप स्वभावमा होइन तर पवित्र आत्मामा हुन्छौ" (रोमी ८:९) । तपाईको जीवनमा पवित्र आत्माको सेवाको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस् ।

## आकार अप्रासगिक छ - याकूब ३:३-६

याकूबले देखाउनु हुन्छ कि कुनै चिजको महत्व त्यसको आकारबाट निर्णय गर्न सकिदैन । उहाँले एउटा छिद्रष्ट यन्त्रको उदाहरण दिनुभयो,

1. Easton, Matthew George. "Entry for Scribes". *Illustrated Bible Dictionary,* Third Edition. (Thomas Nelson, 1897. Public Domain.)

लगाम र वृक्कद्वारा घोडाको मुखमा लगाईन धातुको मुखयन्त्र । लगाम धेरैसानो भएतापनि, यसले "जनावरको सारा शरिरलाई जता मन पऱ्यो त्यतै लान सक्छ" (याकूब ३:३) । अर्को, उहाँले एउटा ठुलो जहाज सानो पतवारद्वारा जता मन लाग्यो त्यतै लाग्छ । याकूबको समयका जहाजमा पतवार तिलरको अन्तिम छेउमा भएको एउटा सानो धरिलो पत्ति, जहाजले सवभन्दा पछिल्लो भागबाट फैलिएर पतवार रथानको राक्ल सम्म हुन्थ्यो । भाडाको आकार संग दाँज्दा, पतवार तर अलिकति टाढा थियो, तैपनि यसले जहाजलाई "अधिन गर्थ्यो" त्यसरी क्याप्टेनले आफ्नो इच्छा अनुसार जता मन पऱ्यो त्यतै लान्छ (याकूब ३:४) ।[1] आज हामी भयंकर ट्र्क्टरलाई देख्न सक्छौं जुन सानो स्टेरीङ्गको सहायताले चलाउन सकिन्छ । याकूबले आफ्नो उदाहरण अगाडि सार्दछन् । त्यस्तै जिब्रो पनि एउटा सानो अंग भएर ठूला ठूला कुराको अभिमान गर्दछ । एउटा सानो आगोको झिल्काले ठूलो वन पनि स्वाहा पार्दछ" (याकूब ३:५) ।[1] आज, हामी एक ठुलो ट्रेक्टरलाई एउटा सानो घुमाउने चक्काले जता मन लाग्यो त्यतै लग्छ भन्न सक्छौ ।

शब्दको शक्तिको विचार गर्नुहोस् । कति धेरै मानिसहरू झुटो धर्म र झुटो शिक्षाका अगुवाहरूद्वारा वरालिएका छन, जसले तिनीहरूको शब्दहरूका शक्तिलाई गलत अगुवाईमा र कमजोर विश्वासीहरूलाई भ्रष्ट गर्न प्रयोग गर्दछन् ।

जिब्रोले अरुहरूलाई भ्रष्ट पार्ने मात्र होइन, याकूबले भन्नुभयो तर त्यो बोल्ने मानिस पुरै भ्रष्ट भएको छ: "जिब्रो पनि एउटा आगो नै हो, यो शरीरको अंगहरूमध्ये अधर्मको एउटा दुनियाँ नै हो । यसले सारा शरीरलाई दुषित पार्दछ र जीवनको सारा क्रममा नै आगो सल्काइदिन्छ र नरकको आगोमा त्यो जल्छ ।" (याकूब ३:६) साच्ची नै, याकूबले शरीरको जिब्रोको विषयमा भन्नु भएको होइन तर त्यस व्यक्तिको मन जसले जिब्रोलाई एक साधनको रुपमा प्रयोग गर्छ । यसकारण मनको भ्रष्टता ले पुरै व्यक्तिलाई नै भ्रष्ट पार्छ ।

नोट गर्नुहोस् कि भ्रष्टताको स्रोत नर्क हो यो शैतानबाट आउँछ । हाम्रो पापि स्वभाव शैतानको प्रभाव पारेको हुन्छ । दुष्टद्वारा भ्रष्ट पारिएका हाम्रा मन र हृदयहरू शैतानबाट शुरु भएर भ्रष्टता तिर लैजान्छ जुन हाम्रो जिब्रोबाट भएर बग्छ । येशूले यो कुरा मत्ती १२:३४-३५ मा उल्लेख गर्नु भएको छ । "तिमीहरू आफै दुष्ट छौ असल कुरा कसरी बोल्न सक्छौ ? किनभने हृदयमा भरिएका कुराहरू नै मुखबाट निस्कन्छन् । असल मानिसले आफूभित्र भरिएका असल थोकबाट असलै थोक निकाल्छ, तर दुष्ट मानिसले आफूमा भरिएको दुष्टताबाट दुष्ट थोक नै निकाल्दछन्" (मत्ती १२:३४-३५) । प्रभु येशू ख्रीष्टद्वारा हाम्रा मन र हृदयहरू परिवर्तन भएर मात्र हामी असल शब्दहरू बोलिरहन सक्छौ ।

## कुटिल जिब्रो-याकूब ३:७-१२

याकूबले देखाउनु हुन्छ कि मानिसहरूले सबै किसिमका जन्तुहरूलाई अधिन गर्न सक्छ, तैपनि हामी मध्ये कोही पनि जिब्रोलाई अधिन गर्न सक्दैनौ । सृष्टिमा परमेश्वरले मानिसलाई सबै जनावरहरू माथि अधिकार दिनु भयो तवदेखि उसले यो अधिकार प्रयोग गरिरहेको छ (हेर्नुहोस् उत्पत्ति १:२८) । तर मानिसले धेरै किसिमका जनावरलाई वशमा राखेर आफ्नो अधिकार प्रयोग गरे तापनि पतनको कारणले मानिसले आफै माथिको अधिकार गुमायो । यसको स्वभाविक स्थरमा जिब्रो "चञ्चल दुष्ट हो" (याकूब ३:८) । अधिन गर्न नसकिने डर लाग्दो जनावर जस्तै हो ।

याकूब ३:८ ले भन्छ जिब्रो चाहिँ "घातक विषले भरिएको" हुन्छ । तिता र पाशविक शब्दहरूले साच्चीकै अर्को मानिसको आत्मालाई मार्न र चक्कु अथवा कन्दुकको घाउ जस्तै दु:ख ल्याउन सक्छ । ति घाउहरूले त हृदयलाई नै च्यात्छ तैपनि तपाई बाहिरबाट तिनीहरूलाई हेर्न सक्नु हुन्न । जिब्रोले हाम्रो वास्तविक हामीलाई देखाउँछ । यसले हाम्रो भित्रको विचारलाई शब्द हरूलाई बाहिर निकाल्छ । परमेश्वरको अनुग्रह र हामीभित्र पवित्र आत्माको अधिनले मात्र जिब्रोलाई अधिन गर्न र एक निष्ठुर हतियार हुनवाट हामीलाई बचाउँछ । मानवताको बोलिमा बोल्दा हाम्रो निम्ती आशा छैन । यो मात्र छ, जस्तै हामी हाम्रो जीवन परमेश्वरका पुत्र येशू ख्रीष्टलाई विश्वासमा दिन्छौ उहाँले नै हाम्रो जिब्रो अधिन गर्नुहुन्छ (हेर्नुहोस् रोमी १०:९-१०, १२:१-२) ।

हामीले ख्रीष्टलाई हाम्रो मुक्तीदाताको रुपमा स्वीकार गरेतापनि हामी जीब्रोको कुटिलताको अनुभव गर्न सक्छौ "यसद्वारा हामी प्रभु र पिताको प्रशंसा गर्दछौ र यसैद्वारा परमेश्वरको स्वरुपमा बनेका मानिसहरूलाई हामी सराप्दछौ । एउटै मुखबाट आशिर्वाद र सराप निस्कन्छन । मेरा भाइ हो, यसो नहुनुपर्ने हो" (याकूब ३:९-१०) । हामी बाँचेका भएतापनि हाम्रो पापी स्वभावले लगातार हामीलाई असर पार्छ । जस्तै पावलले लेख्नु भयो "किनभने असल काम जो म गर्न चाहन्छु, त्यो म गर्दिन तर दुष्ट काम, जो म गर्न चाहन्न, त्यही म गर्ने गर्छु । अब म जो इच्छा गर्दिन, त्यही गर्छु भने त्यो गर्न म होइन, तर मभित्र बास गर्ने पाप हो" (रोमी ७:१९-२०) ।

याकूबले यस्तो कुटिलताको उदाहरण परमेश्वरको प्रकृतिको संरचनाको तथ्यबाट दिनुभयो : नेभाराको रुखले अन्जिर फलाउन सक्दैन, नुनिलो पानीको मुलबाट ताजा पानी निस्कन सक्दैन । फेरी हामी यो सिद्धान्त हेर्छौ कि हाम्रा शब्दहरू हाम्रो हृदयको अधिनबाट आउँदछन । ख्रीष्टयन भएका कारणले हामीमा पवित्र आत्माको बास छ तर कहिले काही हामीहरू उहाँको कुरा सुन्न र हाम्रो जीवनमा इन्कार उहाँलाई काम गर्न दिने गर्छौ उहाँलाई दु:खितै बनाउँदै र आगोबाट बाहिर निकाल्दै गर्छौ (हेर्नुहोस् एफिसी ४:३०, १ थेसलोनिकी ५:१९) ।

## झुटो बुद्धि - याकूब ३:१३-१६

याकूबले अझै पनि तिनीहरू जो शिक्षक हुन चाहन्छन तिनीहरू जो आफैलाई "बुद्धिमान र समझदार" ठान्दछन तिनीहरूलाई सम्बोधन गर्नुहुन्छ । उहाँले भन्नुहुन्छ कि, सत्य बुद्धि र समझदारी व्यक्तिमा "असल जीवन र बुद्धिबाट आएको नम्रतामा गरेको असल कामबाट देखिन्छ" (याकूब ३:१३) । ग्रीक शब्द अनुबाट गरिएको "नम्रता" लाई भद्रता पनि प्रयोग गर्न सकिन्छ तर यो कमजोर र त्यागबाट बनेर आएको होइन । त्यसकारण, भद्रता अधिनमा भएको बल हो, परमेश्वरको आत्माको अधिनमा रहेको ।[2] येशूले, भन्नु भयो उहाँका चेलाहरूले उनका "जुवा" उठाएर यो भद्रता सिक्न सक्छन (हेर्नुहोस् मत्ती ११:२९) । यदि हामीहरू येशूका चेलाहरू जस्तै उहाँतिर साज लगाएका भए उहाँको आत्माद्वारा हाम्रो जीवनमा कामका फलहरू उत्पादन गर्नु

1. *The Expositor's Bible Commentary.*

2. Ibid.

हुन्थ्यो काँधमा होइन तर भद्रतामा असल कामका फल उत्पादन गर्नु हुन्छ (हेर्नुहोस् गलाती ५:२२-२३)।

याकूबको केही स्रोताहरू तिनीहरू वा तिनीहरूको झुण्डको निम्ती आदर कमाउन कोसिस गरिरहेका थिए तर यदि "तिमीहरूको हृदयमा कटु ईर्ष्या र स्वार्थी अभिलाषा छन् भने यी कुरामा अभिमान नगर" (याकूब ३:१४)। तिनीहरूले आफै घोषणा गरेको बुद्धिमा तिनीहरूले घमण्ड गरे तापनि याकूब भन्नुहुन्छ "यो बुद्धि स्वर्गबाट आउने बुद्धि होइन तर यो त सांसारिक, अआत्मिक र शैतानिक हो। किनकि जहाँ डाह र स्वार्थपुर्ण अभिलाषा हुन्छ, त्यहाँ भाँडभैलो र हरेक किसिमको भ्रष्ट काम हुन्छ" (याकूब ३:१५-१६)।

के तपाई आफ्नै हृदयमा अर्को विश्वासितिर भएको कुनै तितोपन, इर्ष्या, स्वार्थ इच्छा देख्न सक्नुहुन्छ ? कहिले काही हामी आफ्नो पदको घमण्डको कारणले यस्ता स्वभावहरूलाई अन्देखा गर्छौं, हामी ठिक छौ र तिनीहरू गल्ती छन भन्ने गर्छौं वा तिनीहरूलाई गरिरहेको भन्दा राम्रो काम हामी गर्न सक्छौ भन्छौ। यदि हामीलाई वचनले हाम्रो स्थान साथ दिन्छ भनी हामी विचार गर्छौं भने, जसलाई हामी गल्ती ठान्छौं तिनीहरू संग भद्रता र प्रेमसाथ पेस आउनु पर्छ।

## साँचो बुद्धि - याकूब ३:१७-१८

याकूबले अव साँचो बुद्धि व्याख्या गर्नु हुन्छ "तर जुन बुद्धि स्वर्गबाट आउँछ त्यो पहिलो शुद्ध हुन्छ" (याकूब ३:१७)। यसले यौन शुद्धताको होइन, तर कुनै पनि पापले भरिएको स्वभाव वा इच्छाको अनुपस्थितिको कुरा गरेको भएको हो।[1] यो भित्री गुणबाट नै बाहिरी चरित्र बग्छ पछि याकूबले लेख्नुभयो, "तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण असल फलले भरिएको पक्षपातरहित र कपटरहित हुन्छ" (याकूब ३:१७)। यदि हामी पवित्र आत्माको काम प्रति समर्पण छौं भने यी गुणहरू हाम्रो जीवनमा बढ्दै जान्छन।

जो सँग स्वर्गीय बुद्धि छ तिनीहरू "शान्ति प्रेमी" हुन्छन, तिनीहरू जो स्वार्थ इच्छाको आत्माद्वारा चलाइएका छन् तिनीहरू यस्ता होइनन बरु प्रतिद्धन्दीतापूर्ण हुन्छन। तिनीहरू मननकारी हुन्छन् जसको अर्थ तिनीहरू व्यवस्थाको लेख अनुसार जिद्धि प्रेमको कृपालुता व्यवहारमा ल्याउनको बदला अधिकारहरूमा लिडेढिपी गर्दछन।[2] तिनीहरू आफ्ना होइन बरु अर्केका खाँचाहरू र भावना हरूका बारेमा बास्ता गर्दछन। समर्पण भनेको तिमीहरू आफैलाई अरुको अधिकारमा दिनु हो, पहिला परमेश्वरलाई र त्यसपछि तिमीहरूको जसलाई उहाँले तिमीहरूको माथि राख्नु भएको छ। तिनीहरू कृपाले भरिएका दयालु र क्षमा गर्न इच्छुक र भेदभाव नगर्ने हुन्छन। यसको अर्थ पक्षपात नदेखाउनु हो। अन्तमा तिनीहरू निस्कपट र इमान्दार र कपट विनाका हुन्छन्। के तपाई यस्ता चरित्रद्वारा चिनिन चाहनुहुन्न र ?

आखिरमा, याकूबले परमेश्वरले हामी जो भएको चाहनु हुन्छ सो हुन दिने गुणहरूमा जोड दिनु भयो। "शान्ति कायम राख्नेहरूले शान्तिमा छर्छन र तिनीहरूले धार्मिकताको फसल बटुल्छन्" (याकूब ३:१८)। धार्मिकता हामीमा बढ्दैन यदि हाम्रा "हृदयमा कटु ईर्ष्या र स्वार्थी अभिलाषा छन्" (याकूब ३:१४)। बरु पावलले विन्ती गरे जस्तै, "ख्रीष्टको शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस् साँच्चै तिमीहरू त्यसको निम्ति एउटै शरीरमा बोलाइएका थियौ" (कलस्सी ३:१५)।

1. Ibid.
2. *The Expositor's Bible Commentary.*

# अध्ययनका प्रश्नहरू

**तपाई यस हप्ताको अध्ययन शुरू गर्नु भन्दा पहिला :**

- परमेश्वरसंग पवित्रआत्माद्वारा तपाईसँग बोल्नु होस भनेर प्रार्थना गर्नुहोस् र माग्नुहोस् ।
- तपाईको उत्तरको निम्ती बाइबल मात्र प्रयोग गर्नुहोस् ।
- तपाईको उत्तर र तपाईले प्रयोग गरेको पद लेख्नुहोस् ।
- चुनौतीपूर्ण प्रश्नहरू तिनीहरूका निम्ती हुन जससंग समय छ र गर्न चाहन्छ ।
- व्यक्तिगत प्रश्नहरू यदि तपाईको इच्छा भए कक्षामा अरुलाई भन्न सक्नु हुन्छ ।
- तपाई पढ्दै जाँदा, यो हप्तामा कण्ठ गर्ने पदको खोजी गर्नुहोस् ।

## पहिलो दिन : याकूब ३ को टिप्पणी पढ्नुहोस् ।

१) याकूब ३ मा टिप्पणी पढ्दा अथवा शिक्षकको सिकाईबाट के अर्थपूर्ण अथवा नयाँ विचार पाउनु भयो ? तपाईको जीवनमा लागु गर्नका निम्ति के व्यक्तिगत प्रयोग छान्नु भयो ?

२) यशै पाठबाट यस हप्ता कण्ठस्थ गर्ने पद हेर्नुहोस्, त्यसलाई लेख्नु होस, साथमा बोक्नु होस, आफ्नो सुचना पाटीमा टाँस्नुहोस्, तपाईको कारको अगाडिको ड्यासबोर्डमा टास्नुहोस आदि पदलाई र यसको पाठलाई सिक्ने पूरै कोशिष गर्नुहोस् । पढ र "शिरोनामा" पाठ गर्न मेहनत गर्नुहोस् (बाइबलको पद अंक कहाँ छ भन्ने पढ्नुहोस्) ।

## दोस्रो दिन : याकूब ४ पढ्नुहोस्, पद १-३ मा ध्यान दिनुहोस् ।

१) क) शान्तिको वातावरण जुन धार्मिकताको खेती हुर्काउन आवश्यक पर्छ (हेर्नुहोस् याकूब ३:१८), याकूबमा पाठकहरूको अवस्था कस्तो थियो ?

ख) याकूबले यसको के कारण देखाउनु भयो ? (याकूब ४:१ ख)

२) क) के तिनीहरूको नास गर्ने ईच्छा र झगडाको परिणाम याकूबको स्रोताहरूको चाहे जस्तै पाए त ? (याकूब ४:२क)

ख) याकूबले आफ्नो स्रोताहरूलाई दोष लगाउनु भयो "तिमीहरू हत्या र लालच गर्छौ" (याकूब ४:२) । याकूबले हत्या भन्नाले के अर्थ लगाउनु भयो भन्ने कुरा तपाई तलका पाठबाट बुझ्नु हुन्छ ?
मत्ती ५:२१-२२

१ यूहन्ना ३:१५

३) तिनीहरूले चाहेको कुरा किन तिनीहरूले पाउन सकेनन् ? (याकूब ४:२ख)

४) क) तिनीहरूले परमेश्वरसँग केही चिजहरू मागे तापनि, तिनीहरूले विन्ती गरेको कुरा किन तिनीहरूले पाएनन् ? (याकूब ४:३)

ख) चुनौतिः कहिलेकाहि हामीले गलत विचारबाट मागेका भएपनि हामीले मागेको कुरा हामी पाउँछौ । लूका १५:११-१६ पढ्नुहोस् । जवान मानिसले उसको इच्छा अनुसार पाउनु र खर्च गर्नुको बारेमा के पत्ता लगायो ?

५) आजको संस्कृतिको जोड धेरैजसो, “जति पाउन सक्नुहुन्छ जति छिटो सक्नुहुन्छ लिनुहोस र त्यो सवैले तपाईलाई खुसी पार्छ” जस्तै लाग्छ। भजनसंग्रह ३७:४ पढ्नुहोस्। हामीहरू कसरी ठिक विचारले माग्न सक्छौ, ताकि हामीले इच्छा गरेको कुरा पाउन सक्छौं ?

६) व्यक्तिगत : के तपाईसँग तपाईको भित्र लडाई गर्ने इच्छा छ ? हाम्रो पापी स्वभावहरू सजिलैसंग संसारको स्वभावद्वारा प्रभावित हुन्छ, तर यदि हामी परमेश्वरका हौ भने उहाँ तपाईको जीवनमा अलग हेराई ल्याउन चाहनु हुन्छ। तपाई कसरी परमप्रभुमा आनन्दित हुन सक्नु हुन्छ ?

## तेस्रो दिन : याकूब ४ मा पुनर्विचार गर्दै, ४-६ पदमा ध्यान दिनुहोस्।

१) याकूबले उहाँको स्रोताहरूको साँचो आत्मीक अवस्थालाई कसरी चित्रण गरे ? (याकूब ४:४क)

२) चुनौति : पुरानो र नयाँ करार भरि नै परमेश्वरले कसरी उहाँका मानिसहरूसंग सम्बन्ध स्थापना गर्नुभयो ?

यर्मिया २:२, ३:१४

एफिसी ५:२५-२७

प्रकाश १९:७, २१:२

३) क) याकूबका कोहि स्रोताहरूले के गरे जसकारण उहाँले तिनीहरूलाई व्यभिचारी भन्नुभयो ?

ख) यूहन्ना २:१६ पढ्नुहोस्। यूहन्नाले संसारलाई कसरी परिभाषा गर्नुभयो ?

४) याकूब ४:५, NIV मा बुझ्न गाह्रो छ। जे होस तल नोटमा यसको अर्को उल्था दिइएको छ अथवा तिमीहरू सोच्छौ की विना कारण वचनले परमेश्वरको डाह हामीमा जीउन बनाउनु भएको आत्माको निम्ती तिर्सना गर्नुहुन्छ ? प्रस्थान ३४:१४ मा कसरी वचनले प्रकाश पारेको छ ?

५) परमेश्वरले उहाँका मानिसहरूको इमान्दारीता, प्रेम र भक्ती चाहनुहुन्छ। हामीलाई संसारको सामना गर्न र उहाँप्रति इमान्दार रहि रहन हामीलाई मद्धत गर्न उहाँले के दिनु भएको छ ? (याकूब ४:६)

६) व्यक्तिगत: जब हामी संसारका चिजहरूलाई प्रेम गर्छौ, “किनकि संसारमा भएका सबै थोक, अर्थात शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी, पिताबाट आएका होइनन्” (१ यूहन्ना २:१६), हामीले परमेश्वरको प्रेमको बदला अर्को कुरा राखको छौ। जब हामी संसारको यी कुराहरू तिर लाग्छौ हामी घमण्डी हुन्छौ। तुलनात्मक रूपमा, यदि हामी साच्चै परमेश्वरलाई चिन्न संसारले दिने सवै थोक भन्दा बहुमुल्य सम्पत्ति हो भनि हेर्छौ भने, यदि हामी आफैलाई साच्चीकै पापि अट्टेरी मानिस भनि हेर्छौ भने, तव हामी नम्रता साथ परमेश्वरको खोजी गर्छौ र उहाँले हामीलाई पाप माथि विजय गर्न मद्धत गर्नु र उहाँको नजिक लैजान उहाँ हामी माथि अनुग्रह खन्याउनु हुन्छ। तपाईको आफ्नो हृदय हेर्नुहोस् के र कसैलाई तपाई प्रेम गर्नुहुन्छ।

## चौथो दिन : याकूब ४ मा पुनर्विचार गर्दै, ७-१० पदमा ध्यान दिनुहोस्।

१) याकूबले अब पापले भरिएको घमण्डी स्वभावलाई जरैसित निकाल्ने आज्ञाहरूको श्रृंखलाको चर्चा गर्नु भयो। याकूब ४:७क मा पहिलो आज्ञा के हो ?

२) क) हाम्रो निम्ती परमेश्वरको इच्छाको सामना गर्नु भन्दा बरु, हामी कसको सामना गर्नुपर्छ ? यो आज्ञाको पछि के प्रतिज्ञा आउँछ ? (याकूब ४:७ख)

ख) चुनौति : तलका पाठ अनुसार हामी यो कसरी गर्न सक्छौ ?

एफिसी ६:११-१८

१ पत्रुस ५:८-१०

३) क) विश्वासनियताद्वारा सहगमन पनि गर्ने अर्को आज्ञा के हो ? (याकूब ४:८क)

ख) संसारको स्वभाव र कामसँग मिलेकाहरूलाई याकूबले के आज्ञा दिनु भयो ? (याकूब ४:८ख)

४) याकूब ४:९ मा याकूबले के पुरै पश्चात्ताप तिर बोलावटको चर्चा गर्नुभयो ?

५) क) फेरि एक उदेकको प्रतिज्ञाद्वारा सहगमण गर्ने अन्तिम आज्ञा के हो ? (याकूब ४:१०)

ख) चुनौति : फिलिपी २:५-९ पढ्नुहोस् । यदि हामी याकूब ४:१० को आज्ञा मान्छौ भने, हामीले कसरी प्रभु येशू ख्रीष्टको देखासिकी गरी रहेका छौ ?

६) व्यक्तिगत : हामीहरू लामो समय देखि ख्रीष्टयन भएता पनि, हामी संसारको स्वभावतिर चिप्लन र परमेश्वरबाट टाढा हुन सक्छौ । उहाँले हामीलाई यति धेरै प्रेम गर्नु हुन्छ कि उहाँले निरन्तर रूपमा हामीलाई हामी जति सुकै टाढा भएतापनि उहाँले हामीलाई फिर्ता बोलाई रहनु भएको छ । के तपाईले उहाँको बोलावट सुन्नु हुन्छ ? याकूब ४:७-१० मा भएका आज्ञाहरू के तपाईले पालन गर्नु भएको छ ? कुन आज्ञा वा प्रतिज्ञा खास गरी आज तपाईसंग बोल्यो ?

## पाँचौ दिन : याकूब ४ मा पुनर्विचार गर्दै, ११-१२ पदमा ध्यान दिनुहोस् ।

१) हामीहरूले अरु मानिसलाई के गर्नु हुदैन ? (याकूब ४:११क)

२) चुनौति : बाइबल घरीघरी पापको विरुद्धमा बोल्छ, यो देखाउँदै कि, मानिसहरू सजिलैसँग यसमा खस्छन । तलका पाठहरूमा यसले के भन्छ ?

भजनसंग्रह ५०:१९-२१

एफिसी ४:३१-३२

१ पत्रुस २:१

३) क) हामीहरूले यसो गर्न किन रोक्नुपर्छ ? (याकूब ४:११ ख)

ख) याकूबले यहाँ चर्चा गर्नु भएको व्यवस्था सायद उहाँले याकूब २:८ मा भनेको व्यवस्था नै हो । यो के व्यवस्था हो ।

४) क) याकूबले कसलाई एकमात्र मानिसहरू प्रति न्याय गर्ने योग्यता भएको भन्नुभयो ? (याकूब ४:१२क)

ख) यशैया ३३:२२ पढ्नुहोस् । यशैयाले यो अधिकारी व्यक्तिलाई कसरी चिनाए ?

५) क) याकूबले कसरी यो अधिकारको गलत प्रयोग गरिएको एक व्यक्तिको मुर्खतालाई घोर नभएको देखाउनु भयो ?

ख) रोमी २:१ पढ्नुहोस् । पावलले कसरी मिल्दो विचार स्पष्ट पार्नु भयो ?

६) व्यक्तिगत : कति पटक तपाईले आफैलाई अर्को व्यक्तिलाई चाहे शब्दमा होस वा विचारमा आलोचना गरिरहेको वा न्याय गरेको पाउनु हुन्छ ? के तपाईले कहिल्यै आफूलाई रोकेर किन तपाईसंग यस्तो गर्ने अधिकार छैन भन्नेकुरा महसुस गर्नु भएको छ ? यदि तपाई यस्तो पापसंग संघर्ष गर्दै हुनुहुन्छ भने परमेश्वरलाई तपाईको हृदय परिवर्तन गर्न विन्ती गर्नुहोस ताकि तपाई अरु हरू प्रति आलोचना र न्यायको बदला कृपा र दया देखाउनु भएको होस् ।

## छैटौं दिन : याकूब ४ मा पुनर्विचार गर्दै, १३-१७ पदमा ध्यान दिनुहोस् ।

१) संसारले प्रोत्साहित गर्ने झुटो बुद्धिको याकूबले के उदाहरण दिनुभयो ? (याकूब ४:१३)

२) यस आफैमा सन्तुष्ट हुनमा के गल्ती छ ? (याकूब ४:१४)

३) भविष्यको निम्ती योजना गर्ने कुरामा खीष्टयनहरूको स्वभाव के हुनुपर्छ ? (याकूब ४:१५)

४) परमेश्वरका योजनाहरू वास्ता नगरी आफ्नै योजना बनाउँदा हामीले के पाप गर्छौं ? (याकूब ४:१६)

५) यदि हामीले जे गर्नुपर्ने हो सो गर्न असफल भयौ भने, परमेश्वरले यसलाई कसरी अनज्ञाकारीताको रूपमा हेर्नुहुन्छ ? (याकूब ४:१७)

६) व्यक्तिगत : याकूब ४:१६ ले हामीलाई कहिल्यै पनि भविष्यका योजना बनाउनु हुँदैन भन्ने सल्लाह दिन्छ । बरु हाम्रो योजनाहरू प्रभुम सुम्पिनु उहाँको इच्छाको खोजी गर्नु र नम्रतासाथ स्वीकार्न कि हाम्रो भविष्य हाम्रो अधिनमा छैन । यो भविष्यको तिर तपाईको के स्वभाव छ ?

# याकूब

# पाठ - ७

जीवनको आनन्द
बाइबल अध्ययन

## झगडाको स्रोत - याकूब ४:१-२

तीन अध्यायको अन्त्यमा, याकूबले एउटा महत्वपुर्ण सिद्धान्त अगाडी सार्नुभयो जसले खीष्टयन परिपक्वतालाई जोड दियोः "शान्ति कायम राख्नेहरूले शान्तिमा छर्छन् र तिनीहरूले धार्मिकताको फसल बटुल्छन्" (याकूब ३:१८)। तर प्रत्यक्ष रूपमा, उहाँका पाठकहरूले यो परिपक्वता देखाएका थिएनन्। याकूबले ४ अध्यायको एक पदमा लगातार गर्नुभयो, "तिमीहरूका बीचमा लडाइँ र झगडाहरू कुन कुराले ल्याउँछ ?"

हामी सबैसंग मण्डलीको काल्पनिक तस्बीर छ। हामी सोच्ने गर्छौ कि, यो यस्तो मानिसहरूको झुण्ड हुनुपर्छ जो सबै जना एक अर्कोलाई प्रेम र वास्ता गर्छन। तर तथ्य यो हो कि घरिघरि मण्डलीभित्र आन्तरिक सम्बन्धहरू अखीष्टयन संसारभन्दा फरक छैनन्, झगडा, लडाइँ र शक्ति सम्पत्ति र प्रशिद्ध हुनका निम्ती धोकाले भरिएका छन्।

याकूबले उहाँको आफ्नै प्रश्नको उत्तर दिनुहुन्छ, के यी सब तिम्रो शरीरका अंगहरूमा संघर्ष गर्ने अभिलाषाहरूबाट आएका होइनन र ? (याकूब ४:१)। ग्रीक शब्द हेडोनोनलाई "अभिलाषा" उल्था गरिएको हो जसको अर्थ 'प्रशन्नता' हो। यो अंग्रेजी शब्द हेडोनिज्मको स्रोत हो जुन दर्शन शास्त्र हो, जुनले प्रशन्नतालाई जीवनको प्राथमिक उद्देश्य हो भन्ने विचार गर्छ।[1] हामी, हाम्रा इच्छाहरू पुरा गर्ने अर्जीद्वारा दिनदिनै घेरिएका छौ। प्राय सबै विज्ञापन र खरिद विक्रीका उपाय यस सिद्धान्तमा आधारित छ। यस्तो खालको सोचाइमा पर्ने धेरै सजिलो छ, संसारले हौसला दिन्छ र हाम्रो इच्छालाई हाम्रो भित्र लड्ने अनुमती दिन्छ।

यस्तो मनस्थितीको परिणाम, याकूब भन्नुहुन्छ, "तिमीहरू इच्छा त गर्दछौ तर तिमीहरू पाउँदैनौ। तिमीहरू हत्या गर्दछौ र लोभ गर्छौ तर पाउन सक्दैनौ। तिमीहरू झगडा गर्दछौ र लडाइँ गर्छौ" (याकूब ४:२)। अव यो विश्वास गर्ने गाह्रो छ कि याकूबका पाठकहरू साच्चै हत्याराहरू थिए तर वचन अनुसार घृणा गर्नु, हत्या गर्नु बराबर हो ( हेर्नुहोस् मत्ती ५:२१-२२, १ यूहन्ना ३:१५)। तपाईले कसैलाई घृणा गर्नु भएको छ, किनकी तिनीहरूसँग तपाइलाई चाहिएको कुरा थियो। तपाईले महसुस गर्नु भएको छ कि तपाईको घृणा साच्चै हत्या बराबर गम्भिर छ ?

## हामी इच्छाहरू स्वीकार - याकूब ४:२-३

उहाँका पाठकहरूले चाहेको कुराहरू नपाउनका कारण, याकूब भन्नुहुन्छ, "तिमीहरू परमेश्वरसँग माग्दैनौ" (याकूब ४:२)। राम्रो त्यो त सजिलै छ, तपाई सोच्नु होला, मैले चाहेको कुरा म परमेश्वरसंग माग्न शुरु गरे भै हाल्यो। तर याकूबले लगातार भन्नुहुन्छ, "तिमीहरू माग्छौ तर पाउदैनौ, किनकि आफ्ना अभिलाषा पूरा गर्नलाई बेठिक सित माग्छौ" (याकूब ४:३)। परमेश्वर हाम्रा सबै विन्तीहरू स्वत पुरा गर्ने, माथि आकाशमा भएको ठुलो एक जीन हुनुहुन्न।

कहिलेकाही, हामीले गलत विचारले माग्दा पनि, परमेश्वरले हामीलाई केही कुरा सिकाउनको निम्ती दिनु हुन्छ। येशूले एक जवान मानिसको दृष्टान्त भन्नुभयो, जसले उसको बुवाको आधा सम्पत्ति माग्यो र बाबुले उसलाई दियो। छोरा "धेरै दिन बित्दा नबित्दै सबै धन सम्पत्ति बटुलेर कान्छो छोरो टाढा देशमा गयो र त्यहाँ भोग विलासमा आफ्नो सम्पत्ति उडायो" (लूका १५:१३)। उसले सबै खर्च गरिसकेपछि अनिकाल पऱ्यो। त्यो एक किसानका सुंगुरहरू चराउने काममा लाग्यो तैपनि भोकले दुःखित थियो। उसले थाहा पायो कि उसको इच्छा पाएर र सबै उसले चाहे जस्तै खर्च गरेर पनि उसलाई साँचो खुसी र सुरक्षा पाएन। उसको बाबुकहाँ फिर्ता गएर मात्र उसको जीवन फेरी ठिक भयो।

भजनसंग्रहका लेखकले ठिक विचारले कसरी माग्ने कुरा सिकाउनु भयो "परमप्रभुमा आनन्दित होऊ र उहाँले तिम्रो मनोरथ पूर्ण गर्नुहुनेछ" (भजनसंग्रह ३७:४)। जति हामी परमेश्वरलाई चिन्छौ उहाँको वचन पढ्दै र प्रार्थना गर्दै बढ्छौ त्यति नै हाम्रा इच्छाहरू परिवर्तन हुन्छन्। कुन कुराले हामीलाई साच्चै खुसी र सुरक्षित गर्छ भन्ने कुरा परमेश्वर जान्नु हुन्छ र उहाँले हाम्रा हृदयलाई ति कुरातिर परिवर्तन गराउनु हुन्छ जुन हाम्रो निम्ती असल छन्। त्यसपछि हामीलाई ति चिजहरू प्रशस्त दिन उहाँ प्रशन्न हुनुहुन्छ।

## आत्मीक विश्वास घात - याकूब ४:४-६

याकूबले स्पष्टसाथ उहाँका पाठकहरूलाई "व्यभिचारी मानिस हो" भन्नुभयो (याकूब ४:४)। उहाँले तिनीहरूको विवाहमा विश्वासघात भएको कुरा गर्नु भएको होइन तर आत्मीकी व्यभिचारको हो। पुरानो र नयाँ करार भरिनै परमेश्वरले उहाँका मानिसहरू संगको उहाँको सम्वन्धलाई दुलही वा श्रीमतीका रुपमा उदाहरण दिइरहनु भएको छ।

तिनीहरू प्रति परमेश्वरको विश्वास योग्यताको विरुद्धमा उहाँका मानिसहरूले निरन्तर झुटा देवताहरूका निम्ती उहाँलाई त्यागे।

---

1. *The Expositor's Bible Commentary.*

त्यसपछि उहाँले तिनीहरूलाई प्रेम र तिर्सना साथ बोलाउनु भयो, "तेरो युवावस्थाको भक्ति, दुलहीको जस्तो तेरो प्रेमलाई म सम्झन्छु र कसरी तँ मेरो पछि पछि मरुभूमिमा हिँडेको थिइस, फर्क, अविश्वासी प्रजा हो, किनभने म तेरो पति हुँ (यर्मिया २:२, ३:१४)। प्रकाशको किताबमा यूहन्नाले जब येशू ख्रीष्ट उहाँको मानिसहरू जो उहाँको बलिदानद्वारा धार्मि बनाइएका छन्, संग पुनर्मिलन हुनु हुने समयको एक सुन्दर तस्वीर देखाउनु भएको छ, "हामी रमाऔं र अत्यन्त खुशी होऔं र उहाँलाई महिमा दिऔं। किनकि थुमाका विवाहको दिन आएको छ, अनि मैले परमेश्वरबाट दुलहाको निम्ती दुलही जस्तै गरी सिङ्गरिएर तयार पारिराखेको अर्थात पवित्र शहर, नयाँ यरुशलेम स्वर्गबाट तलतिर भरिरहेको देखें" (प्रकाश १९:७, २१:२)।

याकूबले निरन्तर भन्नु हुन्छ, "संसारसंगको मित्रता परमेश्वरसँगको शत्रुता हो" (याकूब ४:४)। संसार भन्नाले पृथ्वी र हाम्रो वरिपरिको प्राकृतिक संसार होइन। बरु यो परमेश्वरबाट विच्छेद भएको र उहाँको विरुद्धमा राजद्रोह गरेको मानिसको संसार हो।[1] यो शैतानले अधिन गरेको दुष्ट प्रणाली हो जुन पृथ्वीमा सबै मुर्खता र परमेश्वरलाई विरोध हो।[2]

याकूब ४:५ लाई NIV संस्करण मुख्य उत्थानमा बुझ्न गाह्रो छ, "कि पवित्र धर्मशास्त्रले व्यर्थमा यसो भन्दछ, हामीमा परमेश्वरले राख्नु भएका आत्माको निम्ति उहाँ तीव्र डाह राख्नुहुन्छ" (याकूब ४:५)। तथापि NIV अधोटिप्पणीले परिवर्तन अनुवाद दिएको छ जुन ४ पाठको पृष्ठभूमि संग बाधिन्छ। "हे व्यभिचारी हो, संसार संगको मित्रता परमेश्वरसँगको शत्रुता हो भन्ने कुरा के तिमीहरूलाई थाह छैन ? यसकारण जो संसारसँग मित्र हुन चाहन्छ त्यसले आफैलाई परमेश्वरको शत्रु बनाउँछ" (पद ४)। याकूबले उल्लेख गर्नु भएको 'वचन' सायद प्रस्थान ३४:१४ हो, "तिमीहरूले अन्य कुनै देवताको पूजा नगर्नु किनकि परमप्रभु जसको नाउँ 'डाही' हो, डाह गर्ने परमेश्वर नै हुनुहुन्छ।" विश्वासीहरू जसले संसारको साथी बन्नु छाने तिनीहरूले आत्मीकी व्यभिचार गरे। परमेश्वर डाही श्रीमान् हुनुहुन्छ जो उहाँका मानिसहरू प्रेममा फर्कुन भनी तिर्सना गर्नु हुन्छ।

परमेश्वर उहाँको मानिसहरूको इमान्दारीता, प्रेम र ध्यान को माग गर्नुहुन्छ तर याकूबले भन्नुहुन्छ, उहाँले हामीलाई संसारको अर्जी को सामना गर्न र उहाँमा इमान्दार रहन मद्दतको आवश्यक पर्ने सबै अनुग्रह दिनु हुन्छ। हामीले गर्नुपर्ने चाहि नम्र हुनु-हाम्रो निम्ती उहाँका इच्छाहरू प्रति समर्पण हुन, इच्छुक हुनु मात्रै पर्छ। तैपनि यो आफ्नै शक्तिले सक्ने कुरा होइन तर हामीले मद्दत माग्नुपर्छ।

## परमेश्वरलाई समर्पण - याकूब ४:७-१०

याकूबले अब घमण्डको पापपूर्ण स्वभाव जरैसित निकाल्न तयार पारिएको आज्ञाहरूको एक श्रृंखलाको चर्चा गर्नु हुन्छ, हामीलाई नम्रताको स्थानमा ल्याउन ताकि हामीहरूले परमेश्वरको प्रशस्त अनुग्रह पाउन सकौं। पहिला हामी परमेश्वरमा समर्पित हुनुपर्छ। हामीले यसो गर्दा, हामी शैतानको सामना गर्छौं जसले हामीलाई आत्मीक व्यभिचारमा लैजान कोसिस गर्छ।

धेरै मानिसहरू विश्वास गर्न इन्कार गर्छन कि त्यहाँ शैतान वा भूत भन्ने केही जीवित वस्तु छ, यद्यपि परमेश्वरले उहाँको वचनमा यसको कुरा समय समयमा बोल्नु भएको छ (उदाहरणको निम्ती अय्यूब १:६-१२ मत्ती ४:१-११)। शैतान जीवित छ। त्यो सर्वव्यापी होइन, जस्तै परमेश्वर हुनुहुन्छ, तर ऊ सँग भुतहरू छन्, जसलाई उसले आफ्नो काम पुरा गर्न पठाउँछ। याकूब ४:७ ले विश्वासीहरूलाई साहस दिन्छ कि परमेश्वर शैतान भन्दा बढी शक्तिशाली हुनुहुन्छ। "यसकारण आफैलाई परमेश्वरको अधिनमा राख। दियाबलसको विरोध गर, र त्यो तिमीहरूबाट भाग्नेछ"। हामीलाई शैतानका कामहरू र परिक्षाहरूबाट बचाउन प्रतिज्ञा अर्को पाठ १ यूहन्ना ४:४ मा पाइन्छ, "मेरा साना बालकहरू, तिमीहरूचाहिँ परमेश्वरका हौ र तिनीहरूमाथि विजयी भएका छौ। किनभने जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ।" शैतानका कुनैपनि परिक्षा माथि विजय गर्न पवित्र आत्माको वासको शक्ति पाउनु कति राम्रो मौका हो।

अर्को याकूबले तिनीहरू जो परमेश्वरबाट टाढा भएका छन तिनीहरूलाई उजुर गर्नुभयो, "परमेश्वरको नजिक आओ र उहाँ तिमीहरूका नजिक आउनुहुनेछ" (याकूब ४:८)। परमेश्वरले सधै उहाँका उडन्ते पुत्र र उहाँको अविश्वासी श्रीमतीलाई वापस स्वागत गर्नुहुन्छ। उहाँ ठिक सम्वन्ध फेरी स्थापना गर्ने तिर्सना गर्नुहुन्छ। हाम्रो भाग चाहि इमान्दारीता साथ पश्चात्ताप गर्नु हो "तिमीहरूका हात चोखा पार। दोमनका मानिस हो। तिमीहरूका हृदय शुद्ध पार। दुःखी होओ, शोक गर, र रोओ। तिमीहरूको हाँसो शोकमा र तिमीहरूको आनन्द खिन्नतामा परिणत होस्। प्रभुको सामने आफुलाई विनम्र तुल्याओ र उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ" (याकूब ४:८-१०)।

कोही मानिसहरू छपाइको फलक जस्ता ख्रीष्टयन छन सधै यी पदहरूले उल्लेख गरे जस्तै दुःखी उदास, कहिल्यै नहास्ने वा खुसी नहुने गर्दछन्। तर यो परमेश्वरको ईच्छा होइन। हामीले पश्चाताप गरेपछि, याकूब भन्नुहुन्छ "उहाँले तिनीहरूलाई उच्च पार्नु हुनेछ" ( याकूब ४:१०)। ख्रीष्टमा हामी साँचो आनन्द र हाँसो, उहाँले हाम्रो निम्ती गर्नु भएको काम प्रति आश्चर्य र उहाँले हाम्रो भविष्यको निम्ती बनाउनु भएको योजना प्रति आश्चर्यको अनुभव हामी गर्छौं। परमेश्वरले भन्नु भयो, "किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ।" ती तिमीहरूका उन्नतिको निम्ति हुन, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई" यर्मिया २९:११।

## अर्काको न्याय नगर : याकूब ४:११-१२

याकूबले हामीलाई कलंकको विरुद्धमा एक अर्कोसंग बोली र न्यायको विरुद्धमा चेतावनी दिनु भयो। यसले कुनै पनि कुरा भन्नु जुन त्यस विषयमा सहि हुन सक्छ, तर कडा र कठोर तरिकाले यसलाई हामी भन्छौ। यसले अरुलाई हाम्रो मनमा न्याय गर्न पनि मन गर्छ। ति आलोचनात्मक कठोर विचारहरू हामी सबैले एक वा अर्को समयमा साच्छौ। अर्को व्यक्तिले हाम्रो आलोचनाको विषयमा जानोस वा नजानोस परमेश्वरले हाम्रा विचारहरू जान्नु हुन्छ। घृणा गर्नु परमेश्वरको नजरमा हत्या गरे जत्तिकै खराब हो, त्यस्तै दयाँ नभएका र अरुको बारेमा आलोचनात्मक विचारहरू तिनीहरूलाई शारीरिक सहसाक्रमण जत्तिकै खराब हो।

1. *The NIV Study Bible.* See notes on James 1:27
2. *The Expositor's Bible Commentary.*

साच्ची नै, "भाइ हो, एउटाले अर्काको विरुद्धमा खराब कुरा नगर। जसले आफ्नो भाइको विरुद्धमा खराब बोल्छ" (याकूब ४:११)। याकूबले यहाँ उल्लेख गर्नु भएको व्यवस्था सायद उहाँले याकूब २:८ मा भन्नु भएको जस्तै हो, 'यदि आफ्ना छिमेकीलाई आफुलाई झैं प्रेम गर भन्ने पवित्र धर्मशास्त्रको राजकीय व्यवस्थालाई साच्चै पुरा गर्दछौ भनेता असलै गर्दछौ' (याकूब २:८)। यदि हामी हाम्रो छिमेकीको विरुद्धमा बोल्छौ भने आफैलाई यसको माथि राखेर र त्यहाँबाट यसलाई मधौरो बनाएर हामी व्यवस्थालाई उल्लंघन गर्छौं।

कुनै व्यक्तिलाई न्याय गर्ने अधिकार परमेश्वरको मात्र हो। उहाँले नै हामीलाई बनाउनु भएको हो र उहाँले हामीलाई पहिलो स्थानमा उहाँको व्यवस्था दिनु भयो। उहाँ एक मात्र हुनुहुन्छ जो उहाँको व्यवस्था पालन गर्न लगाउन सक्ने स्थानमा हुनुहुन्छ। "जसले बचाउन र नाश गर्न पनि सक्नु हुन्छ" (याकूब ४:१२)। हामीहरू मध्य कसैको अरुहरूको आलोचना गर्न र न्याय गर्ने अधिकार छ भन्ने सोच्छौ भने त्यो हाम्रो मुर्खताको उचाई हो। पावलले यसरी भन्नुहुन्छ, "यसकारण अर्कोलाई दोष लाग्ने ए मानिस, तिमी जोसुकै भए तापनि केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफै पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लाउनेले पनि त्यही काम गर्छौ" रोमी ५:१।

## घमण्ड र आफै पर्याप्त - याकूब ४:१३-१७

अब याकूवले ति मानिसहरूलाई उल्लेख गर्नुहुन्छ जो भविष्यका योजनाहरू बनाउँछ, परमेश्वरलाई ति योजनाहरूमा कुनै स्थान दिदैनन। उहाँले एक व्यापारी मानिसको विचारबाट उदाहरण दिनुहुन्छ तर कुनैपनि मानिसको यस्तो विचार हुन सक्छ। संक्षेपमा, यो अभिमानी आफै पर्याप्त हो। तर यहाँ समस्या छ, "भोलि के हुने हो तिमीहरू जान्दैनौ तिम्रो जिन्दगी के छ र ?" (याकूब ४:१४)। परमेश्वर बाहेक अरु कसैले पनि भविष्य जान्दैन।

याकूबले हाम्रो जीवनलाई एक, "तवाँलो हौ, जो केही बेरको निम्ति देखापर्छ, अनि हराइहाल्छ" (याकूब ४:१४)। भनेर उल्लेख गर्नु भएको छ। अर्कोतर्फ, परमेश्वर अनन्त हुनुहुन्छ। उहाँले भन्नुभयो, "आदिदेखि अन्तसम्मको र प्राचीन समयदेखि हुन आउने सम्मको जानकारी म दिन्छु, म भन्छु मेरो अभिप्राय ठहर्नेछ र मैले चाहेको सबै पुरा गर्नेछु" (यशैया ४६:१०)।

भविष्यको निम्ती योजना बनाउनु गलत होइन, तर हामीहरू उहाँको इच्छामा हरेक दिन खुल्ला भएको र हाम्रा सबै योजनामा उहाँलाई चिनेको उहाँ चाहनु हुन्छ। हाम्रो स्वभाव येशू ख्रीष्टको जस्तो हुनुपर्छ जसरी उहाँले प्रार्थना गर्नु भयो, "तर मेरो इच्छा होइन, तपाईकै इच्छा पुरा होस्" (लुका २२:४२)।

याकूबले निष्कर्ष गर्नुहुन्छ, "यसकारण जसले भलाई गर्न जानेर पनि गर्दैन त्यसले पाप गर्छ" (याकूब ४:१७)। परिणामस्वरुप, याकूब भन्दै हुनुहुन्छ, "अब मैले तिमीहरूका गल्ती देखाइदिएको छु, कि तिमीहरू यो लगातार गर्न दोष मुक्त छैनौं।" तपाई आफ्नै योजना बनाउँदै हुनुहुन्छ कि परमेश्वरको अगुवाइको खोजी गरी रहनु भएको छ ? के तपाईको स्वभाव "यदि परमेश्वरको इच्छा भयो भने हामी बाचौंला र यस्तो उस्तो गरौला" (याकूब ४:१५) हो ? के तपाई अहिले नै रोकेर र यसको बारेमा परमेश्वर संग कुरा गर्न चाहनुहुन्छ ? उहाँको प्रशंसा गर्न नविर्सनु होस कि उहाँसंग तपाईको जीवनको निम्ती योजना छ। त्यो योजना के हो सो हरेक दिन तपाईलाई देखाउनु होस् भनि उहाँसँग माग्नुहोस् र त्यसपछि आज्ञाकारी साथ विश्वासमा उहाँसँग हिड्नुहोस्।

# अध्ययनका प्रश्नहरू

**तपाईले यस साताको अध्ययन शुरू गर्ने अघि :**

- प्रार्थना गर्नुहोस् र परमेश्वरसँग उहाँका पवित्र आत्मा द्वारा तपाईसँग बोल्न विन्ती गर्नुहोस् ।
- तपाईको उत्तरको लागि बाइबल मात्र प्रयोग गर्नुहोस् ।
- तपाईको उत्तर र तपाईले प्रयोग गरेको पाठ लेख्नुहोस् ।
- चुनौति प्रश्नहरू तिनीहरूका लागि मात्र हुन जो संग समय छ र गर्ने चाहन्छ ।
- व्यक्तिगत प्रश्नहरू कक्षामा अरुहरू संग बाड्न सक्नु हुन्छ यदि हुन्छ भने ।
- पढ्दै जाँदा यस सातामा याद गरेपपछि खोज्नु होस् ।

## पहिलो दिन : याकूब ४ को टिप्पणी पढ्नुहोस्

१) याकूब ४ को टिप्पणी र शिक्षक सिकाइमा तपाईले के अर्थपुर्ण विचार पाउनु भयो ? तपाईको जिवनमा प्रयोगको लागि कुन अर्थपुर्ण व्यक्तिगत प्रयोग छान्नु भयो ।

२) पाठबाट यस साता याद गर्ने पाठ खोज्नुहोस् । यसलाई लेख्नुहोस यसलाई आफैसँग बोक्नुहोस् तपाईको सुचना पार्टीमा टाँस्नुहोस, कारको ड्यास बोर्डमा टास्नुहोस आदि । पाठलाई र यसको पाठ अंक याद गर्ने पुरै कोसिस गर्नुहोस् । (बाइबलमा कहाँ छ भन्ने पाठ)

## दोस्रो दिन : याकूब ५ पढ्नुहोस, १-६ पाठमा ध्यान दिएर

१) याकूब ५:१ मा याकूबले कस्को उल्लेख गर्नु भएको छ र उहाँले तिनीहरूलाई के भन्नु हुन्छ ?

२) चुनौति : याकूब ५:१ लाई अगाडी पाठहरूबाट तल दिइएका पाठहरूसँग दाँज्नुहोस् । याकूबले उहाँको पाठकहरूलाई कसरी उल्लेख गर्नु भएको छ, र तिनीहरूले प्रभुलाई निरास बनाउँदा तिनीहरूलाई के गर्ने सल्लाह दिनुभयो (याकूब ४:७-१०) ? याकूब ५:१ मा याकूब ख्रीष्टयनहरूसंग हो वा अख्रीष्टयनहरू संग बोल्नु भएको हो जस्तो तपाईलाई लाग्छ ? हरेक मानिस जो संग पैसा छ । त्यसै सँग वोल्नु भएको हो भन्ने सोच्नु हुन्छ कि तिनीहरू संग मात्रै जसैले गलत तरिकाले पैसा कमाए वा यसको शक्तिको प्रयोग गरे ?

याकूब १:९-१०

याकूब ४:७-१०

३) अब याकूबले यी मानिसहरू दण्डको योग्यका हुनका कारण दिनुभयो । तिनीहरूको विरुद्धमा लगाएका दोषहरू के के हुन्
याकूब ५:२-३

याकूब ५:४

याकूब ५:५

याकूब ५:६

४) याकूबले भन्नुभयो यी मुर्ख मानिसहरू "अन्तिम दिनहरूमा" यस्ता कुराहरू गरेका हुन् (याकूब ५:३) । नयाँ नियमले त्यो ख्रीष्टका पहिलं आगमण देखि दोस्रो आगमण सम्मको पुरै समयलाई अन्तका दिनहरू भनेको छ ।[1] हिब्रू १:१-२ मा यसको बारेमा तपाईहरू के सिक्छौ

1. *The Expositor's Bible Commentary.*

५) याकूबले पनि भन्नुभयो तिनीहरूले यी कुराहरू वलिका दिनमा गरे (याकूब ५:५) यो अन्तका दिनहरूको अन्तिम समय हो कि, येशू उहाँको राष्ट्र स्थापना गर्न र सबै मानिसलाई न्याय गर्न आउनु हुने दिन हो ? "बलीका दिन" । तलका पाठहरूले आउने न्यायलाई कसरी पक्का पर्छ ?

उपदेशक १२:१४

रोमी २:५

६) व्यक्तिगत : परमेश्वरले हरेक व्यक्तिको न्याय गर्नु हुन्छ । दण्डबाट उम्कने एकमात्र उपाय चाहिँ येशू ख्रीष्टको मृत्यु र पुनरुत्थान द्वारा उहाँको उपहारलाई स्वीकार गर्ने हरेक व्यक्तिको ज्याला तिरीसक्नु भएको छ । के तपाईले उहाँले तपाईको निम्ती दिनु भएको बली स्वीकार गर्नुभयो ?

## तेस्रो दिन : याकूब ५ मा पुनर्विचार गर्दै, ७-९ पदमा ध्यान दिनुहोस् ।

१) याकूब ५:७ मा याकूबले उहाँको ध्यान को तिर फर्काउनु भयो ?

२) शब्द 'यसकारण' ले याकूब ५:७ मा याकूबका पाठकहरूप्रति पद १-६ मा दिएका मुर्ख मानिसहरू जसलाई पद १-६ मा उकाले चेतावनी दिन भएको थियो । दवावसंग व्यवहार गरिरहेको थिए भन्ने बुझिन्छ । याकूबले उहाँका पाठकहरूलाई के गर्ने हौसला दिनु हुन्छ ? (याकूब ५:७क)

३) जब हामी दुखित हुन्छौ हामीहरू किन धैर्य हुन पर्छ भन्ने कुरा देखाउँदै, याकूबले के उदाहरण दिनु भयो ? (याकूब ५:७ख)

४) चुनौति : हामी धैर्यता साथ खडा हुन सक्छौ किनकि हामी जान्दछौ कि प्रभु आउनु भएपछि उहाँले सवै कुरा ठिक पार्नु हुन्छ । प्रकाश २१:१-५ मा त्यो दिनको बारेमा तपाई के सिक्नुहुन्छ ?

५) क) हामीहरू ति अ ख्रीष्टयनहरूप्रति जसले हामीलाई सताउँछन प्रति मात्र धैर्य हुने होइन तर कुन अर्को मानिसहरू झुण्ड प्रति पनि धैर्य हुनपर्छ ? (याकूब ५:९)

ख) मत्ती ६:१४-१५ मा येशूले कसरी यस्तै खालको आज्ञाको उल्लेख गर्नु भएको छ ?

६. व्यक्तिगत : के अरु मानिसहरू द्वारा तपाईलाई खराब व्यवहार गरिएको छ चाहे ख्रीष्टयन होस् वा अ-ख्रीष्टयन ? यो, अनुभवको समयमा तपाईको स्वभाव कस्तो थियो ? तपाईले आज पढेको वचनको आधारमा, दुःख र विरक्तिलाई तपाई कसरी उत्तर दिन चाहनु हुन्छ ? प्रार्थना गरेर परमेश्वरलाई तपाईको हृदय र स्वभावलाई परिवर्तन गर्न किन नमाग्ने त ?

## चौथो दिन : याकूब ५ मा पुनर्विचार गर्दै, १०-१२ पदमा ध्यान दिनुहोस् ।

१. क. याकूब ५:१० मा दिइएको धैर्यको दोस्रो उदाहरण के हो ?

ख. चुनौति : अगमवक्ताहरू मध्य एकको उदाहरणलाई हेरौं । यर्मियाले प्रभुको नाउमा बेल्नु हुँदा के सहन परयो, तलका पदहरू अनुसार ? के उहाँको दुःखको कारणले उहाँले प्रभुको सेवा गर्न छोड्नु भयो ?

यर्मिया २०:१-२

यर्मिया ३२:२-३

यर्मिया ३८:४-६

२. याकूब ५:११ मा याकूबले तेस्रो उदाहरण दिनुहुन्छ । याकूबले यो मानिसले दु:खमा प्रतिउत्तर उल्लेख गर्दा अर्को शब्द के प्रयोग गर्नु भयो ?

३. क. चुनौति : तलका पदहरू अनुसार अय्यूबले के दु:ख सहे ?

अय्यूब १:१४-१९ (छोटकरीमा लेख्नुहोस्)

अय्यूब २:७

ख. चुनौति : तलका खण्डहरूमा अय्यूबका शब्दहरूले कसरी उहाँको अध्ययन साथलाई देखायो ?

अय्यूब १:२०-२२

अय्यूब १३:१५

अय्यूब १९:२५-२७

ग. चुनौति : याकूबले लेख्नु भयो कि "प्रभुको अभिप्राय देखेका छौ, कि प्रभु कस्तो करुणामय र कृपालु हुनुहुन्छ" । अय्यूब ४२:छ मा अय्यूबले पाएको सबैभन्दा ठूलो अशिस के थियो ? अय्यूब ४२:१०-१७ ले कसरी परमेश्वरले अय्यूबको अध्यवसाथलाई इनाम दिनु भयो भनेको छ ? (छोटकरीमा लेख्नुहोस्) ।

४. क. हामीले साँचो बोलिरहेको छौ भनि अरुलाई विश्वास दिलाउन के गर्नु हुँदैन ? (याकूब ५:१२)

ख. मत्ती ५:३४-३७ मा येशूका वचनहरूले यसलाई कसरी प्रतिध्वनी गर्छ ?

५. व्यक्तिगत : याकूबले भ्रूटो सपथ र भाकलका विरुद्धमा सबै भन्दा माथि यो इश्वरियताको निम्ती कति महत्वपूर्ण छ भनेर देखाउँदै उहाँको शिक्षाको भूमिका दिनुभयो । खीष्टयन यस्तो व्यक्ति हुनुपर्छ जसका वचन सधै भरोसा राख्न सकियोस् । के तपाई सधै सत्य बोल्नु हुन्छ ? तपाईको 'हो' वा 'होइन' दिएपछि के तपाई ठिक कामद्वारा पछ्याउनु हुन्छ ?

## पाँचौ दिन : याकूब ५ पूनर्विचार, १३-१८ पदमा ध्यान दिएर

१. हामीले समस्याको सामना गर्दा के गर्नु पर्छ ? जब हामी खुसी हुन्छौ ? जब कोही विमारी हुन्छ ? (याकूव ५:१३-१६)

२. याकूब ५:१५-१६ मा के विश्वास नियता हामीलाई दिइएको छ ?

३. याकूबले भन्दै हुनुहुन्छ कि कुनै विमारी पापमा दृढताका कारणले हुन सक्छ । १ कोरिन्थी ११:२७-३० मा पातलले यसको बारेमा के शिक्षा दिनु भयो ?

४. क. याकूब ५:१६ ले भन्छ, "धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ ।" तपाई सोच्दै हुनुहोला "तर म धर्मि छैन । १ यूहन्ना ३:२१-२३ मा प्रेरित यूहन्नाले यसको विषयमा के सिकाउनु हुन्छ ? हामी कसरी धार्मिक बन्न सक्छौ ?

ख) रोमी ४:५ ले धर्मि को छ भन्ने बारे के भन्छ ? यी बाइबल पदहरूका आधारमा के तपाईका प्रार्थनाहरू प्रभावशाली छन् ?

५. याकूबले पुरानो करारका धार्मिक मानिस जसका प्रार्थनाहरू शक्तिशाली र प्रभावशाली थिए, के उदाहरण दिनुभयो ? याकूब ५:१७-१८

६. व्यक्तिगत :- के तपाई सबै अवस्थामा प्रार्थना गर्नु हुन्छ ? एक खीष्टियन भएका कारण, तपााईसँग प्रार्थनाद्वारा तपाँईको स्वर्गीय पिता सँग घनिष्ट सम्बन्ध विकास गरिरहने मौका छ । उहाँ तपाईको समस्याहरू र तपाईका आनन्दहरू तपाईको विन्तीहरू र तपाईका प्रशंसाहरू सुन्न चाहनु हुन्छ । तपाईको भलाई हुने सबै कुरा तपाईलाई दिन उहाँ आनन्दीत हुनुहन्छ । (हेर्नुहोस् मत्ती ७:७-११)

## छैटो दिन : याकूब ५ मा पुनर्विचार गर्दै, १९ - २० पदमा ध्यान दिनुहोस् ।

१. याकूब ५: १९- २० ले हामीले के शिक्षा दिन्छ ?

२. याकूबले साँचो विश्वासीको कुरा गरि रहनु भएको हुन सक्छ जो पापपूर्ण नमुना वा विश्वास तिर भौतारिएका थिए तलका पदहरू अनुसार कि कोही सत्यबाट बरालिएर जाला ?

हितोपदेश १९:२०

१ तिमोथी ६:१०

१ तिमोथी ६:२०-२१

३. यदि हामी महसुस गर्छौ कि कोही एक सत्यबाट बरालिएको छ भने हामीलाई तलका पदहरूले के गर्नु भन्छन् ?
मत्ती १८:१५

लूका २२:३२

४. व्यक्तिगत: याकूब ५:१९ मा "वरालिएको मानिस" स्वीकार गरेको खीष्टयन हुन सक्छ, जसको विश्वास इमान्दार छैन तिनीहरू केही समयका निम्ती विश्वासीहरूको संगतिमा थिए होलान तर कहिल्यै पने प्रभुलाई मुक्तिदाताको रूपमा चिनेका छैनन् । के तपाई यस्तो विचार गर्नु हुन्छ कि हर एक व्यक्ति जो तपाईको मण्डलीमा वा बाइबल अध्ययनमा आउँछ उसले प्रभुलाई साच्चै चिनेको छ ? याद गर्नु होस तिनीहरूले खीष्टलाई प्रभु र मुक्तिदाता भनी स्वीकार नगरेको हुन सक्छ र परमेश्वरसँग तिनीहरूलाई साच्चै प्रभुलाई चिन्न मद्दत गर्ने विवेक र बुद्धि माग्नु होस् ।

# याकूब

# पाठ - ८

जीवनको आनन्द
बाइबल अध्ययन

## मुर्ख धनि को न्याय - याकूब ५:१-६

याकूबले आउदै गरेको न्यायको धोषणा गदै शुरुगुर्न भयो जुन खास दर्जाका मानिसहरूको निम्ती तयार पारिएको छ - मुर्ख धनि ।" सुन, तिनीहरूमाथि आइपर्ने कष्टहरूका निम्ति रोओ र विलाप गर" (याकूब ५:१) । उहाँले तिनीहरूलाई "भाइहरू" जस्तै उल्लेख गर्नु भएन न ता उहँले तिनीहरूलाई तिनीहरूका कामवाट पश्चाताप गर्ने आहान दिनु भयो यसकारण यो देखिन्छ कि तिमीहरू विश्वासीहरू थिएनन् ।

बाइबलले धन आफैमा गलत छ भनेको छैन । बरु घरि-घरि घन परमेश्रको आसिष भनिएको छ । उत्पति २४:३५ ले भन्छ ।" उहाँले तिनलाई बगालका बगाल भेडाबाखाहरू र बथानका बथान गाई-गोरुहरू तथा सुनचाँदी, दास-दासी, ऊँटहरू र गधाहरू दिनु भएको छ" (उत्पति २४:३५) । र हितोपदेश १०:२२ ले भन्छ, "परमप्रभुको आशिषले धन सम्पति ल्याउँछ अनि उहाँले त्यसमाथि दु:ख थप्नुहुन्न" (हितोपदेश १०:२२) ।

तैपनि बाइबलले सफा गरको छ कि धनिहरू घरिघरि गरिवहरूलाई दवाएका र समाप्त गर्नमा दोसी छन् । याकूबले तिनीहरूका अपराध लेखेः पहिलो "तिमिहरूका सुनचाँदीमा कस लागेको छ" (याकूब ५:३) । यर्थाथमा तिनीहरूसँग यति धेरै सम्पत्ति थुप्री एको छ कि यो कुहेको र प्रयोग हिन भएको र यो खेर जादै छ । दोस्रो, "जुन खेतालाहरूले तिमीहरूका खेतका बाली काटेका छन्" (याकूब ५:४)। धनिहरूले तिनीहरूका निम्ती मेहनत गर्ने हरूलाई ठगेका छन, र सायद तिनीहरू सोच्छन कि तिनीहरू यस्तै उम्कन सक्नछ् तर " ति बाली काट्नेहरूको पुकार सेनाहरूका परमप्रभुका कानसम्मे पुगेको छ" (याकूब ५:४) । परमेश्वर सर्ब ज्ञानी र सर्ब शक्तिशालि हुनुहुन्छ र उहाँले उहाँका दु:ख भोगीरहको मानिसहरूलाई उहाँकै समयमा स्थापित गर्नुहुन्छ । तेस्रो, "तिमीहरू यस पृथ्वीमा सुख-विलास र मोजमज्जामा मस्त भएर बसेका छौ" (याकूब ५:५) । तिनीहरूले याँहको सवै थोक तिनीहरूलाई दिइएको छ, तिनीहरू जनावर झै आफैलाई पुष्ट्याई राखेका छन तिमीहरूको नारा को वारेमा कत्ति पनि ख्याल गरेका छैनन् बलिका दिन । अन्तमा "तिमीहरूको विरोध नगर्ने धर्मात्मा लाई दोषी ठहराएर तिमीहरूले मारेको छौ" (याकूब ५:६) । सायद याकूबले स्वम् येशू ख्रीष्टको हत्याको विषयमा भन्नु भएको हो (हेर्नुहोस् प्रेरित २: २२- २३, ७:५२) र पछि उहाँका धेरै चेलाहरू जस्तै स्तिफनस (हेर्नुहोस् प्रेरित ६:८, ७:६०) र जेविदि का छोरा याकूब (हेर्नुहोस् प्रेरित १२: १-२) ।

## धैर्यता र दृढता - याकूब ५:७-१०

याकूब अब उहाँका यहूदी विश्वासी पाठकहरूलाई लेख्दै हुनुहन्छ "यसकारण भाइ हो : प्रभुको आगमन नहोउञ्जल धैर्य धारणा गर" (याकूब ५:७) । शब्द "यसपछि" ले सल्लाह दिन्छ कि पाठकहरू ति मुर्ख मानिसहरूको अत्याचारमा थिए भर्खरै पढ १-६ मा उहाँले चेताउनी दिनु भएको थियो । विश्वासीहरू जो अत्याचारमा परेका छन तिनीहरूसंग बरावर हुन कोसिस गर्नु हुदैन, तर धैर्यता साथ प्रभुको आगमनको प्रतिज्ञा गर्नु पर्छ, जब उहाँले सबै कुरा ठिक पार्नु हुन्छ ।

विश्वासीहरू धैर्य धारण गर्ने मात्रै होइन, तर हामी स्थिर पनि हुनु पर्छ (याकूब ५:८) भजनसंग्रह ४०:१-२ मा दायुर्दल यसको सुन्दर तस्वीर दिनु हुन्छ "मैले धैर्यसाथ प्ररमप्रभुको प्रतीक्षा गरे, उहाँले ममाथि दृष्टि गर्नुभयो र मेरो पुकार सुन्नुभयो । उहाँले मलाई सर्वनाशको खाडल र हिले धापबाट निकाल्नुभयो । उहाँले मेरा खुट्टा चट्टानमाथि बसाल्नभयो" (भजनसंग्रह ४०:१-२) । ध्यान दिनुहोस् कि जसरी हामी धैर्यतासाथ कुर्छौ परमेश्वरले नै हामीलाई स्थिर रहन वलियो ठाउँ दिनु हुन्छ उहाँको बलले र उहाँको प्रतिवन्ध द्वारा मात्रै हामीले यसो गर्न सक्छौ ।

कुनै समय विश्वसीहरू अरु विश्वासीहरू द्वारा दु:ख भोग्छन् वा विरक्त हुन्छन । अविश्वासीहरूद्वारा दिएका समस्याहरूमा भन्दा यस्ता अवश्थामा धैर्य गर्न गाह्रो हुनसक्छ । हामी सोच्छौं, "तिनीहरूले जान्नु पर्ने । कसरी तिमीहरू ख्रीष्टियन भएर मसँग यस्तो व्यवहार गर्न सक्छन ? तर याकूब भन्नु हुन्छ । "भाइ हो, एउटाले अर्कोको विरुद्धमा गनगन गर, नत्रता तिमीहरू दोषी ठहरिनेछौ" (याकूब ५:९) । हामीहरू खुल्लमखुल्ला शिकायत गर्ने होइन, नत्र हामीहरू तितोपन वा रिसलाई रक्षा गर्न पर्छ । हाम्रा स्वर्गीय पिताले जान्नु हुन्छ र हाम्रा हृदय र विचारको न्याय गर्नु हुन्छ (हेर्नुहोस् यर्मिया २०:१२) ।

याकूबले दू:खको मुखैमा धैर्यताको अर्को उदाहरण दिनु हुन्छ, पुरानो नियमका अगम वक्ता जस्ले परमेश्वरको नाउँमा बोले । यशुले डाडाँको उपदेशमा त्यही उदाहरण भन्नुहुन्छ "धन्य हौ तिमीहरू, जव मानिसहरूले मेरो खातिर तिमिहरूको निन्दा गर्नेछन र सताउनेछन् तब रमाओ र अत्यन्त खुशी होओ, किनभने स्वर्गमा तिमीहरूको इना ठूलो हुनेछ । किनभने यसरी नै तिमीहरूभन्दा अधिका अगमवक्ताहरूला तिनीहरूले सताएका थिए" (मत्ती ५:१२) । यर्थाथमा, यशुले भन्दै जा भयौ," धिक्कार, तिमीलाई, जब सबै मानिसहरूले तिमीहरूको प्रशंस। गर्नेछन् । किनकी यसरी नै तिनीहरूका पुर्खाहरूले झुटा अंगमवक्ताहरूलाई गर्थे" (लूका ६:२६) । यसकारण यदि हामी साच्चै

येशूलाई पछ्याउदै र उहाँले जे चाहनुहुन्छ सो भन्दै हिंडको छौ भने हाम्रीले दुःखको सामना गर्नुपर्छ । हामीहरूले पृथ्वीको जीवनमा समर्थन पाउदैनौ तर धैर्यता साथ स्वर्गमा पाउने इनामको प्रतिक्षा गर्नुपर्छ ।

अन्त्यमा, याकूबले अय्युवको सवै सम्पतिको नास, छोराछोरीहरूको मृत्यु र स्वस्थको पनि नास र श्रीमतीको विरोध जस्ता डर लाग्दा अवस्थामा पनि अय्यूवको सहनशिलताको उदाहरण दिनुभयो । (हेर्नुहोस् अय्युव (१:१४-१९, २:७-९, १९:१७) अय्युवले उहाँको दुःखको निम्ती परमेश्वरलाई दोष लगाउन इन्कार गर्नुभयो । (हेर्नुहोस अय्युब १:२०-२२), र उहाँले दृढसाथ घोषणा गर्नुभयो । "उहाँले मलाई मार्नु भए तापनि म उहाँमाथि आफ्नो आशा राख्नेछु । म अझै मेरो मामिला उहाँको सामुन्ने पेशगर्न नै छु । सवैभन्दा अन्तिम समयमा उहाँ पृथ्वीमा खडा हुनुहुनेछ । अनि मेरा छाला नाश गरिसकेपछि, मेरा शरीरमै परमेश्वरलाई देख्नेछु । म आफ्नै आँखाले उहाँलाई देख्नेछु आफैले नै देख्नेछु अरु कसैले होइन । मेरो ह्रदय म भित्रै कति लालयत बन्छ ।" अय्युव १३:१५, १९:२५,-२७ मानवतामा बोल्दा, हामीहरू दुःखमा धैर्यगर्न र सुरक्षीत रहन वा रिसबाट अलग रहन सक्दैनौं जब कसैले हामीलाई नराम्रो व्यवहार गर्छ । तर हामी विश्वासी भएका कारण हामीलाई पवित्र आत्माको वरदान दिइएको छ । गलती ५:२२ ले भन्छ कि पवित्र आत्माले उत्पन्न गराउने फलहरूमध्ये एक धैर्यता हो । जसरी पावलले त्यही पाठमा लेख्नु भएको छ "हामी पवित्र आत्माद्वारा जिउँछौ भने आत्माकै अनुसार हिंडौ" (गलती ५:२५) । प्रभुसँग समय विताएर, उहाँको वचन बढ्दे, उहाँको इच्छा जान्ने कोसिस र प्रार्थनाले तपाईलाई आत्मा सँगै-सँगै रहन मद्धत गर्छ, धैर्यता र सहनशिलताका फलहरूलाई तपाईको जिवनमा बढ्न दिन्छ ।

## झुटा शपथ र किरियाहरू-याकूब ५:१२

याकूबले उहाँको शिक्षाको भुमिका इश्वरीय जीवनका निम्ती यो कति महत्वपूर्ण छ भन्ने कुरा देखाउदै 'सवै भन्दा पहिला' झुटा शपथहरू र किरियाहरूको विरोध गर्नु भयो । खीष्टयन यस्तो व्यक्ति हुनुपर्छ जसका शब्दहरूमा सधै भरोषा गर्न सकिन्छ । "तर दोषी नठहरिनलाई तिमीहरूको "हो"-चाहिँ "हो" र "होइन्" चाहिँ "होइन" होस्" (याकूब १५:१२) । यस शिक्षाले मत्ती ५:३३-३७ मा भएका खीष्टका आफ्नै शब्दहरूलाई प्रतिध्वनि गर्छ ।

याकूब ५:१२ श्राप दिनु वा गवाँरपनको प्रयोगको विरुद्धमा चेतउनी होइन, तैपनि ति कुराहरूले प्रभुलाई खुसी तुल्यादैनन । यो बाहेक याकूबले यहाँ आफुले बोलेको कुराहरूलाई पक्का हुन वा प्रतिज्ञा पुरा गरिने छ भन्ने देखाउन प्रयोग गरिएका (शपद) किरियाको विरुद्धमा चेताउनी दिनु भएको हो । विधिसँगत सत्यनिष्ट शपथ जस्तै कानुन न्यायलयमा वा विवाह विधिमा बोलेका शब्दहरू निरुपयोगी ठहरिदैनन् । यर्थाथमा झुटा शपथ र किरियाहरूको निरोधले साँचो र इश्वरीय शपथ र किरियाहरूलाई वढि इज्जत र पक्का गर्दछ ।

## हरसमयमा प्रार्थना गर- याकूब ५:१३-१८

कुनै पनि अवस्था प्रति खीष्टयनहरूको पहिलो प्रतिक्रिया प्रार्थना हुनपर्छ, याकूबले लेख्नु हुन्छ, जब हामी समस्यामा पर्छौ- प्रार्थना गरौं, जव हामी खुसी हुन्छौ प्रशंसाको गीत गाऔ, प्रार्थना अर्को रुप, जव हामी विरामी हुन्छौ मण्डलीका एल्डरहरूलाई हाम्रो निम्ती प्रार्थना गरी दिन बोलाऔ । परमेश्वर हाम्रा कुरा सुन्न चाहनु हुन्छ, र परमेश्वरसँग प्रार्थनामा जाँदा हामीलाई ति आवस्थाहरूमा धैर्यसँग र आनन्दसँग सामना गर्ने मदत मिल्छ ।

याकूबले विरामी समयमा गर्ने प्रार्थनाको विषयमा पुरै निर्देशन दिनु भएको छ, "के तिमीहरूमध्ये कोही बिरामी छ ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस । तिनीहरूको प्रभुको नाउँमा त्यसलाई तेल अभिषेक गरेर त्यसको निम्ती प्रार्थना गरुन, र विश्वासको प्रार्थनाले विरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ । यसकारण तिमीहरू एउटाले अर्कोसँग आ-आफ्ना पाप स्वीकार गर तिमीहरू निको हुनलाई एउटाले अर्कोको निम्ती प्रार्थना गर धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ" (याकूब ५:१४-१६) ।

आज हामी, तिनीहरू जो मण्डलीका गोठाला हुन र परमेश्वरको मण्डलीको वास्ता गर्ने बोलाइएकाहरूलाई धेरै नामहरू प्रयोग गर्छौ : एल्डर, निरिक्षक, विशप, पास्टर, डिकन, थौरै लाई । तिनीहरूका उपनाम (Title) भए पनि, याकूबले भन्नुहुन्छ विश्वासीहरू जब विरामी हुन्छन एक ले अर्कोको निम्ती प्रार्थना गर्नु पर्छ केही विद्वान मानिसहरू विश्वास गर्दछन की याकूबले विरामीलाई तेलले अभिषेक गर्नु एक औषधी प्रक्रिया जस्तै, जसरी तेल एक प्रसिद्ध पुरानो औषधी थियो भन्ने देखाउनु भयो। अरुहरूले तेललाई विश्वासमा बढाइ परमेश्वरद्वारा चंगाइ ल्याउने एक बाहिरी चिन्ह जस्तै मान्छन् ।[1]

याकूबले भन्दै जान्नु हुन्छ की कुनै विरामी पापको कारणले पनि हुन्छ । यसकारण हामीहरूले चङगाइ पाउनका लागि एक अर्कासँग पाप स्वीकार गर्नुपर्छ र एक अर्काको निम्ती प्रार्थना गर्नुपर्छ । तर सवै विरामीहरू पापद्वारा हुन्छन भन्ने गलत विश्वास हामीले गर्नु हुदैन । हामी युहन्ना ९:१३ मा पढछौ, "त्यहाँबाट जाँदैगर्दा येशूले एक जना जन्मैको अन्धालाई देख्नु भयो । उहाँका चेलाहरूको उहाँलाई सोधे, "रब्बी, कसले पाप गऱ्यो, यसले की यसका आमा- बाबुले र यो अन्धो जन्म्यो ?" येशूले जवाफ दिनु भयो, "नता यसले पाप गऱ्यो न यसका आमा-बाबुले, तर यो यस हेतुले भयो कि परमेश्वरको काम यस मानिसको जीवनमा प्रकट होस्" युहन्ना ९:१-३ ।

याकूब ५:१६ निस्कर्ष गर्छ, "तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर । धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ । के तपाईलाई यो जान्नु मन पर्छ कि तपाइका प्रार्थना शक्तिशाली र प्रभावशाली छन् ? तैपनि बाइवलले हामीलाई भन्छ, "जसो लेखिएको छ, धर्मी कोही छैन, एक जना पनि छैन ।" रोमी ३:१० हामी कसरी धर्मी हुन सक्छौ त ? परमेश्वरका पुत्र येशू खीष्टमा विश्वास गरेर (हेर्नुहोस् १३:२१-२३) ।

याकूबले पुरानो नियमको एक मानिसको उदाहरण दिनु भयो जसका प्रार्थना शक्तिशाली र प्रभावशाली थिए- अगमवक्ता एलियाले परमेश्वरको निर्देशनमा राजा आहावलाई भन्नु भयो " परमप्रभु इस्राएलका परमेश्वर जसको सेवा म गर्दछु, उहाँको जीवीत नाउँमा शपथ खाएर म भन्दछु, की मेरो वचनविना आगामी केही बर्षहरूभरि नता शीत पर्नेछ न केही पानी पर्नेछ" (१ राजा १७:१) । तिन वर्ष पछि परमेश्वरले उहाँलाई भन्नुभयो, "गएर आहाबकहाँ त आफै उपस्थित हो, र म

1. *The NIV Study Bible.*

देशमा वृष्टि पठाउनेछु" (१ राजा १८:१)। परमेश्वरले एलियालाई शक्तिशाली रुपमा चलाउनु भयो, तैपनि एलिया तपाई र म जस्तै मानिस थिए। कुनै समयमा उनी एकदमै डराएका थिए तर परमेश्वरले उनीलाई उनको खाँचोमा भेटनुभयो र उहाँलाई शक्ति दिनुभयो (हेर्नुहोस् १ राजा १९)। हाम्रा प्रार्थनाहरू प्रभावशाली हाम्रो आफ्नो शक्ति र साहसले होइन। परमेश्वरको शक्ति जो हामीद्वारा काम गर्नुहुन्छ उहाँको शक्ति र बलले गर्दा हाम्रा प्रार्थनाहरू शक्तिशाली र प्रभावशाली हुन्छन। उहाँले हामीलाई बनाउनु भएको हो र उहाँ हाम्रा कमजोरी जान्नु हुन्छ र यदि हामी उहाँलाई माग्यो भने उहाँ हामीद्वारा काम गर्नु प्रसन्न हुनुहुन्छ।

## पापीलाई फिर्ता ल्याऊ - याकूब ५:१९-२०

याकूबले आफ्ना पाठकहरूका निम्ती अन्तीम विचार शुरु हुन्छ "मेरा भाई हो यदि तिमीहरूमध्ये कोही सत्यबाट बरालिएर जाँदा कसैले त्यसलाई फिराएर ल्यायो भने" (याकूब ५:१९)। खीष्टयनहरू को संगतीको हरक व्यक्तिले संगतीमा रहेको हरेक अर्को विश्वासीको आत्मीक बढाइको वारेमा वास्ता गर्नु पर्छ। भेडाहरूलाई ठिक संग राख्ने पाष्टर वा एल्डरको काम मात्र होइन। पावलले लेख्नु भयो "यसकारण एउटाले अर्कालाई प्रोत्साहन देओ र एउटाले अर्कालाई दरिलो पार्ने काम गर जस्तै तिमीहरू गर्दै पनि छौ। भाइ हो हामी तिमीहरूलाई अर्ति दिन्छौ कि अल्छिहरूलाइ चेताउनी देओ। हरेस खानेहरू लाई दिलासा देओ। कमजोरीहरूलाई मदत गर ती सबैसँग सहनशीलता देखाओ।" (१ थोसलोनिक ५:११-१४) याकूबले निरन्तर दिनु भयो" त्यसले जानोस् कि जसले एक जना पापीलाई त्यसको कुमार्गबाट फिराएर ल्याँउछ मृत्युवाट बचाउनेछ, र असंख्य पापलाई ढाक्नेछ" याकूब ५:२०।

कसैले विश्वास गर्दछन कि 'वरालिएका' साँचो विश्वासी हुन सक्छ जो पाप जीवन वा विश्वास तिर लागेका थिए र पावलेले तिमोथीलाई चेतावनी दिनु भयो कि कोही मानिस विश्वास बाट बरालीएर जान सक्छन तिनीहरूको पैसा पाउने इच्छा को कारणले (हेर्नुहोस, १ तिमोथी ६:१०) र अरुहरू" जे तिमीलाई सुम्पिएको छ यो सुरक्षित राख। भक्तिहीन गनथन र खण्डनहरू, जो झुटो ज्ञान हो।" (१ तिमोथी ६:२०), द्वारा सफल भएका कारणले यस्ता खालका बरालिएका हरूलाई तिनीहरूका गल्तीबाट फिर्ता ल्याउनु तिनीहरूलाई आत्मीक मृत्युबाट बचाउने होइन तर तिनीहरूलाई शारिरीक विरामी र मृत्यु बाट बयाउन सकिन्छ जुन तिनीहरूका पापका कारणले हुन सक्छ, (हेर्नुहोस, १ कोरिन्थी ११:२७-३०)

याकूब ५:१९ मा बरालिएकाहरू घोषित खीष्टयनहरू हुन जसको विश्वास इमान्दार छैन। तिनीहरू केही समयको निम्ती विश्वासी हरूको संगतिमा थिए, तर तिनीहरू कहिल्यै पनि प्रभुलाई मुक्तीदाताको रुपमा चिनेका छैनन्। यस्ता बरालिएका हरूलाई येशू खीष्टमा साँचो विश्वासमा ल्याउनु, पापको पुरै क्षमासँग, आत्मीक मृत्युवाट मुक्ति हो।

यदि तपाई कसैलाई सत्यबाट बरालिएको देख्नु भयो र परमेश्वरसँग तिनीहरूलाई साँचो रुपमा प्रभुलाई चिन्न मदत गर्न समझ र बुद्धीको निम्ती प्रार्थना गर्नुहोस। यस्तो विचार नगर्नु कि कोही व्यक्ति लामो समय सम्म मण्डली आयो भन्दैनामा जीवन भरि आउँदैमा तिनीहरूले येशू खीष्ट लाई चिनेका छन्। परमेश्वरले तपाईलाई अरु कसैलाई साँचो जीवनको बाटो देखाउने मौका दिनुभएको मा परमेश्वरालाई धन्यवाद दिनु होस्।

ब

रोनाल्डद्वारा

को कितावले शक्तिले पुर्ण, असल काम र विश्वास को चरित्र भएको ख्रीष्टयन धर्ममा जोड दिएर
न बारम्वार हाम्रो जीवनशैली द्धारा देखाइन्छ । बाइबलमा भएका सबै पत्रहरु भन्दा यो ब
रिक छ । हामीले विश्वास मात्रै गर्ने होइन तर यसलाई जीउनु पर्छ ।

**को आनन्द**को पाठहरु दुवै **प्रत्यक्ष र अप्रत्यक्ष** शिक्षाका निम्ती साथै **व्यक्तिगत अध्यय**
म्ती उपयुक्त छन् । हरएक पाठमा, अगुवा हरुलाई परमेश्वरको वचनमा नयाँ भित्री पाठ आविस्क
टिप्पणी र हप्ता भरिका निम्ती व्यत्तिगत प्रयोग र अध्ययनका प्रश्नहरु छन्

**रोनाल्ड** संस्थापक डोरिस ग्रेइगकी छोरी, १९८० देखि **जीवनको आनन्द**का अध्यनहरुक
ा रहनु भएको छ । वेष्टमोन्ट कलेजबाट दिक्षान्त गर्नु भएकी ले धेरै जीवनको आनन्द सम्पाद
एको छ । उहाँ भजनसंग्रहको विश्वासका निम्ती दैनिक अध्ययनका प्रश्नहरुका सहलेख
क अध्ययनका प्रश्नहरु, उपदेशक र प्रस्थान : भिश्र देखि प्रतिज्ञाको देश सम्म कि लेखक
, दानिएल, योना, फिलिप्पी र कलस्सी र १ थेसलोनिकी हरुलाई शंशोधन र पुर्नलेखन ग
थियो ।

**को आनन्द**ले संसार भरिनै रहेका व्यक्तिहरुलाई ठिक शिक्षामा, परमेश्वरको वचनक
भूत अध्ययनमा ३५ वर्ष देखि बाइवललाई प्रभावशाली रुपमा स्थापना गर्दै आएको छ

**ालिकल र नन्डिनोमीनेसनलहरुले** जीबनको आनन्दले सप्रदाय र सस्कृति का बाधाह
अगाडी गएर परमेश्वरको प्रेरणा भएको वचनको साधारण शुरुको सत्यतालाई जीवन सम
छ ।

**र नयाँ नियमका धेरै पुस्तकहरुमा यी पाठहरु पाइन्छन् ।** थुप्रै विदेशी भाषाहरुमा पा
ानिएका पाठहरु छन् ।

**को आनन्द** बाइबल अध्ययन डोरीस डब्लु ग्रेइद्वारा १९७१ मा संशोधित भएको ह
दै गएर युनियनका सबै राष्ट्रहरुमा र अरु थुप्रै विदेशी देशहरुमा पनि पढाइन्छ

**जानकारी**को निम्ति जीवनको आनन्दमा सर्म्पक राख्नुहोला ।

Printed in U.S.A.
NEPJAMESBND
James—Arabic Translation